# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८०

## Disaster and Climate Resilience Plan, 2023

तथा

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०

## Disaster Preparedness and Response Plan, 2023




**फुङलिङ नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**कोशी प्रदेश**

**ताप्लेजुङ**




दस्तावेजः विपद् तथा जलवायु उत्थानशील योजना २०८०, फुङलिङ नगरपालिका, ताप्लेजुङ

निर्माण निर्देशिकाः स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, मस्यौदाको रूपमा रहेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७८ र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८ ।

सर्वाधिकारः फुङलिङ नगरपालिका, कोशी प्रदेश, ताप्लेजुङ ।

परामर्शकर्ताः हाम्रो कन्सल्टेन्सी सेवा फिदिम २, पाँचथर

लेखन तथा सम्पादनः श्री यश प्रसाद सुब्वा, कृष्ण प्रसाद घिमिरे, सुरेश थापा,

योजना तयारीः यो योजना तर्जुमाका लागि स्थानीय विपद् व्यवस्थापन समिति, फुङलिङ नगरपालिकाको नेतृत्वमा नगरपालिकाका अन्य शाखा र सरोकारवालाहरूसँग समन्वय गरी कार्य सञ्चालन गरिएको छ। सम्बन्धित वडाको नेतृत्वमा नगरपालिकाका सबै वडाहरूमा वडा भेला गरी छलफल तथा लेखाजोखाबाट प्राप्त सूचना तथा जानकारीहरू र द्वित्तिय स्रोतबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणका आधारमा नगरपालिकाको विपद् विश्लेषण गरिएको छ। यो योजना नगरपालिकाका विषयगत शाखाहरू, वडा कार्यालयहरू, समुदायमा आधारित संस्थाहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्र समेतको संलग्नतामा हाम्रो कन्सल्टेन्सी सेवा पाँचथरको प्राविधिक सहयोगमा तयार गरिएको छ।

# फुङलिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ताप्लेजुङ, कोशी प्रदेश, नेपाल

## मन्तव्य



नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ, असिना, खडेरी, हिमताल बिष्फोट तथा हिमपहिरो जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । साथै जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको विद्यमान तथ्याङ्कले देखाएको छ। कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ जिल्लामा अवस्थित ११ वटा वडा रहेको फुङलिङ नगरपालिका बाढी, पहिरो, सुख्खा खडेरी, वन्यजन्तु आतङ्क, महामारी, सडक दुर्घटना, प्रदूषण, आगलागी, भूकम्प, हावाहुरी, असिना, सर्पदंश तथा जलवायुजन्य अन्य प्रकोपको उच्च जोखिममा रहेको छ । विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समितिहरू समेत गठन गरी विपद् जोखिम न्यूनीकरणका प्रयासहरू भइरहेका छन्।

फुङलिङ नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संसोधन २०७५), स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८ र नगरपालिकाले तर्जुमा गरेको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ ले तोकेको काम, कर्तब्य र अधिकार अनुरूप सबै वडामा वडास्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण पछि तर्जुमा भएको छ। यस योजनाको कार्यान्वयन, नगरपालिकाका सम्बन्धित विकास समिति र शाखाहरूको अगुवाइमा कार्यान्वयन हुने गरी तयार गरिएको छ। साथै छिमेकी पालिकाहरू, जिल्लास्थित विषयगत कार्यालयहरू, प्रदेश सरकार, सङ्घीय सरकार, दातृ निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु। यसका साथै यस नगरपालिकामा कार्यरत सबै साझेदार निकायलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विकासका विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूलप्रवाहीकरण गरिदिनुहुन आग्रह समेत गर्दछु।

यस योजना तर्जुमाका लागि नगरपालिकाको तर्फवाट अग्रभागमा रहेर समन्वय र सहजीकरणको महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने वडा नं २ का वडा अध्यक्ष तथा वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री मोहन न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत श्री त्रिलोचन रिमाल र विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको काममा प्रतिवद्ध हुँदै योजना निर्माणमा भूमिका निर्वाह गर्ने सम्पूर्ण विषयगत समिति र शाखाका प्रतिनिधिहरू, योजना निर्माणको लागि विज्ञको रूपमा सहजीकरणको भूमिकामा रहनु भएका हाम्रो कन्सल्टेन्सी सेवा पाँचथरको तर्फबाट रहनु भएका विपद् विज्ञहरु, योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्नुहुने नगरपालिका स्तरीय विपद व्यवस्थापन समिति, बौद्धिक समुदाय तथा सरोकारवाला निकायहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा, यहाँहरू सबैको साथ र सहयोगले फुङलिङ नगरपालिकालाई विपद् उत्थानशील र विपद्को समयमा प्रभावकारी प्रतिकार्य गर्न सक्ने नगरपालिकाका रूपमा विकास गर्न सम्बद्ध सबैबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु।

२०८० असार

**(अमिर मादेन)**
नगर प्रमुख
फुङलिङ नगरपालिका, ताप्लेजुङ

# फुङलिङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुङलिङ, ताप्लेजुङ

कोशी, नेपाल

**मन्तव्य**



फुङलिङ नगरपालिकाको विद्यमान विपदको जोखिमलाई ब्यवस्थित रूपमा सम्वोधन गर्न नगरपालिकाले विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी काम गर्ने जमर्को गरेको छ। नेपालको संविधान, नेपालमा भएका विद्यमान कानून, नीति, रणनीतिक कार्ययोजना तथा निर्देशिका वमोजिमको यो कार्यले जनताको जीउधन रक्षा गर्ने कार्यमा त सहयोगी हुन्छ नै, साथै यसले दीगो विकास लक्ष हासिल गर्न पनि सहयोगी भूमिका खेल्नेछ। फुङलिङ नगरपालिकालाई विपद् उत्थानशील नगरपालिकाको रुपमा विकास गर्न यहाँका नागरिकहरूको दक्षता तथा क्षमता अभिवृद्धि गरी सामाजिक तथा आर्थिक विकासका नयाँ अवसरहरू सिर्जना गरेर जनसहभागिता तथा विपद् सुरक्षामा आधारित द्रूत तथा दिगो विकासका माध्यमले नागरिकको गुणस्तरीय जीवन सुनिश्चितत गर्न यो योजना सहयोगी वन्नेछ।

नेपालको सविधानले निर्दिष्ट गरेका व्यवस्थाको सदुपयोग गर्दै, स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको समुचित व्यवस्थापन र सदुपयोग गरी समुदायमा आधारित संघसंस्थाहरू, गैरसरकारी संघसंस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, निजी क्षेत्र, विकास समझेदारहरू, छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गर्दै फुङलिङ नगरपालिकाको सुन्दर भविष्यको सुनिश्चत गर्न दृढ अठोटका साथ ब्यवस्थित योजनाहरू सञ्चालन गर्न यो योजनाले महत्वपूर्ण योगदान गर्नेछ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको स्थानीय सरकार र स्थानीय विकासका लागि रहेको यसको महत्वपूर्ण भूमिकालाई हृदयङ्गम गरी नगरपालिका क्षेत्रमा विपद् व्यवस्थापन गर्न यो योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

यसका लागि फुङलिङ नगरपालिकाका ११ वटै वडाका वडा अध्यक्षज्यूहरू, सदस्यज्यूहरु एवं कार्यपालिका सदस्यज्यूहरू, नगरपालिका र वडाका कर्मचारीहरू, सहयोग र सुझाव उपलब्ध गराउनु हुने सरोकारवाला, समुदाय तथा योजना निर्माणको लागि प्राविधिक सहयोग गर्ने विज्ञहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। नगरपालिकाले परिकल्पना गरेको विपद् तथा जलवायु उत्थानशीलताको लक्ष्यलाई उचाइमा पुर्याउन यस योजनाले थप सहज हुने मलाई पूर्ण आशा र विश्वास छ। यस योजनाले भविष्यमा प्रकृति, प्रवृति र विपत्तिको त्रिकोणीय संयोजनात्मक विकास गर्दै दिगो विकासका लागि प्रकृति संरक्षण, विपद् व्यवस्थापन र वातावरण सन्तुलनका माध्यमबाट दिगो विकासको दिशामा सवल, सफल र सक्षम नगरपालिकाको रुपमा स्थापित गराउन सहयोग पुर्याउनेछ। पुनः यस कार्यमा सहयोगी मन तथा क्रियाशील सबै महानुभावप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु।

२०८० असार

(भिमा देवी ओझा)
नगर उपप्रमुख
फुङलिङ नगरपालिका, ताप्लेजुङ

# फुङलिङ नगरपालिका

## वन वातावरण तथा विपद व्यवस्थापन समिति

फुङलिङ, ताप्लेजुङ
कोशी, नेपाल

**मन्तव्य**



नेपाल बाढी पहिरो ,आगलागी, भुकम्प, हावाहुरी महामारी शीतलहर जस्ता प्राकृतिक प्रकोपबाट प्रत्येक बर्ष थुप्रै जनधनको क्षति हुने गरेको छ । यसका साथै नेपालको पुर्वदेखि पश्चिमसम्मको सवैजसो भुभाग भुकम्पीय प्रकोपको दृष्टिकोणले संवेदनशील क्षेत्रमा पर्दछ जस अनुरुप नेपालले विगतमा ठुलाठुला भुकम्पीय विपदको सामना समेत गरी सकेको छ । यी विभिन्न प्रकोप सम्भावित घटनालाई कतिपय अवस्थामा संरचनात्मक र गैरसंरचनात्मक उपायहरुद्वारा जोखिम न्यूनीकरण गर्न सकिन्छ भने कतिपय अवस्थामा यसको सामनाको विकल्प हुदैन । यसप्रकारको जोखिम न्यूनीकरण गर्न नसकिने सम्भावित विपद्को प्रभावकारी प्रतिकार्य गरी जनधनको क्षती न्यूनीकरण गर्न सकिन्छ । त्यसैले शिघ्र पुनर्लाभ हासिल गर्नका लागि व्यवस्थित पूर्वतयारीको ठुलो महत्व रहन्छ । यसै वास्तविकतालाई मनन् गदै नेपालको संघीय संरचना अनुसार संघ ,प्रदेश ,जिल्ला र स्थानीय तहहरुसम्म विपद् पूर्वतयारी योजना तर्जुमा गर्ने कार्य विगत देखि नै शुरु गरीएको छ । यसै प्रयासको फुङलिङ नगरपालिका **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८०** -**Local Disaster and Climate Resilience Plan (LDCRP)** र **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०** -**Disaster Preparedness and Response Plan(DPRP) तयार भएकोमा** मलाई खुसी लागेको छ । यस योजना तर्जुमा सक्रिय नेतृत्व लिई सहयोग पुयाउने फुङलिङ नगरपालिकाका नगरप्रमुख, उप-प्रमुख, वडा अध्यक्षहरु, विषयगत समितिका संयोजक तथा सदस्यहरु, कार्यपालिका सदस्यहरु, कर्मचारी, राजनैतिक दल, नागरिक समाज, र स्थानीय समुदाय प्रति हार्दिक आभार ब्यक्त गर्दछु । यो योजना कार्यन्वयन गर्ने क्रममा फुङलिङ नगरपालिकाको नगरवासीहरुमा विपद्को सामना गर्ने क्षमतामा अभिवृद्धि भै विपदबाट हुनसक्ने जनधनको क्षति न्युन गर्ने काममा सफलता मिल्नेछ भन्ने आशा व्यक्त गर्दछु । अन्तमा यस कार्यमा प्राविधिक सहयोगका लागि हाम्रो कन्सल्टेन्सी सेवाबाट विज्ञको रुपमा संलग्न रहनु भएका श्री यश प्रसाद सुब्बा, कृष्ण घिमिरे र सुरेश थापालाई धेरै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ॥

२०८० असार

(**मोहन न्यौपाने** )
संयोजक
**वन वातावरण तथा विपद व्यवस्थापन समिति**
फुङलिङ नगरपालिका, ताप्लेजुङ

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ताप्लेजुङ

Website: daotaplejung.moha.gov.np
E-mail - taplejungprashasan@gmail.com

प.सं. ०८०/०८१

चनं.:

## मन्तव्य



ताप्लेजुङ जिल्लामा प्रकोपबाट प्रभावित मानिसको सङ्ख्या दिनानुदिन बृद्धि भैरहेको भन्ने कुरा विभिन्न तथ्याङ्कहरूबाट पुष्टि हुने गरेका छन् । विपद् व्यवस्थापनको सन्दर्भमा उद्धार र राहतका कार्यमा जोड दिँदै आइरहेको प्ररिप्रेक्ष्यमा यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले नयाँ आयाम थपे जस्तो मलाई लगेको छ ।

नगरस्तरमा योजनाबद्ध रुपमा विपद् व्यवस्थापनका क्रियकलापहरू सञ्चालन हुँदै गएमा अवश्य पनि विपद्का कारण हुने धनजनको क्षति र विपद्पश्चात उद्धार र राहतमा गरिने खर्च उलेक्ष्य रुपमा कम हुन्छ । विपद् एक जटिल विषय हो र यसको व्यवस्थापनका लागि विभिन्न निकायहरूसँग समन्वय अपरिहार्य छ । यो योजनाले नगरस्तरमा कार्यरत विभिन्न निकायसँगको सहयोगलाई पनि समेट्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न एकीकृत अवधारणलाई प्रष्ट पारेको छ । यो योजना अनुरुप कार्यक्रम सञ्चालन गर्न सम्बन्धित नगर तथा वडाहरूलाई आवश्यकता अनुसार विपद व्यवस्थापन हुन सहयोग मिल्ने अपेक्षा गर्दछु ।

विपद्को अत्यधिक प्रभाव विकासको प्रतिफलबाट बञ्चित तथा सिमान्तीकृत वर्ग, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र समुदायमा पर्ने हुन्छ । विशेषगरी, सङ्कटासन्न समुदायलाई निर्णायक भूमिकामा आबद्ध गरेर विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण गर्दै जोखिमसँग जुध्न सक्ने क्षमता अभिवृद्धि गर्ने कायक्रमहरू पनि प्रस्तुत योजनामा समावेश भएको छ ।फुङलिङ नगरपालिकालाई सम्पूर्ण सरोकारवालाहरुको समेत सहभागितामा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरेकोमा हार्दिक बधाई र धन्यवाद दिंदै योजनाको सफल कार्यान्वयनका लागि शुभकामना दिन चाहान्छु ।

मिति: २०८०/०४/०९

गोमादेवी चेम्जोङ
संयोजक
जिल्ला विपद व्यस्थापन समिति, ताप्लेजुङ
एवं
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ

# फुङलिङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुङलिङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

## दुई शब्द



विपद् र जलवायु परिवर्तनका असरहरुबाट फुङलिङ नगरपालिका पनि अछुतो छैन। वर्षेनी अनियमित वर्षा, खडेरी, बाढी, पहिरो, कृषिमा रोगकिराको महामारी, हावाहुरी, असिना आदि खेपिरहेका यस नगरपालिकाका बासिन्दालाई २०४५ र २०७२ सालको भूकम्प, २०७४, २०७८ र २०८० सालको बाढीपहिरोले अझ बढी प्रताडित बनाएको छ। बहुविपद्का कारण गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरूमा प्रत्यक्ष असर पारिरहेको छ। महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्तिहरूलाई यी समस्याले अझ बढी प्रभावित पार्दछ। विपद् तथा जलवायु परिवर्तनका यिनै समस्याहरूसँग जुझ्दै फुङलिङ नगरपालिकालाई विपद् उत्थानशील नगरपालिकाको रुपमा विकास गर्ने परिकल्पना सहित विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनको थालनी गरिएको छ।

नेपालको संविधानविपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ,२०७४ स्थानीय सरकार सञ्चालन ऐन , २०७४ (संसोधन २०७५  विपद जोखिम न्यूनीकरण राष्ट्रिय,(रणनीतिक कार्ययोजना (२०१८२०३०-) ,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको स्थानीय तहको विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिकालाई समेत आधार मानेर स्थानीय समुदाय र सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरी योजना निर्माण गरिएको छ। नेपालको राज्य व्यवस्थाको पुनसंरचनाको लागि लामो समयसम्म जनताले गरेको विभिन्न प्रकारका आन्दोलन र संघर्षको प्रतिफल स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले निर्दिष्ट गरेको महत्वपूर्ण भूमिकालाई हृदयङ्गम गरी फुङलिङ नगरपालिकाले निर्माण गरेका विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्यमा सम्बद्ध सरोकारवालाहरु र समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।
जनप्रतिनिधिहरूको उपस्थिति पछि स्थानीय सरकारसँग स्थानीय जनता एवं सबै सरोकारवालाहरूको चासो र अपेक्षा बढी छ। यस सन्दर्भमा नियमित सेवा प्रवाहका अतिरिक्त नगरपालिका तथा वडाका कार्यक्रमहरूलाई स्थानीय समुदाय र खासगरी सङ्कटासन्न क्षेत्र, वर्ग तथा समुदायले विशेष लाभ लिन सक्ने गरी योजनाबद्ध रुपमा काम अघि बढाएर यस नगरपालिकालाई विपद् एवं जलवायु उत्थानशील नगरपालिकाको रुपमा विकास गर्न यो योजना सहयोगी वन्नेछ भन्ने अपेक्षा गरेका छु। तसर्थ यस योजना मार्फत अगाडी सारिएका क्रियाकलापहरूलाई नगरपालिका एवं वडाहरूका वार्षिक योजनाहरूमा समायोजन गर्दै कार्यान्वयन गर्न नगरपालिका सदैव तत्पर रहने विश्वाश समेत दिलाउन चाहन्छु। योजना निर्माणको कार्यलाई अन्तिम चरणमा पुर्याउन सहयोग गर्ने वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक, विपद् व्यवस्थापन शाखाका प्रमुख तथा विज्ञको रूपमा सहजीकरण गर्नुहुने हाम्रो कन्सल्टेन्सी सेवा पाँचथरको तर्फबाट रहनु भएका विपद् विज्ञहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु। यस योजनाको प्रभावकारी कार्यान्वयनको लागी सरोकारवाला तथा सम्बन्धित  निकायहरू संग सहयोग तथा सहकार्यको अपेक्षा गर्दछु । धन्यवाद ।

२०८० असार

**(तिलोचन रिमाल)**
प्रमुख प्रशासकीय अधिकृत
फुङलिङ नगरपालिका

# Abbreviation

| Short Form | Full Form | Nepali |
|---|---|---|
| CCA | Climate Change Adaptation | जलवायू परिवर्तन अनुकुलन |
| CCCM | Camp Coordination and Camp Management | क्याम्प समन्वय तथा व्यवस्थापन |
| CDCRP | Community Disaster and Climate Resilience Plan | सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना |
| CDPRC | Community Disaster Preparedness and Response Committee | सामुदायिक विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति |
| DDMC | District Disaster Management Committee | जिल्ला विपद् व्यवस्थापन समिति |
| DDMP | District Disaster Management Plan | जिल्ला विपद् व्यवस्थापन योजना |
| DEOC | District Emergency Operation Centre | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| DPRP | Disaster Preparedness and Response Plan | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना |
| DRRMA | Disaster Risk Reduction and Management Act 2018 | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ |
| DRRMEC | Disaster Risk Reduction and Management Executive Committee | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति |
| DRRMNC | Disaster Risk Reduction and Management National Counsil | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् |
| DTO | District Technical Office | जिल्ला प्राविधिक कार्यालय |
| DUDBC | Department of Urban Development and Building Construction | शहरी विकास तथा भवन निर्माण विभाग |
| FCHV | Female Community Health Volunteer | समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयमसेविका |
| GBV | Gender Based Violence | लैंगिकमा आधारित हिंसा |
| HFA | Hygo Framework Approach | ह्योगो कार्यसंरचना |
| IEC | Information, Education and communication | सूचना, शिक्षा र सञ्चार |
| IRA | Initial Rapid Assessment | प्रारम्भिक द्रुत लेखाजोखा |
| LEOC | Local Emergency Operation Centre | स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| LDCRP | Local Disaster and Climate Resilience Plan | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| LDMC | Local Disaster Management Committee | स्थानीय विपद् व्यवस्थापन समिति |
| NCRA | Natural Calamity Relief Act 2039 | दैवी प्रकोप उद्धार ऐन २०३९ |
| NDRF | National Disaster Response Framework | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा |
| NDRRMA | National Disaster Risk Reduction and Management Authority | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| NEOC | National Emergency Operation Centre | राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| NEWS | National Early Warning System | राष्ट्रिय पूर्वसूचना प्रणाली |
| NFRI | Non Food Relief Items | गैर खाद्य सामग्री |
| NRCS | Nepal Red Cross Society | नेपाल रेडक्रस सोर्साईटी |
| NSDRM | National Strategy for Disaster Risk Management | विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति |
| MIRA | Multi Cluster Initial Rapid Assessment | बहुविषयगत प्रारम्भिक द्रुत लेखाजोखा |
| PDMC | Province Disaster Management Council | प्रदेश विपद् व्यवस्थापन परिषद |
| PDMEC | Province Disaster Management Executive Committee | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति |
| PEOC | Province Emergency Operation Centre | प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| PRA | Participatory Rural Appraisal | सहभागितात्मक ग्रामिण लेखाजोखा |
| RRA | Rapid Rural Appraisal | द्रुत ग्रामिण लेखाजोखा |
| RRT | Rapid Response Team | द्रत प्रतिकार्य समूह |
| WDPRC | Ward Disaster Preparednessand and Response Committee | वडास्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति |

# विषय सूची

## खण्ड एकः परिचय


१.१ योजनाको परिचय ........................................................................................................... 5
१.१.१ उद्देश्य........................................................................................................................ ५
१.१.२ फुङलिङ नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको सीमा............................... ५
१.१.३ योजना निर्माणका मार्गदर्शक नीतिगत व्यवस्था ........................................................................ ६
१.१.४ योजना तर्जुमा विधि तथा प्रक्रिया.......................................................................................... ७
१.१.५ योजनाको लक्षित समूह ........................................................................................................ ८
१.२ फुङलिङ नगरपालिकाको सामान्य परिचय ........................................................................... 9
१.२.१ नगरपालिकाको संक्षिप्त विवरण.......................................................................................... १०
१.२.२ घरधुरी, जनसङ्ख्या, औसत परिवार संख्या तथा लिङ्ग अनुपात सम्बन्धी तुलनात्मक विवरण................... ११
१.२.३ उमेर समुह र अपाङ्गता भएका व्यक्ति अनुसारको जनसंख्या विवरण ............................................. १२
१.३ फुङलिङ नगरपालिकाको जलवायु परिवर्तन र विपद्को मुख्य जोखिमहरू............................................... 13
१.३.१ फुङलिङ नगरपालिकाको वडागत विपद्को समय प्रवाह विश्लेषण.................................................. १५
१.३.२ जलवायु परिवर्तन र विपद जोखिमका असरहरु .................................................................... २३
१.३.३ जलवायु परिवर्तन र विपद् जोखिमका कारण प्रभावित क्षेत्रहरु..................................................... २४
१.४ जलवायु परिवर्तन र विपद जोखिम बारे सूचना ............................................................................ 35
१.४.१ ताप्लेजुङ जिल्लाको जलवायुको अवस्था.................................................................................. ३५
१.४.२ ताप्लेजुङ जिल्लाको मौषम तथा जलवायुको तथ्याङ्क र रेखाचित्र ............................................... ३५
१.४.३ ताप्लेजुङको महिना अनुसार औसत मौसम ............................................................................. ३६
१.४.४ जलवायु परिवर्तनको प्रभाव................................................................................................ ३६
१.४.५ जलवायु परिवर्तनका परिदृश्यहरु र त्यसका प्रत्यक्ष असरहरु ........................................................ ३६
१.४.६ वर्षा र यसको प्रभाव ........................................................................................................ ३८
१.४.७ जलवायुमा आएको परिवर्तन र यसको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव ..................................................... ३८
१.४.८ प्रकोपको सम्मुखता.......................................................................................................... ४०
१.४.९ संकटासन्नता (Vulnerability)............................................................................................. ४१
१.४.१० जोखिम नक्साङकन ........................................................................................................ ४४


## खण्ड दुईः जोखिम पहिचानका विधिहरु


२.१ विपद तथा जलवायुजन्य जोखिम पहिचानका विधिहरु ................................................................. 46
२.१.१ समस्या तथा  जोखिम विश्लेषण............................................................................................ 46
२.२ कारण तथा प्रभाव विश्लेषण ................................................................................................. 46
२.३ ऐतिहासिक समय रेखा ........................................................................................................ 49
२.४ वाली पात्रो, मौसमी पात्रो तथा प्रकोप पात्रो ................................................................................ 49
२.५ धरातलीय हिडाई ................................................................................................................ 50

## खण्ड तीनः राष्ट्रिय रणनीतिक कार्ययोजनाकका प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यहरू


३.१ राष्ट्रिय रणनीतिक कार्ययोजना प्राथमिकताका क्षेत्र सम्वन्धी विषयहरु....51
३.१.१ प्रकोपबारे बुझाई....५१
३.१.२ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति....५१
३.१.२ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्वतिहरुमा गरिएका सुदृढीकरणका प्रयासहरु....५२
३.१.३ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्वतिमा रहेका प्रमुख कमी कमजोरीहरु....५२
३.१.४ विपद् उत्थानशीलता बृद्धि गर्न बृहत्तर जोखिमका जानकारीमा आधारित नीजि तथा सार्वजनिक लगानी....५२
३.१.५ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका लागि समर्पित योजना तथा कार्यक्रमहरुमा लगानी....५३
३.१.६ विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन एकीकृत गरिएका योजनाहरुका लागि लगानी५३
३.१.७ प्रभावकारी प्रतिकार्य र पुर्नलाभ....५३
३.१.८ हालको क्षमता....५४
३.१.९ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति....५४
३.१.१०. कमी कमजोरीहरु/सुधार गर्नु पर्ने क्षेत्रहरु....५५
३.२ स्थानीय तहको क्षमता....55
३.२.१ नगरपालिकाले पहिचान गरेर प्राथमिकतामा राखेका क्षमता अभिबृद्धिका तालिमहरु....५६
३.२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नगरपालिकाले कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि योजना५६


## खण्ड : चार प्राथमिकता प्राप्त क्षेत्र र कार्यहरू


**४.१ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु**....58


## खण्ड पाँचः समस्या, प्राथमिकता र योजना


**५.१ विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरू**....59
**५.१ विपद् तथा जलवायु उत्थानशीलताका क्षेत्रमा देखिएका क्षेत्रगत समस्याहरू**....59
५.१.१ आर्थिक विकास :....५९
५.१.२ सामाजिक विकास :....५९
५.१.३ पूर्वाधार विकास :....६०
५.१.४ वातावरण तथा विपद ब्यवस्थापन :....६०
५.१.५ सुशासन र संस्थागत विकास :....६१
**५.२ देखिएका क्षेत्रगत समस्याहरू समाधानका लागि कृयाकलापहरू**....61
५.२.१ आर्थिक विकास....६१
५.२.२ सामाजिक विकास....६१
५.२.३ पूर्वाधार विकास....६२
५.२.४ वन वातावरण तथा विपद ब्यवस्थापन....६२
५.१.५ सुशासन र संस्थागत विकास....६३


## खण्ड ६: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना


६.१ विपद् तथा जलवायु उत्थानशीलका लागि एकीकृत क्रियाकलाप....64

## खण्ड सातः विपद् व्यवस्थापन (विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना) का क्रियाकलापहरु


७.१ विषयगत क्षेत्र (Cluster) परिचय .......... 76
७.२ विषयगत क्षेत्रको उद्देश्य .......... 76
७.३ विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू .......... 76
७.४ विषयगत समितिहरुको विपद् व्यवस्थापनको लागि पुर्वतयारीका कृयाकलापहरु .......... 77
७.४.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र .......... ७७
७.४.२ खाद्य तथा कृषि क्षेत्र विषयगत क्षेत्र .......... ७९
७.४.३ स्वास्थ्य तथा पोषण क्षेत्र .......... ८१
७.४.४ खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र .......... ८३
७.४.५ आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र .......... ८४
७.४.६ संरक्षण तथा सुरक्षा क्षेत्र .......... ८६
७.४.७ आपतकालीन शिक्षा क्षेत्र .......... ८८
७.४.८ शीघ्रपुनर्लाभ क्षेत्र .......... ९०
७.५ बाढी, आगलागी तथा भुकम्पीय विपद्को लागि प्रतिकार्य योजना .......... 91
७.५.१ बाढी .......... ९१
७.५.२ आगलागी .......... ९५
७.५.३ भुकम्प .......... ९८
७.६ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत .......... 101


## खण्ड आठः विविध


८.१ स्रोत साधनको व्यवस्थापन .......... 102
८.२ अन्य निकायसँगको समन्वय र सहकार्य .......... 102
८.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना .......... 102
८.३.१ लक्ष र सूचकहरू .......... १०२
८.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन .......... १०३
८.३.२ क्षमता विकास रणनीति र योजना .......... १०४
अनुसूची १ फुङलिङ नगरपालिकाको प्रकोप स्तरीकरण .......... 105
अनुसूची २ फुङलिङ नगरपालिकाको वडास्तरीय प्रकोप स्तरीकरण .......... 105
अनुसूची ३ फुङलिङ नगरपालिकाको वडास्तरीय प्रकोप नक्साङ्कन .......... 111
अनुसूची ४: फुङलिङ नगरपालिकाको जनप्रतिनिधिहरुको विवरण .......... 116
अनुसूची ५: फुङलिङ नगरपालिकाको नगरस्तरीय विपद् व्यवस्थापन समिति .......... 117
अनुसूची ६: फुङलिङ नगरपालिकाको वडा स्तरीय विपद् व्यवस्थापन समितिहरू .......... 118
अनुसूची ७: फुङलिङ नगरपालिकाका वडाहरूमा रहेको पहिरो तथा तटवन्धन निर्माण सम्बन्धी विवरण .......... 123
अनुसूची ८: फुङलिङ नगरपालिकाका वडाहरूमा विपद् सामनाका लागि रहेको क्षमता र स्रोत साधनहरू .......... 124
अनुसूची ९: फुङलिङ नगरपालिकाका वडाहरूमा रहेका सरकारी तथा गैर सरकारी संस्था तथा निकायहरू .......... 124
अनुसूची १०: फुङलिङ नगरपालिकामा रहेका विद्यालयहरूको विवरण .......... 125
अनुसूची ११: फुङलिङ नगरपालिकामा रहेका सरकारी स्वास्थ्य संस्था र जनशक्तिको विवरण .......... 129
अनुसूची १२: फुङलिङ नगरपालिकामा रहेका सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरूको विवरण .......... 130

अनुसूची १३ नगरपालिकाक्षेत्रमा रहेका सुरक्षित स्थानहरू .......... 131
अनुसूची १४ :पेट्रोल पम्प ग्यासडिपो विवरण .......... 132
अनुसूची १५ :सन्चार कर्मिहरूको विवरण .......... 133
अनुसूची १६ :स्थानीय कलकारखानाको विवरण .......... 133
अनुसूची १७ :स्थानीय संघसंस्थाहरूको विवरण .......... 133
अनुसूची १८ सामुदायिक वनहरूको विवरणः .......... 134
अनुसूची १९ :पोखरी तालतलैयाहरूको विवरण .......... 135
अनुसूची २० :खेलमैदानहरूको विवरण .......... 135
अनुसूची २१ सामुदायिक भवनहरूको विवरणः .......... 136
अनुसूची २२ सरकारी सार्वजनिक जग्गाको विवरणः .......... 136
अनुसूची २३ :सरकारी कार्यालयहरूको विवरण .......... 136
अनुसुची २४ :विषयगत विकास समितिहरूको विवरण .......... 137
अनुसूची २५ प्रारम्भिक द्रुत लेखाजोखा फारम (IRA): .......... 138
सन्दर्भ सामग्रीहरु .......... 147

# खण्ड एकः परिचय

## १.१ योजनाको परिचय

ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका विपद्को उच्च जोखिम क्षेत्रको रूपमा रहेको छ। नगर क्षेत्रमा विपदबाट हुनसक्ने क्षति घटाउनको लागि विकास योजना निर्माण तथा सञ्चालन गर्दा विपद्को जोखिम घटाउन र नयाँ जोखिम उत्पन्न हुन नदिई विपद् तथा जलवायु उत्थानशील समावेशी विकासका निमित्त यो योजना तयार गरिएको छ। यस योजनाले नगरपालिका क्षेत्रमा रहेका विद्यमान विपद्जन्य जोखिम र जलवायु परिवर्तनका असर घटाएर दिगो, भरपर्दो, प्रतिफलदायी र सुरक्षित विकास प्रक्रियालाइ प्रवर्द्धन गर्नेछ। नगरपालिकामा सञ्चालन हुने विषयगत विकास क्षेत्रमा जोखिम पहिचान गरी न्यूनीकरण गर्ने, जलवायु परिवर्तनबाट पर्ने प्रतिकूल प्रभावको सामना गर्न अनुकुलन क्षमता विकास गर्ने कार्यमा यस योजनाले मार्गदर्शनका रुपमा सहयोग गर्नेछ। तसर्थ, विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै जोखिम घटाउने र विपद् भईहालेमा तत्काल विपद् प्रतिकार्य गरी प्रभावित व्यक्ति तथा परिवारको लागि उद्धार, प्राथमिक उपचार तथा आवश्यक आपतकालीन मानवीय सहयोग उपलब्ध गराउन तथा मानव जीवन र जीविकोपार्जनका साधन तथा सम्पत्ति[1] को संरक्षणका कार्यहरू गर्न नगरपालिकाका जिम्मेवार शाखा, वडा कार्यालयहरू र समुदायका प्रतिनिधिहरूबीच योजनाबद्ध रूपमा जिम्मेवारी बाँडफाँड सहित स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको दस्तावेज तयार गरिएको छ। यो योजना विपद् जोखिम न्यूनीकरण सम्बन्धि राष्ट्रिय र प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजनाले गरेको मार्गदर्शन र विपद् तथा जलवायु उत्थानशील समुदायको विकासमा आधारित अवधारणा अनुरुप तर्जुमा गरिएको छ।

### १.१.१ उद्देश्य

फुङलिङ नगरपालिका क्षेत्रभित्र रहेका सम्भावित विपद् तथा जलवायुजन्य जोखिम न्यून गर्न, विपदको समयमा आपतकालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद्पछि पुनःस्थापना तथा पुननिर्माणका लागि योजनावद्ध क्रियाकलाप, जिम्मेवारी तथा बजेट सहित दिशानिर्देश गर्नु यस योजनाको प्रमुख उद्धेश्य रहेको छ। यस योजनाको विशिष्ट उद्देश्य निम्नानुसार रहेका छन्:

- विपद् व्यवस्थापनको नीतिगत कामहरुलाई स्थानीयकरण गर्न संस्थागत सुदृढीकरण र शासकीय संयन्त्र निर्माणको वातावरण तयार गर्ने ।
- विपद् तथा जलवायुजन्य जोखिमको बुझाईको विकास र जोखिम न्यूनीकरणको काममा समुदायको नेतृत्व विकासको सुनिश्चित गर्ने ।
- विपद् व्यवस्थापनको काममा गैर सरकारी संस्था, नागरिक समाज तथा निजी क्षेत्रको सहभागितालाइ प्रोत्साहन गर्ने।
- विपद् प्रतिकार्यको कामहरूमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डहरुलाई स्थानीयकरण गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनका कामहरुलाई विकास योजनामा मुलप्रवाहीकरण गर्ने।
- दिगो र उत्थानशील विकासका माध्यमबाट गरिबी घटाउने कार्यमा योगदान गर्ने।
- विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना (NSDRM) को लक्ष हासिल गर्न योगदान गर्ने।
- नगरको विकास निर्माणको कामहरुलाई दिगो र उत्थानशील बनाउन सघाउ पुर्याउने।

### १.१.२ फुङलिङ नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको सीमा

यस योजनाका सीमाहरु देहाय बमोजिम रहेका छन्।

- यो योजना फुङलिङ नगरपालिका क्षेत्रभित्र घटेका र घट्न सक्ने प्रकोपका घटनाहरू र यसबाट सिर्जित विपद्का कारण हुने क्षतिलाई कम गर्नका लागि तयार गरिएको छ।

---

[1] *सम्पति मानवीय सम्पत्ति, प्राकृतिक सम्पत्ति, सामाजिक सम्पत्ति, भौतिक सम्पत्ति र आर्थिक सम्पत्ति*

- यो योजना फुङलिङ नगरपालिका क्षेत्रभित्र विगतमा घटेका प्रकोपका घटनाहरु र यसबाट सिर्जित विपद्का अवस्था, स्थानीय स्तरमा उपलब्ध जानकारी तथा स्थानीय समुदाय र सरोकारवालाहरुका विपद् व्यवस्थापन सम्बन्धी बुझाई र अवधारणाहरुमा आधारित भै तयार गरिएको छ।
- प्राकृतिक तथा मानवीय कारणबाट भविष्यमा हुनसक्ने विभिन्न प्रकोपहरुको विश्लेषण, वडा स्तरको जोखिम विश्लेषण, विपद् सम्बन्धमा नेपालको वैधानिक अभिलेखहरु र फुङलिङ नगरपालिकाको प्रोफाइलको आधारमा तयार गरिएको छ ।
- यस योजना अन्तरगत तर्जुमा गरिएका गतिबिधिहरु नगरपालिकाले विपद् ब्यबस्थापनका लागि गर्नुपर्ने आधारभूत कार्यहरुका साथै नगरको दिगो विकास तथा विपद् उत्थानशीलता अभिवृद्धिका लागि क्षेत्रगत विकास योजनामा विपद् व्यवस्थापनका गतिविधिहरूलाई मूलप्रवाहीकरण कार्यमा केन्द्रित गरिएको छ। तथापी ठुला विपद्को अवस्थामा यो योजना कार्यान्वियनका लागि थप वाह्य स्रोतहरू समेत परिचालन गर्नुपर्ने भएकाले जिल्ला, प्रदेश र संघीय तहसम्म समन्वय र सहकार्य गर्नु पर्ने अवस्था रहेको छ।
- योजना निर्माणका लागि हाम्रो कन्सल्टन्सी सेवा बिराटनगरले फुङलिङ नगरपालिकाका ११ वटै वडामा भेला तथा छलफल गरी प्राप्त तथ्यांकलाइ विश्लेषण गरी नगरपालिकाको विपद् पार्श्वचित्र तयार गरिएको छ र यसैको आधारमा योजना तर्जुमा गरिएको छ।

### १.१.३ योजना निर्माणका मार्गदर्शक नीतिगत व्यवस्था

नेपाल बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिमपहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको मुलुक हो। साथै चट्याङ्ग पनि नेपालमा मानवीय मृत्यु निम्त्याउने ठुलो विपद्का रूपमा देखिएको छ। यसैगरी जलवायु परिवतर्नका कारण हुनसक्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ। जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव खासगरी जीविकोपार्जन, कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, जलवायुजन्य प्रकोप, मानव स्वास्थ्य र ग्रामीण बसोबास तथा भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको यथार्थलाई राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७ मा उल्लेख गरिएको छ। जलवायु परिवर्तनसँगै विपद्का घटनाहरू बढ्दै गएका र निरन्तर दोहोरिरहने क्रम बढेको छ। जलवायु परिवर्तन एवं विपद्का कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा प्रतिकूल असर परेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन्। यसको असरबाट गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरू, साधन स्रोतको पहुँचमा कमी रहेका र प्राकृतिक स्रोतमा आश्रित समुदाय बढी प्रभावित हुने गरेको तथ्य विभिन्न अध्ययनहरूले पुष्टि गरिसकेका छन्।

जलवायु परिवर्तनको प्रतिकूल असर नेपाल र नेपालजस्ता अति कम विकसित एवं विकासोन्मुख देशहरूमा धेरै परिरहेको छ। नेपाल विश्वका १९८ मुलुकमध्ये भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानीजन्य विपद्का दृष्टिले ३०औं स्थानमा रहेको छ।[२] त्यसैगरी नेपाल जलवायु परिवर्तनको प्रभावको दृष्टिले विश्वका २०५ मुलुक मध्ये दशौं जोखिमयुक्त मुलुक रहेको छ।[३] खासगरी ग्रामीण क्षेत्रमा जीविकोपार्जनका स्रोतमा जलवायु परिवर्तनका कारणले प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारको प्रभाव पारिरहेको छ ।

जलवायु परिवर्तन समानुकूलनलाई स्थानीय तथा राष्ट्रिय विकास योजना प्रक्रियामा समायोजन गर्ने लक्ष्य अनुरुप वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय ढाँचा (LAPA Framework) २०६८ ल्याएको देखिन्छ। नेपाल सरकारले जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दीर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना तयारी भएको छ। त्यसैगरी जलवायु अनुकूलनका लागि नेपाल सरकारले लागू गरेको राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति, २०७६ कार्यान्वयन भइरहेको छ। जसले जलवायु परिवर्तन अनुकूलनका लागि प्राथमिकताका दिनुका साथै उपलब्ध बजेटको ८० प्रतिशत स्थानीय तहमै लगानी गनुपर्ने व्यवस्था गरेको छ।

नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिई विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ का साथै स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ बमोजिम योजना

[2] UNDP/BCPR, *सन् २००४ ।*

[3] *जर्मन वाच, सन् २०२१ ।*

निर्माण, मूलप्रवाहीकरण तथा कार्यान्वयनमा जोड दिँदै आएको छ। हाल नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (परिमार्जन २०७५ सहित), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० जस्ता नीतिगत व्यवस्थाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर-प्राकृतिक विपदबाट सर्वसाधारणको जीउधन र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षणमा जोड दिएको छ। त्यसैगरी कोशी प्रदेशले प्रदेश विपद् व्यवस्थापन नीति २०७६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, विपद् जोखिम न्यूनीकरणका लागि प्रदेश रणनीतिक कार्ययोजना सन् २०२०-२०३० तयार गरी कार्यान्वयनमा ल्याएको छ।

विद्यमान ऐन कानूनले स्थानीय तहलाई प्रत्याभूत गरेको अधिकारको प्रयोग गरी फुङलिङ नगरपालिकाले तयार गरेको फुङलिङ नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७५, स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५, आपतकालिन कार्यसंचालन केन्द्र कार्यसंचालन विधि २०७५ र राष्ट्रिय, प्रादेशिक र स्थानीय तहबाट तयार भई जारी भएका नीतिगत मार्गदर्शनका आधारमा फुङलिङ नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी यसलाई पूर्णता प्रदान गरेको छ। यस योजना निर्माणका मार्गदर्शक सिद्धान्त निम्नानुसार रहेका छन् ।

(क) संघ, प्रदेश र नगरपालिकाबाट लागू हुने कानुन र नगरपालिकाले लागू गर्ने विकास नीति तथा कानूनी व्यवस्थालाई आधार मानिएको छ ।

(ख) नगरपालिकामा विपद् व्यवस्थापनका लागि सहजीकरण, व्यवस्थापन, नियन्त्रण तथा नियमन गर्ने प्रमुख जिम्मेवारी नगर प्रमुखको हुने भएकाले सो जिम्मेवारी पूरा गर्न नगरपालिकाले स्थानीय विपद् व्यवस्थापन समिति र वडा स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी परिचालन गरेको छ। यसैगरी यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएको संस्थागत विकासले यो योजना तर्जुमा र कार्यान्वयनका लागि आधार प्रदान गरेको छ।

(ग) यस योजनाको कार्यान्वयनका लागि सार्वजनिक क्षेत्र, विकास साझेदार, सरोकारवाला सघसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, नागरिक समाजको सहभागिता तथा साझेदारी अभिवृद्धिको अवधारणालाई योजना निर्माणको आधारस्तम्भको रूपमा लिइएको छ ।

(घ) आपतकालीन प्रतिकार्यका क्रममा नगरवासीको जीवन, सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण गर्ने अधिकारमूखी, लैंगिक तथा समावेशीकरणको अवधारणा समेत यस योजनाको निमार्णको आधार रहेको छ।

(ङ) यस योजनालाई आधार मानेर विपद्को जोखिममा रहेका समुदायको उत्थानशीलता बढाएर विपद्को सामना गर्ने क्षमता विकासका क्रियाकलापहरू पहिचान गरिनेछ। त्यसका लागि आपतकालीन समयमा गरिने मानवीय सहयोगका क्रममा विशेष गरी बृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, दीर्घरोगी र अति गरीब समुदायलाई प्राथमिकतामा राखिनेछ र सेवा प्रवाहमा उनीहरूको पहुँच बढाउने वातावरणा सृजना हुनेछ।

(च) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोतसाधन, ज्ञान, सीप तथा श्रमलाई उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिइने छ।

(छ) जलवायु परिवर्तन अनुकूलन, दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, विपद् ज्ञान व्यवस्थापनमा आधारित शिक्षा, वातावरण संरक्षण र विपद् उत्थानशील विकास बीच सामाञ्जस्य कायम गरिनेछ।

### १.१.४ योजना तर्जुमा विधि तथा प्रक्रिया

यस योजनाको तयारीका क्रममा निम्न ५ चरणहरू अवलम्बन गरिएको छ ।

**चरण-१: समन्वय र प्रारम्भिक तयारी :**

- योजना निर्माणको लागि समन्वय वैठक सम्पन्न भएपछि स्थानीय विपद व्यवस्थापन समितिको वैठक बसी आवश्यक नीतिगत निर्णयहरू भएका छन्।
- नगरभित्र सञ्चालित कार्यक्रमहरू र तयार भएका कानून, नीति तथा मापदण्डहरूको समीक्षा गरी जोखिम विश्लेषण गरिएको छ।

- मस्यौदा योजना तयारीको लागि नगरपालिका र हाम्रो कन्सल्टेन्सी सेवा बिराटनगर, नेपालका विज्ञसहितको टोली परिचालन गरिएको छ।
- योजना निर्माणका क्रममा सबै वडाहरूमा भेला तथा छलफल गरी संकलन गरिएका जोखिम सम्बन्धी सूचना तथा तथ्यांकलाई विश्लेषण गरिएको छ।
- नगरपालिका भित्रका वडा र समुदायबाट संकलित विपद् सम्बन्धी सूचना तथा तथ्याङ्कलाई समेत समीक्षा गरी यस योजनालाई पूर्णता प्रदान गरिएको छ।
- नगरपालिकाले तयार गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन अनुरुप नगर कार्यपालिकाबाट निर्णय भई वडा स्तरमा विपद्को जोखिम विश्लेषण गरिएको छ।

**चरण-२: सङ्कटासन्नता तथा क्षमता लेखाजोखा**

- योजना निर्माणको लागि स्थानीय विपद व्यवस्थापन समितिको नेतृत्वमा नगरस्तरीय बैठक तथा कार्यशालाको आयोजना गरिएको छ। नगरपालिकाको संकटासन्नता, सम्मुखता तथा जोखिमलाई सहभागितामूलक विधिबाट वडा स्तरमा छलफल गरिएको छ।
- मस्यौदा योजना र विश्लेषण गरिएको सूचना तथा तथ्याङ्कको त्रिकोणात्मक जाँच, स्थलगत अवलोकन र समुदायसंगको छलफलबाट योजना तयार गरिएको छ।
- योजना निर्माणमा यस नगरपालिकासंग भएको सम्झौता अनुसार हाम्रो कन्सल्टेन्सी सेवाबाट प्राविधिक सहयोग प्राप्त भएको छ।
- नगरपालिकाको भूउपयोगको अवस्था, नदी प्रणाली, बाढीपहिरोको जोखिम क्षेत्र पहिचानका लागि विगतमा तयार भएका भौगोलिक सूचना प्रणालीको पुनरावलोकन गर्ने र सोही अनरुप सामाजिक तथा संकटासन्नता नक्सांकनका कामहरू गरिएका छन्।
- उल्लेखित विधि र प्रक्रिया पुरा गरेर नगरपालिकामा विपद् तथा जलवायुजन्य जोखिमको लेखाजोखा गरी विपद् तथा जलवायुजन्य जोखिम पार्श्वचित्र तयार गरिएको छ।
- जोखिम पार्श्वचित्रबाट प्राप्त नतिजाबारे नगरपालिका प्रमुख, उप-प्रमुख, वडा अध्यक्षहरू, वडा सदस्यहरू, संघसंस्थाका प्रतिनिधिहरू समुदायसँग छलफल गरी तथ्याङ्कलाई वैधता र आधिकारिकता प्रदान गरिएको छ।

**चरण–३: विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा:**

- नगरपालिकाले यो योजना कार्यान्वयनका लागि अपनाउनु पर्ने नीति र रणनीति, समन्वय, संयन्त्र, उपसमितिहरुको व्यवस्था, वित्तीय व्यवस्था, अनुगमन तथा मुल्याङ्कन र योजनाको पुनरावलोकनका विषयलाई समावेश गरी मस्यौदा तयार गरिएको छ।
- नगर क्षेत्रको विपद् जोखिम पार्श्वचित्रको नतिजाको आधारमा पहिचान गरिएका विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई समेटेर नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रूप प्रदान गरिएको छ। यस क्रममा नगरपालिकाको क्षेत्रगत विकास योजनाको समीक्षा गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मुलप्रवाहीकरण गरिएको छ।

**चरण–४: योजनाको स्वीकृति तथा कार्यान्वयन**

- उल्लिखित विधि र प्रक्रिया पुरा गरी तयार भएको योजनाको मस्यौदामाथि नगर विपद् व्यवस्थापन समिति र सरोकारवालाबीच छलफल गरी प्राप्त पृष्ठपोषण र सुझाव अनुसार अन्तिम रूप प्रदान गरिएको छ।
- मस्यौदा योजनाको भाषा सम्पादन गरी अन्तिम तयारी पश्चात योजनालाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

**चरण– ५ अनुगमन, मूल्याङ्कन र पुनरावलोकन**

- अनुगमन तथा मुल्यांकनबाट प्राप्त भएका नतिजाहरूलाई नगर कार्यपालिका तथा अन्य मञ्चहरूमा सिकाईका रूपमा आदान प्रदान गरिनेछ।
- यस योजना अन्तर्गतका क्रियाकलापहरूको तोकिएको ढाँचामा नगरपालिकाले अनुगमन तथा मुल्यांकन गर्नेछ।

### १.१.५ योजनाको लक्षित समूह

यस योजनाको पहिलो लक्षित समूह विपद् र जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेका समुदाय रहेका छन्। यसका साथै यस योजनाले समग्र नगरपालिकालाई समेटेको हुँदा लक्षित समूहलाई निम्नअनुसार विभाजन गरिएको छः

- फुङलिङ नगरपालिकाको वस्तुगत विवरण २०७४ अनुसार ११ वटै वडाका ६८९८ घरधुरीमा बसोबास गर्ने २८४४९ (महिला -१४४६८ र पुरुष– १३९८१) यस योजनाका प्राथमिक लक्षित समूह हुन्।
- यस योजनाको कार्यान्वयनका लागि कार्यक्रम र बजेट उपलब्ध गराउने मूल निकाय भएकोले नगरपालिका यस योजनाको लक्षित निकायका रूपमा रहेको छ।
- साथै पहिचान भएका पालिकाका उच्च जोखिम तथा संकटासन्न क्षेत्रमा वसोवास गर्ने समुदाय, लक्षित समुदाय र पछाडि परेका समुदायहरू यस योजनाको प्रमुख लक्षित समूहका रूपमा रहेका छन्।
- यस योजनाको सम्बन्ध नियमित विकास योजना, विद्यालय, स्वास्थ्य केन्द्र, सुरक्षा निकाय, वडाका कृषक समूह, आमा समूह, युवा समूह लगायतसंग रहने हुँदा यी निकाय र समूहसंग आवद्ध व्यक्ति तथा घरपरिवार यस योजनाका लक्षित वर्गका रूपमा रहेका छन्।
- यस नगरपालिकासंग सामाजिक वा अन्य विषयगत क्षेत्रमा साझेदारी तथा सहकार्यमा कार्यरत वा भविष्यमा साझेदारीमा काम गर्ने दाता, गैरसरकारी संस्था र नीजि क्षेत्र समेत यस योजनाका लक्षित निकाय वा समूह रहेका छन्।
- यस योजनाको कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारको समेत सहयोग आवश्यक पर्ने भएको हुँदा योजनाको कार्यान्वयनका लागि सहयोगीका रुपमा संघ र प्रदेश सरकारसमेत यस योजनाका लक्षित निकाय हुन।

## १.२ फुङलिङ नगरपालिकाको सामान्य परिचय

कञ्चनजङघा तथा कुम्भकर्ण हिमालका साथै राष्ट्रिय सम्पदामा सूचिकृत ऐतिहासिक महत्व रहेको पाथिभरा देवी मन्दिरको काखमा अवस्थित फुङलिङ नगरपालिका कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ जिल्लामा पर्दछ। पूर्वमा सिरीजङ्गा र याङबरक गाउँपालिका, पश्चिममा मिक्वाखोला र मेरिङदेन गाउँपालिका, उत्तरमा फक्ताङलुङ गाउँपालिका तथा दक्षिणमा आठराइ त्रिवेणी र याङबरक गाउँपालिकासँग सिमाना जोडिएको फुङलिङ नगरपालिका स्थानीय तहको पुनरसंरचनाका बखत ताप्लेजुङ जिल्लाका साविक ताप्लेजुङ नगरपालिका, हाँङदेवा, फूरुम्बु र फावाखोला गाबिस गरी १ वटा नगरपालिका र ३ वटा गाविसलाई एक ठाउँमा मिलाएर २०७३ सालमा पुनरसंरचित भएको स्थानीय तह हो।

नेपालको इतिहासमा पल्लो किरात भनेर चिनिने ताप्लेजुङ जिल्ला नेपालका एकिकरण हुनु भन्दा पहिला किरात क्षेत्रको रुपमा परिचित थियो। "ताप्ले" नाम गरेका भोटे राजा र "जोङ्ग" किल्लाबाट यस जिल्लाका नाम ताप्लेजुङ रहन गएको मानिन्छ। अर्को किम्बदन्ती अनुसार यस जिल्लाका नामाकरणको विषयलाई हेर्दा लिम्बु भाषामा "ताप" भनेका फैलिएको "ली" भनेको गुलेली र "चङ" भनेको टुप्पो भन्ने अर्थ अनुसार प्रारम्भमा यस जिल्लाका आकार गुलेलीको टुप्पो जस्तै फैलिएको देखिएकोले ताप्लेचङ भनियो र कालान्तरमा त्यहि ताप्लेचङ बाट ताप्लेजुङ रहेको हो भन्ने मान्यता समेत रहेका पाईन्छ।

यो जिल्ला समुद्रि सतहबाट ६७० मिटर देखि ८५८६ मिटर उचाईको कञ्चनजंघा हिमाल सम्म फैलिएको छ। जिल्लाको करिव बिच भागबाट बग्ने तमोर नदी यस जिल्लाको प्रमुख नदीका रुपमा रहेको छ भने गुन्सा नदी, सिम्बुवा नदी लगायतका करिव ६० भन्दा बढीको सङख्यामा रहेका साना तथा ठूला खोला तथा नदीहरू यसका सहायक नदीका रुपमा रहेका छन। यसका अलावा सिन्जेन्मा पोखरी, सम्दो पोखरी, तीन पोखरी, काली पोखरी लगायत ७३५० मिटर अग्लो जिमिजेला हिमाल, ७३४९ मि. अग्लो तालुङ हिमाल, ७२७६ मि. अग्लो क्लब हिमाल, ७१७७ मि. अग्लो नेपाल पिक, ७०२५ मि. अग्लो कुम्भकर्ण हिमाल र २०३५ बर्ग कि.मि. क्षेत्रमा फैलिएको कन्चनजङघा संरक्षण क्षेत्र यस जिल्लाका प्रमुख पहिचानयुक्त गहना मात्र हैन समृद्धि निर्माणका प्रमुख आधारहरू समेत रहेका छन। यति धेरै नदी तथा खोला, पोखरी, हिमाल तथा हिमाली क्षेत्रको प्रभाव रहेको यस जिल्लामा औषत तापक्रम १७.७० सेल्सियस रहने गरेको पाईन्छ भने वार्षिक औषत २०८६.३ मिलि लिटर बर्षा हुने गरेको छ। यस जिल्लाका समग्र तापक्रमका हिसावले अध्ययन गर्दा चैत्रदेखि भाद्र महिनासम्म सामान्य गर्मि हुने क्षेत्रफल ३६.२ प्रतिशत रहेको छ भने बर्षैभरी जाडो हुने तथा हिउसम्म पर्ने क्षेत्र ६३.८ प्रतिशत रहेको छ। यस जिल्लाका समग्र हावापानी र मौषमले फुङलिङ नगरपालिकालाइ समेत समेटेको छ।

नेपाल, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धती बमोजिम राज्य सञ्चालन वा शासन सञ्चालनका जिम्मेवारी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा बिभक्त गर्दै २०७२ साल असोज ३ गते नेपालका संविधान जारी भइ क्रमिक कार्यान्वनय तथा स्थायित्वका चरणमा प्रवेश गरिसकेको यस परिवेशमा संविधान प्रदत्त तीन तहका एकल तथा साझा अधिकारका क्षेत्रहरूको सफल र प्रभावकारी

कार्यान्वयनबाट संघात्मक शासन पद्धतिको स्थायीत्व र मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको मार्गप्रसस्त बस्ती, टोल, गाउँ र शहरबाटै गर्नुपर्ने वर्तमान आवश्यकतालाइ केन्द्रबिन्दुमा राख्दा माथि उल्लेख गरिए बमोजिमका प्राकृतिक श्रोत र साधनले भरिपुर्ण ताप्लेजुङ जिल्ला सदरमुकाममा अवस्थित जिल्लाको एक मात्र नगरपालिका भएका कारण देशको समग्र समृद्धि निर्माणमा समेत यस नगरपालिकाको महत्व अझ बढी रहन गएको छ।

फुङलिङ नगरपालिकाको पुनसंरचना विवरण निम्नानुसार रहेको छ।

**तालिका १: फुङलिङ नगरपालिकाको पुनर्संरचनाको विवरण**

| वर्तमान वडा नं | समावेश भएका साविकका नगरपालिका र गाविसहरू | साविक वडा नं. | क्षेत्रफल (बर्ग कि.मि.) |
|---|---|---|---|
| १ | ताप्लेजुङ नगरपालिका | ३ | ५.९० |
| २ | ताप्लेजुङ नगरपालिका | १ | ४.२१ |
| ३ | ताप्लेजुङ नगरपालिका | २ | ८.३५ |
| ४ | ताप्लेजुङ नगरपालिका | ४ | १.१३ |
| ५ | ताप्लेजुङ नगरपालिका | ५ | १.१५ |
| ६ | ताप्लेजुङ नगरपालिका | ६ | ३.४२ |
| ७ | ताप्लेजुङ नगरपालिका | ७ | ४.०२ |
| ८ | ताप्लेजुङ नगरपालिका | ८, ९ | १३.९१ |
| ९ | हाँङदेवा गा.बि.स. | १-९ | २३.६६ |
| १० | फूरुम्बु गा.बि.स | १-९ | २८.४३ |
| ११ | फावाखोला गा.बि.स. | १-९ | ३१.३८ |
| जम्मा | | | १२५.५६ |

*श्रोतः स्थानीय तह पूनरसंरचना आयोगका प्रतिवेदन तथा सघीय मामिला मन्त्रालयका आधिकारिक वेवसाइट*

### १.२.१ नगरपालिकाको संक्षिप्त विवरण

**तालिका २: फुङलिङ नगरपालिकाको संक्षिप्त विवरण**

| नगरपालिका/वडा | विवरण | |
|---|---|---|
| समायोजन भएका गा.वि.स. | ताप्लेजुङ नगरपालिका तथा हाँङदेवा, फूरुम्बु र फावाखोला गाबिस | |
| नगरपालिकाको क्षेत्रफल | १२५.५६ व.कि.मी. | |
| कृषि क्षेत्र | ३२.५७ व.कि.मि. | |
| वन, झाडी, घासे र अन्य क्षेत्र | वन जंगल ७९.८७ व.कि.मि, झाडी ०.११ व.कि.मि, घासे क्षेत्र ५.८६ व.कि.मि, र अन्य पानी (खोला, तलाउ र पोखरी) ले ढाकेको क्षेत्र १.९० व.कि.मि. | |
| समुद्र सतह देखिको उचाइ | न्यूनतम ६७७ मिटर र अधिकतम ८५८६ मिटर | |
| सिमाना | पूर्वः सिरीजङ्गा र याङबरक गाउँपालिका पश्चिमः मिक्वाखोला र मेरिङदेन गाउँपालिका<br>उत्तरः फक्ताङलुङ गाउँपालिका दक्षिणः आठराइ त्रिवेणी र याङबरक गाउँपालिका | |
| वडा सङ्ख्या | ११ | |
| घरधुरी | ६,८९८ | |
| जनसङ्ख्या | २८४४९ (महिला जनसंख्या १४४६८ (५०.८६%) र पुरुष जनसंख्या १३९८१ (४९.१४%) | |
| नगरपालिका गठन मिति | २०७१ मंसीर | |
| नगरपालिका भित्रका प्रमुख वस्तीहरू | वडा नं १ः नाङ्गे (५४), सेगुम्बा (४६), निगिजुङ्ग र मेलुङ्ग (५८), आम्बोटे र तिनधारे (७१), आहाले डाँडागाउँ (४०), | २६९ |
| | वडा नं २ः आम्बोटे, नागेश्वरी र ठोक्रे (५६), हान्द्रङ लहरे (१०५), सल्लाबोटे, गैरीगाउँ र डाँडागाउँ (४५), देउलिङ्गे (१०५), टाकुरे र टारगाउँ (९०), याङलिजुङ्ग र तारिबुङ्ग (७५), तिनबरे र तारिबुङ्ग (८०), बोझे र भेटनरी (२००), रिजाल लाइन र हेलिप्याड (२००) | ९५६ |
| | वडा नं ३ः केनिम, कार्तिके, हलीबोटे, गुहेली, आगेदिन र मुडे (१२०), सिटेनी, सिकारीडाँडा, फागेडाँडा, र भिरकुना (८०), पालुङ्वा चोक, पाँचगाउँ र ढाँडगाउँ (२००), गैरिगाउँ, टारीगाउँ, तल्लो मेदिबुङ्ग र चिहानेपाखा (१००), बतासे, माथिल्लो मेदिबुङ्ग, साउने र हेलिप्याड (१५०) | ६५० |

| नगरपालिका/वडा | विवरण | |
|---|---|---|
| | वडा नं ४ः क्याम्पस लाइन, कोप्चे र डाँडाघर टोल(४५०), तोक्मे, हिलिहाङ र भानु स्कुल टोल (४००) र माछापोखरी तिनवरे टोल (२२२) | १०७२ |
| | वडा नं ५ः ठुलो गाउँ, नवज्योती र सृजना टोल (१०२), बिरेन्द्र चोक र हस्पिटल लाइन (२८०), न्युरोड र बुद्ध चोक (८०) र क्याम्पस लाइन र उकाली पानी (८०) | ५४२ |
| | वडा नं ६ः ओखे (गैरीगाउँ, थुमाजुङ्ग र ओखे) ४५, बाझोगरा (पाथीभरा, सेर्पाटोल र टुक्रे) २८३, बिहिवारे (डाँडावारी र अहाले) ३०५, बतासे (गुम्बाटोल, खरिबोटे, बगरबारी र मेलबोटे) ८६, सुकेटार ६० | ७७९ |
| | वडा नं ७ः केनिम, बहानन्दे र घुम्ती (४७), खोल्सा पारी (५३) र बुढोली (६४), खोप्रे र किरातचोक (७३), आकाशे, पाटिगाउँ र लप्सीबोटे (७७), कफिहाउस नापीलाइन चारगाउँ र तोक्मा (१४५) | ४५९ |
| | वडा नं ८ः खोलीपाखा, पानीट्यांकी, खोदम्बु, मेवाराजा र ल्याङ्बा (१००), भेदावारी, बहानन्दे, ढुंगे, कासघारी, सासेल, घुमाउने कोदार, सल्लेरी र मेहेले (११०), हिटी, सालिम्बे, बोझे, कोलबारी र बरबोटे (७०), रमिते र काभ्रे (५५), बेजुम्बो, नाम्लेपाटी र किरातचोक (८०), चारपाटे, तनामे, अल्ले, भित्ते र थामखर्क (९३) | ५०८ |
| | वडा नं ९ः सानो सुकेटार (८५), रामेटार (८५), सयपत्री सामुदायिक भवन र टाकुरे ५०), तमुचोक (४६), इसेरा (६५), मादेन चोक (नाङ्गेजुङ) (६०), आसाहाङ्ग पाटी (अमृत मादेनको घरदेखि हर्क राइको घरसम्म (९०), गाइगाडे (६०) दुवे पानिसार (६४), चिहानडाँडा (१००), कटहरे (४५), सुन्तले (५७) | ८१२ |
| | वडा नं १०ः गडी डाँडा (११०), मिक्लुङ (६५), याफ्रेक (८२), तल्लो मयाम (१०५), माथिल्लो मयाम (१५२) र नाम्जे निभारे (५५) | ५६९ |
| | वडा नं ११ः युमाखाम (साविक ७, ८ र ९) ७८, सिम्बु (साविक ७ को केही भाग र ६) ५५, तेम्बेवे दुम्ले (साविक ४ र ५) ४३, तेम्बेवे (साविक २ को खोलावारी र ३) ५९ र चिचिम तेम्बेवा (साविक १ र २ को खोलापारी) ४७ | २८२ |
| | जम्मा घरधुरी | ६८९८ |
| चाडपर्व | यस नगरपालिकामा दशैं, तिहार, तीज, फागुपुर्णिमा, जनैपूर्णिमा, ल्होसार, बुद्ध जयन्ती, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति आदि पर्व मनाउँछन्। | |
| प्रमुख कृषि उत्पादन | कृषि (प्रमुख बाली धान, मकै गहुँ, तेलहन, तोरी र दलहनमा मुसुरो) तरकारी र केरा)<br>पशुपालन (गाई, भैंसी, बाखा, कुखुरा र बंगुर) तथा माछापालन | |
| सहायक पेशा | व्यापार, नोकरी, वैदेशिक रोजगार र ज्याला मजदुरी | |
| सञ्चार | नेपाल टेलिकम र एनसेलका मोबाइल सबैसँग उपलब्ध छ भने टेलिभिजन र एफ एम रेडियोसँग राम्रो पहुँच छ । | |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, नगर पार्श्वचित्र, फुङलिङ नगरपालिका २०७७ र वडा स्तरीय छलफल २०८०*

### १.२.२ घरधुरी, जनसङ्ख्या, औसत परिवार संख्या तथा लिङ्ग अनुपात सम्बन्धी तुलनात्मक विवरण

यस नगरपालिकामा २०७७ को नगर पार्श्वचित्र अनुसार जम्मा घरधुरी ५१४० मा महिला १२,६१३ (४८.५९%) र पुरुष १३,३४५ (५१.४१%) गरी कुल २५,९५८ जनसंख्या रहेको थियो। राष्ट्रिय जनगणना २०७८ ले घरधुरी तथा जनसंख्या बढेको देखिन्छ। यसैगरी यस तथ्याङ्कमा पुरूषको भन्दा महिलाको संख्या बढी देखिएको छ। जस अनुसार यस नगरपालिकामा हाल जम्मा घरधुरी संख्या ६,८९८ र कुल जनसंख्या २८,४४९ रहेको छ। कुल जनसंख्या २८,४४९ मध्ये महिला जनसंख्या १४,४६८ (५०.८६%) र पुरुष जनसंख्या १३,९८१ (४९.१४%) रहेको छ।

**तालिका ३: घरधुरी अनुसार जनसंख्या (लिङ्ग, औसत र लैङ्गिक अनुपात) सम्बन्धी विवरण**

| वार्ड | घरधुरी | जनसंख्या (राष्ट्रिय जनगणना २०७८ अनुसार) | | | औसत परिवार संख्या | लिङ्ग अनुपात | जनसंख्या (नगर पार्श्वचित्र २०७७ अनुसार) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | | | घरधुरी | पुरूष | महिला | जम्मा |
| १ | २६९ | ५९७ | ६१६ | १२१३ | ४.५१ | ९६.९२ | २८३ | ७६१ | ७४६ | १५०७ |
| २ | ९५६ | १७९६ | १९१५ | ३७११ | ३.८८ | ९३.७९ | ४८१ | १२१४ | १०९७ | २३११ |
| ३ | ६५० | १३४२ | १४४० | २७८२ | ४.२८ | ९३.१९ | ६४१ | १६४८ | १६२६ | ३२७४ |
| ४ | १०७२ | २०१६ | २०८७ | ४१०३ | ३.८३ | ९६.६० | ४८८ | १२१३ | ११८६ | २३९९ |
| ५ | ५४२ | १००५ | १०७६ | २०८१ | ३.८४ | ९३.४० | ४१९ | १००६ | ९९३ | १९९९ |
| ६ | ७७९ | १४८९ | १५८२ | ३०७१ | ३.९४ | ९४.१२ | ४०० | ९८२ | ९५४ | १९३६ |
| ७ | ४५९ | ८४१ | ८७२ | १७१३ | ३.७३ | ९६.४४ | २३५ | ६२७ | ५८५ | १२१२ |
| ८ | ५०८ | ११८७ | ११९० | २३७७ | ४.६८ | ९९.७५ | ५०५ | १३८१ | १२९१ | २६७२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ८१२ | १७९४ | १७९० | ३५८४ | ४.४१ | १००.२२ | ८०२ | २१९९ | १९९१ | ४१९० |
| १० | ५६९ | १२३८ | १२१५ | २४५३ | ४.३१ | १०१.८९ | ५७७ | १४१८ | १२८३ | २७०१ |
| ११ | २८२ | ६७६ | ६८५ | १३६१ | ४.८३ | ९८.६९ | ३०९ | ८९६ | ८६१ | १७५७ |
| **जम्मा** | **६८९८** | **१३९८१** | **१४४६८** | **२८४४९** | **४.२०** | **१०६५** | **५१४०** | **१३३४५** | **१२६१३** | **२५९५८** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८ र नगर पार्श्वचित्र, फुङलिङ नगरपालिका २०७७*

### १.२.३ उमेर समुह र अपाङ्गता भएका व्यक्ति अनुसारको जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा रहेको उमेर समुह र सो समुहभित्र रहेको अपाङ्गताको विवरण निम्न तालिकामा देखाइएको छ। अपाङ्गता भएका व्यक्तिहरू घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिवी, अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, वालश्रमको बोझ, मानसिक असन्तुलन आदिका कारण सानो छँदा मात्र होइन ठुलो भए पछि पनि उनीहरुमा गहिरो मनोवैज्ञानिक असर परेको हुन्छ। तथ्यांक अनुसार ५ वर्षमुनिका बालबालिकाहरू ८.१ प्रतिशत र ७० वर्ष माथिका वृद्धवृद्धाहरूको संख्या ३.९४ प्रतिशत रहेको छ जुन विपद्को उच्च जोखिममा रहने गर्दछन्। यसका साथै अपाङ्गता भएका व्यक्तिहरू विपद्को उच्च जोखिममा रहने गर्दछन्। प्राप्त तथ्यांक अनुसार यस पालिकाको जम्मा जनसंख्याको १.८४ प्रतिशतमा अपाङ्गता रहेको तथ्याङ्कले देखाएको छ। अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्कले यस पालिकामा महिलाहरूमा (१.७६ प्रतिशत) भन्दा पुरूषहरूमा (१.९३ प्रतिशत) बढी अपाङ्गता रहेको छ।

**तालिका ४: उमेर समुह र अपांगताको आधारमा जनसंख्या**

| उमेर समुह | जनसंख्या | | | | अपाङ्गता विवरण | | | अपाङ्गता प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | प्रतिशत | पुरूष | महिला | जम्मा | |
| ०० - ०४ वर्ष | १२४२ | १०९५ | २३३७ | ८.२१% | १६ | १७ | ३३ | १.४१% |
| ०५ - ०९ वर्ष | १५२३ | १४२० | २९४३ | १०.३४% | २७ | १९ | ४६ | १.५६% |
| १० - १४ वर्ष | १३१४ | १३४० | २६५४ | ९.३३% | १३ | १३ | २६ | ०.९८% |
| १५ - १९ वर्ष | १४८० | १४८९ | २९६९ | १०.४४% | २२ | २४ | ४६ | १.५५% |
| २० - २४ वर्ष | १२६१ | १४४८ | २७०९ | ९.५२% | १३ | १६ | २९ | १.०७% |
| २५ - २९ वर्ष | ११८० | १३४४ | २५२४ | ८.८७% | २१ | ६ | २७ | १.०७% |
| ३० - ३४ वर्ष | १०४२ | ११८५ | २२२७ | ७.८३% | १७ | ९ | २६ | १.१७% |
| ३५ - ३९ वर्ष | ९२७ | ९९७ | १९२४ | ६.७६% | १३ | ६ | १९ | ०.९९% |
| ४० - ४४ वर्ष | ८०० | ८६५ | १६६५ | ५.८५% | १७ | १४ | ३१ | १.८६% |
| ४५ - ४९ वर्ष | ६३८ | ६७५ | १३१३ | ४.६२% | १४ | १२ | २६ | १.९८% |
| ५० - ५४ वर्ष | ७२६ | ६८२ | १४०८ | ४.९५% | २३ | २२ | ४५ | ३.२०% |
| ५५ - ५९ वर्ष | ४९८ | ५३५ | १०३३ | ३.६३% | १२ | २३ | ३५ | ३.३९% |
| ६० - ६४ वर्ष | ४७७ | ४४६ | ९२३ | ३.२४% | १९ | १८ | ३७ | ४.०१% |
| ६५ - ६९ वर्ष | ३३६ | ३६२ | ६९८ | २.४५% | १५ | २५ | ४० | ५.७३% |
| ७० - ७४ वर्ष | २४१ | २६० | ५०१ | १.७६% | ९ | १५ | २४ | ४.७९% |
| ७५+ वर्ष | २९६ | ३२५ | ६२१ | २.१८% | १९ | १५ | ३४ | ५.४८% |
| **जम्मा** | **१३९८१** | **१४४६८** | **२८४४९** | **१००%** | **२७०** | **२५४** | **५२४** | **१.८४%** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

यसैगरी यस पालिकामा अपाङ्गताको प्रकार (शारीरिक अपाङ्गता, न्युन दृष्टि, दृष्टि विहिन, बहिरा, सुष्त श्रवण, श्रवण र दृष्टिविहिन, स्वर बोली, मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, हेमोफिलिया, अटिज्म र बहु अपाङ्गता) अनुसार अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या यस तालिकामा देखाइएको छ।

**तालिका ५: लिङ्ग अनुसार अपाङ्गताको प्रकार अनुसार जनसंख्या विवरण**

| लिङ्ग | जम्मा | अपाङ्गताको प्रकार | | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्युन दृष्टि | दृष्टि विहिन | बहिरा | सुष्त श्रवण | श्रवण र दृष्टिविहिन | स्वर बोली | मनोसामाजिक अपाङ्गता | बौद्धिक अपाङ्गता | हेमो फिलिया | अटिज्म | बहु अपाङ्गता | | |
| पुरूष | १३९८१ | ११९ | २१ | ३१ | १८ | १८ | ६ | १५ | ४ | ० | २ | १ | ३५ | २७० | १.९३% |
| महिला | १४४६८ | ९४ | २७ | २० | २२ | १४ | ७ | १५ | ७ | ७ | ० | ३ | ३८ | २५४ | १.७६% |
| जम्मा | २८४४९ | २१३ | ४८ | ५१ | ४० | ३२ | १३ | ३० | ११ | ७ | २ | ४ | ७३ | ५२४ | १.८४% |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## १.३ फुङलिङ नगरपालिकाको जलवायु परिवर्तन र विपद्को मुख्य जोखिमहरू

पहाडी क्षेत्रमा अवस्थित फुङलिङ नगरपालिकाको अधिकांस क्षेत्र भिरालो जमिन भएकाले पहिरोको उच्च जोखिममा रहेको छ। यस नगर क्षेत्र भित्रबाट वा भएर बग्ने अधिकांस खोला तथा खोल्सीहरू समेतका कारण विगत वर्षहरूमा बाढी, पहिरो, असिना, भूकम्प लगायतका विभिन्न प्रकोपबाट बर्षेनि नगरबासीहरू प्रभावित भइरहेका छन्। यस नगरको नगर प्रोफाइल तथा आवधिक योजना अनुसार यस नगरका वडा नं. १, २, ८ र ९ का ४९७ घरपरिवार पहिरो र ४० घरपरिवार नदी र खोला कटानका जोखिम रहेका स्थानमा बसोबास गरिरहेको देखिन्छ भने १२० घरपरिवार अति भिरोलो भु-भागमा रहेका कारण सवै प्रकारका प्राकृतिक बिपत्तीमा जुनसुकै समयमा पनि पर्न सक्ने सम्भावना रहेको देखिएको छ। माथि उल्लेखित घरपरिवारलाइ सम्भावित जोखिमबाट बचाउने साथै यस नगरभित्रका महत्वपूर्ण भूमिलाई बाढी पहिरो समेतबाट जोगाउन मुख्य गरी ३९ वटा स्थानमा तटबन्धन निर्माण गर्नु पर्ने अवस्था देखिएको छ। उल्लेखित विवरणलाइ आधार मानेर नगरको दिगो विकास योजनाको माध्यमबाट सिंगो नगरपालिकामा प्रकोप व्यवस्थापन सम्बन्धी पूर्वतयारीको व्यवस्थापनका साथै आगामी दिनमा सम्भावित बाढीपहिरो समेतका प्रकोप र जोखिमबाट स्थानीयबासीलाई समयमा नै जोगाउने गरी योजना तर्जुमा र विभिन्न खोला किनारामा तटवनधन निर्माण सहितका कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। वर्तमानमा सूचिकृत भएका तटवनधन निर्माणसँग सम्बन्धी वडागत विवरण अनुसुचीमा उल्लेख गरिएको छ।

पहाडी भिरालो क्षेत्रमा अवस्थित रहेको र तमोर नदी तथा यहाँ रहेका सानाठुला खोला, खोल्सीबाट उत्पन्न बाढी, पहिरो तथा कटानको जोखिम उच्च देखिएको छ। यसका साथै यहाँका बस्ती नजिकै रहेको वनजङ्गलका कारण वन्यजन्तुसंगको सामिप्यताबाट हुने जोखिम समेत रहेको छ। विपद्को पहिलो दृष्यमा नै यहाँ रहेका अव्यबस्थित खोला तथा खोल्साहरुलाई प्रमुख चुनौति र समस्याको रुपमा लिन सकिन्छ। यहाँका अधिकांश भिरालो जमिन खोलाले कटान गर्ने र माथिल्लो भाग बिस्तारै बग्ने क्रमले गर्दा जमिनमा धाँजा फाटेर सबै वडामा पहिरो गएका कारण धेरै बस्तीहरूमा जोखिम बढ्दै गएको देखिएको छ। यस किसिमका ठुला पहिरोहरू वडा नं ९ को हाङदेवा तथा चिनिया र हिरेवाका साथै धेरैजसो वडाहरूमा रहेको छ जसका कारण बस्तीहरू नै स्थानान्तरण गर्नुपर्ने देखिएको छ। यस पालिकामा आगलागीको जोखिम पनि उच्च रहेको छ प्राय सबै वडाहरूमा वर्षेनी २—४ घर आगलागी भइरहेको छ भने २०७१ चैत्रमा वडा नं ४ को तोक्मेटोलमा एकैपटक ४७ घर जलेर नष्ट हुनाका साथै वडा नं ६ को सेर्पाटोलमा २०७२ मा ८ घर जलेर नष्ट भएको छ। महामारीमा खास गरेर कोरोना भइरसको संक्रमणका प्रभाव यस पालिकामा उच्च रहेको कारण समुदायलाई आक्रान्त वनाएको देखिन्छ। हालसालै यस पालिकामा पशुमा देखिएको लम्की डिजिजको संक्रमणका कारण पशु क्षति बढिरहेको छ। यस पालिकामा रहेको मेची राजमार्ग र पालिकामा निर्माण भएका सडकमा बढ्दो सवारी साधनको चाप, तथा जनतामा रहेको ट्राफिक नियम सम्बन्धि न्युन चेतनाका कारण सडक दुर्घटना र यसबाट हुने मानवीय मृत्यु दिनप्रतिदिन क्रमशः वृद्धि भइरहेको छ। हावाहुरी, र असिनाले मानवीय क्षति नगरेको भए पनि घरका छानाहरू उडाउने र बालिनाली, तरकारी, फलफुल र नगदे बालीको ठुलो क्षति गरिरहेको छ। यस पालिकाका वनजङ्गल तथा कञ्चनजङ्घा संरक्षण क्षेत्रका जंगलमा रहेका बाँदर, ढेडु, मृग, दुम्सी, सालक, भालु, चितुवा तथा बाघ लगायतका जंगली जनावरको त्रास रहेको छ। वडा नं ११ मा बाघ र चितुवाले घरपालुवा जनावर बाखा, भेडा, गाइहरू मार्ने क्रम बढिरहेको छ भने सबै वडामा बालीनाली नोक्सानी गरिरहेको छ। यसका अतिरिक्त सर्पदंश र कुकुरको टोकाइबाट समेत यस पालिकामा मानवीय क्षति हुने गरेको छ। शहरी क्षेत्रमा कुकुरको टोकाइ अत्यधिक मात्रामा बढ्दै गइरहेको देखिन्छ।

यसरी हुने विपद्का असरहरु समग्रमा सबै ब्यक्ति, परिवार तथा समुदायलाइ परेतापनि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु एवं जातीयताका आधारमा विभेद झेल्ने दलित तथा गरिब समुदायहरु अत्यधिक जोखिममा रहने गरेको देखिन्छ। विशेष गरी सम्भावित विपद हुने क्षेत्रमा बसोवास गर्ने समुदायका महिला, बालबालिका अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, लगायत अन्य सीमान्तकृत वर्गको विपदको जोखिम अन्य सामाजिक तथा आर्थिक रुपमा सम्पन्न समुहको भन्दा बढी हुने गरेको छ र प्राय विपदको जोखिमयुक्त क्षेत्रमा सीमान्तकृत, भूमिहीन, गरिब तथा पिछडा वर्गहरु नै वसोवास गर्ने गरेको पाइन्छ। तसर्थ समुदायस्तरको जोखिम विष्लेषण प्रकृयामा यी समुहहरुको सहभागिता सुनिश्चित गरी उनिहरूमा रहेको जोखिम सम्बन्धि सम्पूर्ण जानकारी प्राप्त गर्नुपर्दछ। यहाँ रहेका विपद्का जोखिमहरूलाइ कम गर्नका लागि समुदायस्तरमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको ज्ञान र बुझाइ अभिवृद्धि गरी सबैको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताबाट परिवार र समुदायस्तरमा नै पूर्वतयारी र जोखिम न्यूनीकरण गर्नसके पालिकाले लिएको लक्ष प्राप्ती हुनाका साथै विपद उत्थानशील समुदाय निर्माणमा टेवा पुग्दछ।

यस पालिकाका सबै वडामा गरिएको वडास्तरीय छलपफलबाट फुङलिङ नगरपालिकामा हुने विपद्का घटनाहरूलाइ सुचिकरण गरी तुलनात्मक रूपमा गरिएको स्तरीकरणका आधारमा हेर्दा निम्नानुसार प्रकोपहरूको क्रम देखिएको छ; १. पहिरो, २. बाढी, ३.असिना

४. हावाहुरी, ५. आगलागी, ६. महामारी ७. भुकम्प, ८. चटयाङ, ९. कुकुरको टोकाइ १०. सर्पदंश र ११. वन्यजन्तु आतंक देखिएको छ जसलाइ निम्नानुसार तालीकामा देखाइएको छ ।

**तालिका ६ : फुङलिङ नगरपालिकाको वडास्तरीय प्रकोप स्तरीकरण**

| वडा | बाढी | पहिरो | आगलागी | चटयाङ्ग | महामारी | भूकम्प | सर्पदंश | कुकुरको टोकाइ | हावाहुरी | असिना | वन्यजन्तु आतङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ९ | ५ | ८ | ३ | ० | १ | ४ | ५ | ६ | ३ |
| २ | ६ | ७ | ८ | ४ | ३ | १ | १ | २ | ८ | ९ | ६ |
| ३ | १० | ९ | ८ | ३ | ७ | ४ | १ | २ | ६ | ५ | ० |
| ४ | ८ | ६ | १० | २ | ९ | ७ | १ | ३ | ५ | ४ | ० |
| ५ | ८ | ४ | १० | १ | ९ | ४ | २ | ४ | ६ | ७ | ० |
| ६ | ९ | ७ | ८ | १ | १० | २ | ३ | ४ | ५ | ७ | ० |
| ७ | ७ | ३ | ८ | ० | ९ | ६ | १ | २ | ४ | ५ | |
| ८ | ३ | १० | ७ | ४ | ७ | २ | १ | ० | ८ | ९ | ४ |
| ९ | ९ | १० | २ | ४ | ६ | ५ | ३ | १ | ७ | ८ | ० |
| १० | ७ | १० | १ | २ | ० | ६ | ४ | ३ | ८ | ९ | ५ |
| ११ | ७ | १० | २ | ४ | १ | ३ | ५ | ० | ८ | ९ | ६ |
| **जम्मा** | **८४** | **८५** | **६९** | **३३** | **६४** | **४०** | **२३** | **२५** | **७०** | **७८** | **१५** |
| **स्तर** | **२** | **१** | **५** | **८** | **६** | **७** | **१०** | **९** | **४** | **३** | **११** |

*स्रोतः वडास्तरीय छलफल २०८०*

**तालिका ७ : फुङलिङ नगरपालिकामा भएको क्षतिको विवरण (२०१०— जुन २०२३ सम्म)**

| क्र.सं. | प्रकोपका घटना | घटना संख्या | प्रभावित परिवार | मानवीय मृत्यु | घाइते | घर क्षति | पशु क्षति | अनुमानित आर्थिक क्षति (रू हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | आगलागी | ३८ | ६२ | ० | २ | ४८ | ० | १३०,५४१,७०० |
| २ | बाढी तथा अत्यधिक वर्षा | ४ | ४ | ० | ५ | ३ | ० | १,६५५,००० |
| ३ | पहिरो | ७ | ७२ | ६ | ४ | ४५ | ३१९ | ० |
| ४ | सर्पदंश | १ | १ | १ | ० | ० | ० | ० |
| ५ | हुरीबतास | १ | ० | १ | ० | ० | ० | ० |
| ६ | चट्याङ्ग | ७ | ७ | २ | ५ | ० | ० | ० |
| | **जम्मा** | **५८** | **१४६** | **१०** | **१६** | **९६** | **३१९** | **१३२१९६७००** |

*स्रोतः गृह मन्त्रालयको तथ्यांक (डिजास्टर पोर्टल)*

गृह मन्त्रालयको तथ्यांक (डिजास्टर पोर्टल) अनुसार सन् २०१० देखि हालसम्मको यस नगरपालिकामा ५८ वटा विपदका घटना घटेको र जसका कारण १० जनाको मृत्यु तथा १६ जना घाइते भएको तथ्यांकले देखाएको छ। यो तथ्यांक समुदायमा भएको छलफलबाट प्राप्त तथ्याङ्कसंग मेल खाँदैन। यसको प्रमुख कारण विपद् व्यवस्थापन सुचना प्रणाली एकदम कमजोर रहेको देखिन्छ। यस पालिकामा विपद्का कारण सार्वजनिक तथा व्यक्तिगत घरसम्पत्तिको क्षति तथा जग्गा जमिन कटान गर्नुका साथै बालीनाली क्षतिको अवस्था बढ्दै गई आर्थिक नोक्सानी बढेको छ। त्यस्तै चटयाङ, आगलागी र महामारीको जोखिम पनि बढ्दै गइरहेको पाइन्छ। यो पालिका पहाडी भिरालो भूभागमा अवस्थित रहेकाले बाढी पहिरो तथा आगलागीको कारण उच्च जोखिममा रहेको छ। साथै यस नगरका अन्य वडा र विभिन्न पालिकाहरूबा यहाँका केही वडाहरूमा अन्य क्षेत्रबाट बसाइ सराइका कारण तिव्र रूपमा वस्ती विकास तथा शहरीकरण भइरहेको छ भने समग्र पालिकालाइ हेर्दा यहाँबाट बसाइसराइ भइ आउने र जाने क्रम बढेको देखिन्छ। यहाँ भइरहेको शहरीकरणका कारण सडकको स्तरोन्नती भइरहेको छ। यद्यपि सबै वडाहरूमा मापदण्ड अनुसार सडकहरु नबनेका कारण यसले पहिरो निम्त्याएको छ भने आगलागीका बखत दमकलको पहुँच समेत पुगेको छैन। यसका साथै शहरी क्षेत्रमा बनेका सडकहरू समेत साँघुरा भएका र ढल व्यवस्थापन नहुँदा वर्षाको समयमा माथिल्लो भेगको पानीले तल्लो भेगमा बाढी निम्त्याएको

छ। यहाँ सडकहरूलाई पैदल यात्री तथा अपांगतामैत्री बनाउन नसक्नु, सडकपेटी र ट्राफिक व्यवस्थापन व्यवस्थित नहुँदा सडक दुर्घटनाको संख्या समेत वृद्धि भइरहेको छ ।

### १.३.१ फुङलिङ नगरपालिकाको वडागत विपद्को समय प्रवाह विश्लेषण

यहाँको जमिनको बाहिरी आवरण तथा भित्री बनौटको अवस्था, वातावरण र मानवीय गतिविधिका कारण प्राकृतिक तथा मानवसृजित विपद्का घटनाहरूको संख्या र क्षति पनि बढ्दै गइरहेको छ। विपद्ले मानिस मार्ने होइन, मानिसको गतिविधि तथा उसको सामना गर्ने क्षमता तथा सचेतना कमजोर भएका कारण जोखिम तथा क्षतिको मात्रा घटबढ हुने गर्दछ। प्राकृतिक रूपमा हुने विपदहरूलाइ रोक्न सकिदैन, यो निरन्तर चलिरहन्छ यसको प्रभावलाई रोकथाम, अल्पिकरण तथा पूर्वतयारीका कामहरू गरेर क्षति कम गर्न सकिन्छ। यसैगरी जलवायु परिवर्तनका प्रभावलाई कम गर्न कठिनाइ छ, तर यसको प्रभावबाट बँच्न अनुकुलित हुने क्रियाकलाप तथा तरिकाहरूको विकास गर्न सकिन्छ। मानवीय क्रियाकलापका कारण हुने विपद्हरूलाइ रोक्न छेक्न सकिन्छ। त्यसैले विपदको घटनाहरूको समय चक्रको विश्लेषण गर्न जरूरी छ।

वडास्तरीय भेलामा भएका छलफलबाट प्राप्त तथ्याङ्क अनुसार यस नगरपालिकाका वडाहरूमा विगतमा घटेका प्रकोपका घटनाहरू, यसले निम्त्याएको विपद्को अवस्था र क्षति तथा यस्ता घटनाहरूको सामना गर्नका लागि समुदायले गरेका प्रयासहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ८ : फुङलिङ नगरपालिकाको वडा तहमा प्रकोप, यसका कारण तथा प्रभाव र प्रतिकार्यका लागि गरेका प्रयासहरू**

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| **वडा नं १** | | |
| बाढी | यस वडाका प्रमुख नदी, खोला तथा खहरे खोल्साहरूः सार्के खोला, खसिनी खोला, बाङ्गे खोला, थाङ्ने खोला, र चिचोरा खोला हुन।<br>जनगणना २०७८ अनुसार यस वडामा २६९ घरधुरी रहेका छन्।<br>यस वडामा रहेका खोला तथा खोल्सीका बाढीको कटानका कारण जमिन तलतिर सरेर पहिरोको समस्या देखिएको छ। जसका कारण ७० घर परिवार जोखिममा रहेको छ।<br>नाङ्गेमा रहेको विद्यालय पनि उक्त कटानका कारण उच्च जोखिममा रहेको छ।<br>बजारका बिरेन्द्रचोक, तोक्मेचोक, कारेचोकको ढल यस वडाका खोलामा मिसिदा वर्षा याममा यहाँका बस्तीहरू उच्च जोखिममा पर्ने गरेका छन्।<br>बाढीका कारण एकजना घाइते भएको २ वटा घर पूर्ण क्षति भएको र यहाँ रहेका नरकन्या आधारभुत विद्यालय, महेन्द्र आधारभुत विद्यालय र दुर्गम आधारभुत विद्यालय आंशिक क्षति भएको छ। यस वडामा करीब ५ हजार रोपनी जग्गा क्षति भएको छ। | खोलाले गर्ने कटानलाइ रोक्न तटबन्धका लागि प्रयास भइरहेको छ। क्षति न्यूनीकरणका लागि वडाले नदीमा तटवन्ध, तारजाली लगाउने लगायतका योजना बनाइरहेको छ। |
| पहिरो | यस वडामा भएको नदी तथा खोलाहरूले जमिन कटान गर्दा र बजारमा अव्यस्थित ढलका कारण वर्षायाममा आएको बाढीका कारण यहाँको जमिन तलतिर सरिरहेको छ र जमिनमा धाजा फाटिरहेको छ जसले गर्दा पहिरोको जोखिम उच्च रहेको छ।<br>करीब ७० घरपरिवार उक्त पहिरोको उच्च जोखिममा रहेका छन्। | केही स्थानमा सामान्य तारजाली लगाउने बाहेक अन्य कार्यहरू भएका छैनन्। |
| आगलागी | २०७० सालदेखि २०८० को अवधिमा २० घर जलेर नष्ट भइ करीब २० लाख बराबरको आर्थिक क्षति भएको छ।<br>यस वडाको सबै क्षेत्रमा दमकल जाने बाटो नभएको र पानीको स्रोतको व्यवस्थापन हुन नसकेका कारण आगलागिको घटना बढीरहेको छ।<br>आगलागिको जोखिमबाट ४० घर उच्च रहेको छ। | आगलागिको समयमा समुदायले निभाउने प्रयास गरेको बाहेक खासै प्रतिकार्य भएको छैन। |
| महामारी | कोरोना धेरै मानिसमा संक्रमण भएतापनि यसका कारण १ जनाको मृत्यू भएको कोरोनाका कारण सामाजिक, आर्थिक, शैक्षिक, मनोवैज्ञानिक असर सबैमा परेको र दैनिक ज्यालामजदुरी गरी जीवन गुजारा गर्नेहरूको दैनिक जीवन प्रभावित भइ नगरपालिकाले राहत वितरण गर्नुपर्ने अवस्था सिर्जना भएको। | नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ, परीक्षण र उपचारका लागि स्वास्थ्यकर्मीहरूलाइ परिचालन गरेको थियो। क्वारेन्टाइन तथा आइसोलेसनको स्थापना तथा सञ्चालन गरिएको थियो |
| भूकम्प | २०७२ सालको भूकम्पका कारण ४१ घर आंशिक क्षति भएको | प्रभावित परिवार आफैले मर्मत कार्य गरेको। |
| चटयाङ्ग | २०७२ सालमा चटयाङ्गबाट २ जनाको मृत्यु भएको | केही पनि भएको छैन। |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| हुरीबतास तथा असिना | यस वडामा हुरीबतास तथा असिनाको कारण पनि क्षति हुने गरेको छ। यसको एकीन तथ्यांक छैन।<br>हालसम्म हुरिबतासका कारण ९ वटा घरको छाना उडाएको र नाङ्गे आधारभूत विद्यालयको छाना समेत उडाएको छ।<br>हावाहुरी र असिनाका कारण यहाँ लगाइएको मकै, गहुँ, आलु, तरकारी, फलफुल, सुन्तला, अलैंची लगायतका बालीनाली क्षति भइ वार्षिक करीब १० लाखको नोक्सानी हुने गरेको छ। | खासै प्रयास भएको छैन। |
| **वडा नं २** | | |
| बाढी | यस वडामा तमोर नदी, खसेनी खोल्सा र थाङ्ने खोल्सा जस्ता नदी खोल्साहरू रहेका छन्।<br>जनगणना २०७८ अनुसार यस वडामा रहेको ९५६ घरधुरी रहेका जसमध्ये बाढी तथा पहिरोको जोखिममा रहेको घर परिवार २९० रहेको।<br>२०७० सालदेखि हालसम्म मानवीय मृत्यु भएको छैन।<br>२०७२ सालमा ३ वटा घर सामान्य क्षति भएको, ५० रोपनी जमीनमा लगाएको अन्नबाली र अलैंची क्षति भएर करीब १५ लाख बराबरको आर्थिक क्षति भएको। | खोलाले गर्ने कटानलाइ रोक्न तटबन्धका लागि प्रयास भइरहेको छ। क्षति न्यूनीकरणका लागि वडाले नदीमा तटवन्ध, तारजाली लगाउने लगायतका योजना बनाइरहेको छ। |
| पहिरो | २०७२ सालमा सामान्य पहिरो आइ टारगाउँ र टाकुरे टोलमा ७ घर जोखिममा परेको। | केही स्थानमा सामान्य तारजाली लगाउने बाहेक अन्य कार्यहरू भएका छैनन्। |
| आगलागी | यस वडामा २०७० सालदेखि हालसम्म ६ घर जलेर नष्ट भएको छ। जसका कारण करीब ६० लाख बराबरको आर्थिक नोक्सानी भएको छ। रिजाल लाइन, बोझे भेटनरी, लहरे गाउँ र देवलिङ्गे टोलका करीब ३५० घर जोखिममा रहेका छन्। | आगलागि भएमा नियन्त्रण गर्न सबै मिलेर प्रयास गर्ने गरेको,<br>दमकललाइ खबर गरेर वोलाउने। |
| कोरोना | कोरोनाको कारण १ जनाको मृत्यु भएको। करीब ३५० जना संक्रमित भएको र आर्थिक तथा सामाजिक क्रियाकलाप अवरूद्ध भएको,<br>गरीव तथा अति विपन्नहरुलाई दाल चामल लगायतको खाद्यान्न सामग्री वितरण गरेको थियो।<br>कोरोना संक्रमणको शुरूवाती चरणमा एकार्का बीच बोलचाल वन्द, मानसिक समस्या र व्यवहार परिवर्तन जस्ता प्रभावहरू देखिएका। | नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ, परीक्षण र उपचारका लागि स्वास्थ्यकर्मीहरूलाइ परिचालन गरेको थियो। जिल्ला अस्पताल र उद्योग वाणिज्य संघमा क्वारेन्टाइन तथा आइसोलेसनको स्थापना तथा सञ्चालन गरिएको थियो। |
| भूकम्प | २०७२ सालको भूकम्पका कारण ३० आंशिक क्षति भएको र करीब ३० लाख बराबरको आर्थिक नोक्सानी भएको।<br>याङ्लीजुङ आधारभुत विद्यालय, बिरेन्द्र माध्यमिक विद्यालय र शान्ती आधारभुत विद्यालयको भवन आंशिक क्षति भएको। | भुकम्पबाट प्रभावित परिवारहरु आफैले घरहरू मर्मत गरेका छन् । |
| चटयाङ्ग | मानवीय क्षति भएको छैन। घरमा जडान गरिएका विद्युतीय सामग्रीहरू क्षति हुने गरेका छन्। चटयाङ्गका घटनाहरु क्रमशः बढिरहेको छ। | खासै प्रयास भएको छैन। |
| सर्पदंश र कुकुरको टोकाइ | यस वडामा सर्पदंशका कारण २०७७ सालमा एकजनाको मृत्यु भएको छ। वर्षेनी ५-७ जनालाइ सर्पले टोक्ने गरेको छ।<br>२०७४ सालमा कुकुरको टोकाइबाट एकजनाको मृत्यु भएको छ। बजार क्षेत्रमा कुकुरको आतंक बढेको छ। | घरेलु उपचार र विषालु सर्प देखिएमा जिल्ला अस्पतालमा उपचारका लागि लैजाने गरेको छ। |
| हावाहुरी, खडेरी र असिना | हावाहुरीका कारण ३ वटा घर र १५ वटा जति गोठ क्षति भएको र मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भएको छ।<br>२०७९ मंसिरदेखि २०८० जेष्ठसम्मको खडेरीले मकै तथा अलैंची सुकेको। करीब १० लाख बराबरको आर्थिक नोक्सानी भएको<br>असिना वर्षेनी पर्ने गरेको छ। २०७३ र २०८० धेरै असिना परी मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बालीमा धेरै क्षति पुर्याएको छ। करीब २५ लाखको बराबरको आर्थिक नोक्सानी भएको। | खासै प्रयास भएको छैन। |
| **वडा नं ३** | | |
| बाढी | यस वडामा मुख्य नदी तथा खोलाहरु; तमोर नदी, भाँडीखोला, भाँटेखोल्सा, मुडे खोल्सा (साउने), बेपारे खोल्सा र खहरे खोल्सा रहेका छन। मुडे खोल्सामा आएको बाढीले २०७३ सालमा ३ जनाको मृत्यु भएको र २ वटा घर पुर्ण क्षति भएको। | खोलाले गर्ने कटानलाइ रोक्न तटबन्धका लागि प्रयास भइरहेको छ। क्षति न्यूनीकरणका लागि वडाले नदीमा |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| | उक्त बाढीले यहाँका बाटो तथा नाली समेत बाढीले क्षति पुर्याएको छ भने ६० घरले सिञ्चाइ गर्ने कुलो समेत क्षति भएको छ। २०८० मा एउटा घर क्षति भएको। तमोर नदीले मसाने घाट नजिक करीब ३०० रोपनी जमीन क्षति गरेको छ भने भाटे खोलाले करीब ८० रोपनी जमिन क्षति भएको छ। बाढीका कारण करीब २५ लाखको बराबरको आर्थिक नोक्सानी भएको। यस वडामा रहेको ६५० घरधुरी मध्ये बाढीका कारण जमिन कटान र सर्ने जोखिममा रहेको घर परिवार संख्या ३५ जति रहेको छ। | तटवन्ध, तारजाली लगाउने लगायतका योजना बनाइरहेको छ। |
| पहिरो | २०७३ सालमा सामान्य पहिरो आएको। यस वडाका केनिम, कार्तिके, हलीबोटे, गुहेली, आगेदिन, मुडे, सिटेनी, सिकारीडाँडा, फागेडाँडा, र भिरकुनाको जमिन कटान गरेको र करीब ६५ घर जोखिममा रहेका छन्। | केही स्थानमा सामान्य तारजाली लगाउने बाहेक अन्य कार्यहरू भएका छैनन्। |
| आगलागी | २०७९ सालमा २ घर जलेर नष्ट भइ बाखा ४ वटा मरेको भैसी र गोरू समेत सामान्य जलेको र करीब २० लाख बराबरको आर्थीक क्षति भएको। सबै स्थानमा दमकलको पहुँच छैन। हरेक वर्ष वन डढेलो लाग्ने गरेको छ। कार्तिके, गुँहेली, भोट, सिटेनी, फागेडाँडा, भिरकुनाका करीब ५० घर जोखिम रहेका छन्। | आगलागि भएमा नियन्त्रण गर्न सबै मिलेर प्रयास गर्ने गरेको, दमकललाइ खबर गर्ने गरेको। |
| भूकम्प | २०७२ सालमा २० घर आंशीक क्षति भइ करीब २० लाख बराबरको आर्थीक क्षति भएको। | भुकम्पबाट प्रभावित परिवारहरु आफैले घरहरू मर्मत गरेका छन् । |
| चट्याङ्ग | चट्याङ् वर्षेनी परिरहेको छ खासै क्षति भएको छैन। | खासै प्रयास भएको छैन। |
| महामारी | कोरोनाका कारण धेरै मानिसहरू संक्रमित भएता पनि परीक्षणका लागि नगएर घरमा नै क्वारेण्टाइनमा बसेका थिए। यस वडामा मानवीय मृत्यु नभएको। | नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ, परीक्षण र उपचारका लागि स्वास्थ्यकर्मीहरूलाइ परिचालन गरेको थियो। |
| हावाहुरी तथा असिना | हावाहुरी तथा असिना वर्षेनी आउछ। हावाहुरीले १०० घरको छाना उडाएको छ।सिम्ले आधारभुत विद्यालयको र बरडाँडा आधारभुत विद्यालयको छाना उडाएको छ। साथै मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीव ४० लाख को आर्थिक नोक्सानी भएको। असिनाको कारण मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीब ५० लाख बराबरको आर्थिक नोक्सानी भएको। | खासै प्रयास भएको छैन। |
| पशुमा लाग्ने लम्की डिजिज | हालसालै २०८० मा पशुमा लाग्ने लम्की डिजिजको बाखा, गाइ, गोरू, भैसीमा भएको संक्रमणका कारण करीब ५-७ वटा पशुको मृत्यु भइसकेको र संक्रमण फैलने क्रममा रहेको छ। | सामान्य औषधी बाहेक खासै प्रयास भएको छैन। |
| **वडा नं ४** | | |
| बाढी | यस वडामा मुख्य खोलाहरु; सार्के खोल्सा र खसेनी खोल्सा रहेका छन। यिनै खोल्साहरूमा वर्षाको समयमा आएको बाढीले २०७२ सालमा एकजनाको मृत्यु भएको छ। यस वडामा रहेको १०७२ घरधुरी मध्ये बाढीको जोखिममा १५ घर परिवार रहेको छ। २०७६ सालमा एकघर क्षति भएको र खेतमा लगाएको बाली क्षति भइ करी १० लाख बराबरको आर्थिक नोक्सानी भएको। | खोलाले गर्ने कटानलाइ रोक्न तटबन्धका लागि प्रयास भइरहेको छ। क्षति न्यूनीकरणका लागि वडाले नदीमा तटवन्ध, तारजाली लगाउने लगायतका योजना बनाइरहेको छ। |
| पहिरो | यस वडामा पहिरोको क्षति सामान्य रहेको छ। | केही स्थानमा सामान्य तारजाली लगाउने बाहेक अन्य कार्यहरू भएका छैनन्। |
| आगलागी | २०७१ चैत्रमा तोक्मे टोलका ४७ घर र पसल नष्ट भइ ४९ करोड बराबरको आर्थिक क्षति भएको। २०७७ एक जनाको मृत्यु भएको र २ घर जलेर नष्ट भइ करीब ७० लाख बराबरको आर्थिक क्षति भएको। आगलागीको जोखिममा बजार क्षेत्रका करीब २०० घर जोखिममा रहेको छ। विद्युत सर्ट भइ आगलागीका घटना बढिरहेको छ। | आगलागि भएमा नियन्त्रण गर्न सबै मिलेर प्रयास गर्ने गरेको, दमकललाइ खबर गर्ने गरेको। |
| चट्याङ | जौबारी टोलमा १ जनाको मृत्यु भएको र घरमा सामान्य क्षति पुगेको। | खासै प्रयास भएको छैन। |
| महामारी | कोरोनाबाट ४०० जना भन्दा बढी संक्रमित भइ ६ जनाको मृत्यु भएको। औषधी उपचारमा धेरै खर्च भएको, व्यवसाय समेत बन्द भएको, बैदेशिक रोजगार बन्द भएको। | नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ, परीक्षण र उपचारका लागि स्वास्थ्यकर्मीहरूलाइ परिचालन गरेको थियो। |
| भूकम्प | २०७२ को भूकम्पका कारण ४०० घर आंशीक क्षति भइ करीब ४ करोड बराबरको आर्थिक क्षति भएको। | प्रभावित परिवार आफैले घर मर्मत गरेको। |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| सर्पदंश र कुकुरको टोकाइ | वार्षिक ५-७ जनालाइ सर्पले टोक्ने र मासिक ५-७ जनालाइ कुकुरले टोकेता पनि हालसम्म मानवीय क्षति भएको छैन। | प्रभावित परिवार आफैले उपचार गर्ने गरेको। |
| हावाहुरी र असिना | हावाहुरी तथा असिना वर्षेनी आउछ। खेतबारीमा लगाएको मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीव १० लाख को आर्थिक नोक्सानी भएको।<br>असिनाको कारण मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीब १० लाख बराबरको आर्थिक नोक्सानी भएको। | खासै प्रयास भएको छैन। |
| **वडा नं ५** | | |
| बाढी | यस वडामा मुख्य खोलाहरु दमाइ खोल्सी, सार्के खोल्सा, र साधु खोल्सा रहेका छन। सार्के खोल्सामा आएको बाढीले २०७६ सालमा एक जनाको मृत्यु भएको र २ घरमा बाढी पसेको छ।<br>यस वडामा रहेका ५४२ घरधुरी मध्ये १०० घर परिवार बाढी तथा कटानका कारण जोखिममा रहेको देखिन्छ। | खोलाले गर्ने कटानलाइ रोक्न तटबन्धका लागि प्रयास भइरहेको छ। क्षति न्यूनीकरणका लागि वडाले नदीमा तटवन्ध, तारजाली लगाउने लगायतका योजना बनाइरहेको छ। |
| पहिरो | २०७६ मा दमाइ खोल्सामा आएको बाढीले जमिन धाँजा फाटेर उकालीपानीमा पहिरो गइ उकालीपानी, सिर्जना, र नवज्योती टोलको करीब ५० घर जोखिममा रहेको। | केही स्थानमा सामान्य तारजाली लगाउने बाहेक अन्य कार्यहरू भएका छैनन्। |
| आगलागी | २०७६ सालमा नयाँरोडमा ५ घर जलेर नष्ट भइ करीब ६० लाख बराबरको आर्थिक क्षति भएको।<br>आगलागिको जोखिममा ५० घर रहेको छ। | आगलागि भएमा नियन्त्रण गर्न सबै मिलेर प्रयास गर्ने गरेको,<br>दमकललाइ खबर गर्ने गरेको। |
| भुकम्प | २०७२ बैशाखमा २० आंशिक क्षति करीब २० लाख बराबरको आर्थिक क्षति भएको | क्षति भएका घरहरू परिवार आफैले मर्मत गरेको। |
| महामारी | कोरोनाको कारण २ जनाको मृत्यु तथा करीब ३०० जना संक्रमित भएको। | नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ, परीक्षण र उपचारका लागि स्वास्थ्यकर्मीहरूलाइ परिचालन गरेको थियो। |
| चट्याङ्ग | वर्षेनी चट्याङ्गको घटना बढिरहेको मानवीय मृत्यु भएको छैन। | खासै प्रयास भएको छैन। |
| सर्पदंश र कुकुरको टोकाइ | वार्षिक ५-७ जनालाइ सर्पले टोक्ने र मासिक ५-७ जनालाइ कुकुरले टोकेता पनि हालसम्म मानवीय क्षति भएको छैन। कुकुरले भेडा, बाख्रा ४ वटा मारेको। | प्रभावित परिवार आफैले उपचार गर्ने गरेको। |
| हावाहुरी र असिना | हावाहुरी तथा असिना वर्षेनी आउछ। खेतबारीमा लगाएको मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीव १० लाख को आर्थिक नोक्सानी भएको।<br>२०८० मा असिनाको कारण मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीब १० लाख बराबरको आर्थिक नोक्सानी भएको। | खासै प्रयास भएको छैन। |
| **वडा नं ६** | | |
| बाढी | यस वडा भएर बग्ने मुख्य खोलाहरु श्याम खोल्सा, सार्के खोल्सा, माछापोखरी खोला, चिचोरा खोला, ढाँडे खोल्सा, खहरे खोला, पारा खोला, बगरबारी खोला र सिमघर खोला रहेका छन।<br>२०७६ मा सार्के खोल्सा र श्याम खोल्सामा आएको बाढीका कारण २ जनाको मृत्यु भएको र ६ घरमा बाढी पसी क्षति भएको।<br>सुकेटार विमानस्थलको पानीको व्यवस्थित निकास नभएका कारण बाढी आएर बाटो क्षति तथा अन्नबाली नोक्सानी गर्ने गरेको छ। साथै बजारमा व्यवस्थित ढल नहुँदा १, २ र ६ नं वडा बढी प्रभावित भइ करीब २०० रोपनी जग्गा समेत क्षति भइ करीब ५० लाख बराबरको आर्थिक नोक्सानी भएको छ। | खोलाले गर्ने कटानलाइ रोक्न तटबन्धका लागि प्रयास भइरहेको छ। क्षति न्यूनीकरणका लागि वडाले नदीमा तटवन्ध, तारजाली लगाउने लगायतका योजना बनाइरहेको छ। |
| पहिरो | डाँडाबारी, सेर्पा टोल, सुकेटार र थुमाजुङमा जमिनमा धाँजा फाटेर पहिरो विस्तार भइ करीब १०० घर जोखिममा रहेको। एक घर पुर्ण क्षति भएको र करीब १०० रोपनी जमिन जोखिममा रहेको छ। | केही स्थानमा सामान्य तारजाली लगाउने बाहेक अन्य कार्यहरू भएका छैनन्। |
| आगलागी | २०७२ मा आगलागी भइ सेर्पा टोलमा ८ घर नष्ट भएको र २०७४ मा आगलागी भइ पाथिभरा टोलमा ४ घर नष्ट भइ करीब १ करोड २० लाख बराबरको आर्थिक नोक्सानी भएको छ।<br>सेर्पा टोल, पाथिभरा टोल डाँडाबारी टोल, बिहिबारे, सुकेटारका करीब १०० घर उच्च जोखिम रहेको छ। | आगलागि भएमा नियन्त्रण गर्न सबै मिलेर प्रयास गर्ने गरेको,<br>दमकललाइ खबर गर्ने गरेको। |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| महामारी | कोरोनाका कारण ४ जनाको मृत्यु हुनाका साथै करीब २५० जना संक्रमित भएका छन्। | नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ, परीक्षण र उपचारका लागि स्वास्थ्यकर्मीहरूलाइ परिचालन गरेको थियो। |
| भुकम्प | २०७२ बैशाखमा १५ आंशिक क्षति करीब १५ लाख बराबरको आर्थिक क्षति भएको | क्षति भएका घरहरू परिवार आफैले मर्मत गरेको। |
| चट्याङ्ग | वर्षेनी चट्याङ्ग पर्ने गरेको छ। विद्युतीय सामग्री नष्ट भइरहको र अन्य खासै क्षति भएको छैन। | खासै प्रयास भएको छैन। |
| सर्पदंश र कुकुरको टोकाइ | वार्षिक ५-७ जनालाइ सर्पले टोक्ने र मासिक ५-७ जनालाइ कुकुरले टोकेता पनि हालसम्म मानवीय क्षति भएको छैन। कुकुरले ५ वटा भेडा, २१ वटा बाखा र २ वटा गाइ मारेको।यसका साथै यस वडामा भालु, दुम्सी र मृगले समेत अन्नबाली क्षति गरिरहेको छ। | प्रभावित परिवार आफैले उपचार गर्ने गरेको। |
| हावाहुरी र असिना | हावाहुरी तथा असिना वर्षेनी आउछ। २०७२ सालमा १५ घरको छाना, अमृतस्मृती आधारभुत विद्यालयको छाना उडाउनुका साथै खेतबारीमा लगाएको मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीव ३० लाख बराबरको आर्थिक नोक्सानी भएको।<br>२०८० मा असिनाको कारण मकै, गहुँ, फलफुल, तरकारी तथा नगदे बाली समेत क्षति भइ करीब १ करोड २० लाख बराबरको आर्थिक नोक्सानी भएको। | खासै प्रयास भएको छैन। |
| **वडा नं ७** | | |
| बाढी | यस वडाका प्रमुख नदी, खोला तथा खहरे खोल्साहरू केनिम खोला, ताक्मारे खोल्सा, भाँडी खोल्सा, काठेबर खोल्सा, भाङबारी खोल्सा र मेहले खोल्सा हुन। यस वडामा वर्षाको समयमा विपद्को अवस्था ल्याउन यी खोलाहरुले प्रमुख भूमिका खेलेका छन। २०७८ को जनगणना अनुसार यस वडामा रहेको ४५९ घरधुरी मध्ये केनिम खोलाको नजिक रहेका केनिम बहानन्दे टोलको ५० घर बाढीका कारण हुने कटानको जोखिममा रहेका छन्। | तटबन्धको लागि पहल भइरहेको |
| पहिरो | हालसम्म क्षति भएको छैन। यस वडामा केनीम खोल्सी पहिरो, केनीम खोल्सी लहरे ढुङ्गा पहिरो र केनीम खोल्सी देखि नेपाल चौरसम्मको पहिरोका कारण यहाँका बस्तीहरू जोखिममा रहेका छन्। सिमसार र भिरालो जमिन धेरै भएकाले पहिरोको जोखिम उच्च देखिन्छ। | केनिम खोल्सी पहिरो रोकथामका लागि हालसम्म केही कार्य भएको छैन। लहरे ढुङ्गा पहिरो र नेपाल चौर पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माणाधिन अवस्थामा रहेको छ। |
| आगलागी | २०७० देखि २०८० को अवधिमा ३ घर जलेर पूर्ण क्षति भएको र करीब करीब १ करोड ५० लाख बराबरको नोक्सानी भएको।<br>आगलागिको जोखिममा १५ घर रहेको छ। | समुदायले नगरपालिकामा सुचना गर्ने र आगो नियन्त्रणका लागि सक्दो प्रयास गर्ने गरेको । नगरपालिकामा दमकल र मिनि दमकलको व्यवस्था भएको। |
| महामारी कोरोना | करीब ७५ प्रतिशत जनसंख्यामा कोरोना महामारीको संक्रमण फैलिएको र ३ जनाको मृत्यु भएको। समग्र जनजीवन प्रभावित भइ सामाजिक तथा आर्थिक गतिविधि अवरूद्ध भएको। | वडामा ट्रेसिङ, ट्र्याकिङ र ट्रिटमेण्टका लागि आरआरटी परिचालन गरिएको, वडा नं ५ मा रहेको उद्योग वाणिज्य संघमा क्वारेन्टाइन र वडा नं ४ मा रहेको जिल्ला अस्पतालमा आइसोलेसनको व्यवस्थापन गरिएको। |
| भुकम्प | २०७२ बैशाखमा गएको भूकम्पका कारण वडाका करीब ३० प्रतिशत घर आंशिक क्षति भएको, यूवा वर्ष मा वि को एउटा भवन क्षति भएको, | भूकम्प प्रभावित जिल्लामा नपरेका कारण सबै क्षति भएका घरहरू सम्बन्धित घरधनिले मर्मत सभार गरेका, विद्यालयको भवन नयाँ निर्माण गरिएको। नगरपालिकाले शहरी क्षेत्रमा भवन निर्माण संहिता र भवन मापदण्ड लागु गरेको छ। |
| सर्पदंश | हरेक वर्ष ६/७ जना सर्पको टोकाइबाट प्रभावित हुने गरेका छन्। | जिल्ला अस्पतालमा उपचारका लागि लैजाने गरेको। |
| कुकुरको टोकाइ | मासिक रूपमा ५/७ जना कुकुरको टोकाइबाट प्रभावित हुने गरेका छन्। | जिल्ला अस्पतालमा उपचारका लागि लैजाने गरेको। |
| चट्याङ्ग | वर्षेनी चट्याङ्ग परेर विद्युतीय सामग्री नष्ट हुने र विद्युत अवरोध हुने गरेको छ। एकीन तथ्याङ्क नभएता पनि करीब १५ लाख बराबरको आर्थिक नोक्सानी | खासै प्रयास भएको छैन। |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| हावाहुरी तथा असिना | यस वडामा प्रत्येक वर्ष हावाहुरीका कारण लगाएको अन्नबाली नष्ट हुने गरेको। करीब ५० लाखको नोक्सानी।<br>असिनाका कारण अन्नबाली तथा तरकारी खेती र घरका छानाहरू क्षति भएको। | खासै प्रयास भएको छैन। |
| **वडा नं ८** | | |
| बाढी | मुख्य खोलाहरुः तमोर नदी, मेहले खोल्सा, बर्खे खोल्सा, नागथान खोल्सा, डाँडाघरे खोल्सा, काफल खोल्सा, खोदुम्बु खोल्सा, माक्सिन्दा खोल्सा, खोक्से खोला र केनिम खोल्सा<br>वर्षाको समयमा विपद्को अवस्था ल्याउन यी खोलाहरुले प्रमुख भूमिका खेलेका छन्। यस वडामा बाढीका कारण खासै क्षति भएको छैन। | सामान्य तटबन्धका कार्यहरू भएको छ |
| पहिरो | २०७२ मा काफल खोल्सा, मेहले खोल्सा, बर्खे खोल्सा, डाँडाघरे खोल्सा, खोदुम्बु खोल्साको बाढीसंगै आएको पहिरोका कारण ३ जना मानवीय मृत्यु भएको, ९ घर पूर्ण क्षति (एक घर विस्थापित), ४२ घर आंशिक क्षति, करीब २०० रोपनी जमिन क्षति भएको।<br>पशु क्षतिः बाखा खसी १५ वटा, गाइ २ वटा, गोरू एक हल, भैसी एउटा र सुंगुर ७ वटा क्षति भएको।<br>२०७५ मा चारपाटे टोलको भिरकुनामा आएको पहिरोका कारण १ घर क्षति, बाखा र भेडा ७ वटा, गाइ २ वटा क्षति भएको करीब १५ रोपनी जमिन क्षति।<br>किरात चोकको सिरान, चारपाटेको तल्लो भागको १० घर रहेको जमिन करीब १ किलोमिटर तल सरेको। यी घरहरू उच्च जोखिममा रहेको छ।<br>बरबोटेको तल्लो भाग २०३४ साल देखि नै तल सर्न थालेको अहिले पनि जमिनमा धाँजा फाटेको देखिन्छ। यहाँ रहेका ३० घर उच्च जोखिममा रहेको छ। सुकेटार एयरपोर्टको पानी निकासको कारण पहिरो जाने गरेको। | ल्याङबामा तटबन्ध निर्माण गरिएको, अन्यत्र केही पनि प्रयास भएको छैन। |
| आगलागी | २०७० मा साप्तेल टोलमा एउटा घर जलेर पुर्ण क्षति भइ २ जनाको मृत्यु, बाखा ३० वटा, २ वटा सुँगुर क्षति भएको<br>२०७४ मा एउटा घर जलेर पुर्ण क्षति<br>२०८० मा एउटा घर जलेर पुर्ण क्षति<br>आगलागिको जोखिममा ४५ घर रहेको छ। | समुदायले नगरपालिकामा सुचना गर्ने र आगो नियन्त्रणका लागि सक्दो प्रयास गर्ने गरेको। नगरपालिकामा दमकल र मिनि दमकलको व्यवस्था भएको। |
| चट्याङ | २०७५ मा बेजुम्बोमा एकजनाको मृत्यु | खासै प्रयास भएको छैन। |
| कोभिड १९ | २०७७ र ७८ मा करीब २५० जना कोरोना संक्रमित भएको उपचार, खोपका लागी ७० लाख तथा राहतका लागी १४ लाख खर्च भएको | क्वारेन्टाइन एउटा देउराली आमा समुहको भवनमा र रमितेमा लालिगुरास यूवा क्लवको भवनमा व्यवस्थापन गरिएको, सिअहेव को नेतृत्वमा ट्रेसिङ, ट्र्याकिङ र ट्रिटमेण्टका लागि टोली बनाएर परिचालन गरिएको। |
| भुकम्प | २०७२ बैशाखमा गएको भूकम्पको कारण मानवीय क्षति नभएको।<br>३ घर पूर्ण क्षति भइ जिल्ला प्रशासन कार्यालयको सहयोगमा पुनर्निर्माण गरिएको र २०० घर जति आंशिक क्षति।<br>७ वटा विद्यालय मध्ये विद्याज्योती आ वि को एउटा भवन क्षति भइ पुनर्निर्माण गरिएको अन्यमा आंशिक क्षति। | खासै प्रयास भएको छैन। |
| जंगली जनावरको आतंक | बाँदर, ढेडु, घोरल, मृग, दुम्सी लगायतका जंगली जनावरका कारण वर्षेनी खेतबारीमा लगाएको अन्नबाली नोक्सानी हुने गरेको।<br>बालबालिका विद्यालय जाने आउने क्रममा कहिलेकही भालुका कारण डराएर बाटैबाट फर्किनु पर्ने अवस्था सिर्जना भएको। | अन्नबाली कुर्न बस्ने, जंगली जनावर धपाउने प्रयासहरू बाहेक अन्य केही हुन नसकेको |
| हावाहुरी र असिना | हावाहुरी वर्षेनी आउछ। २०८० मा ३ वटा घरको छाना क्षति भएको। बैसाख जेठमा मकैबाली र धान र कोदो असोजमा क्षति गर्ने गरेको।<br>असिना हावाहुरी संगै आएर अन्नबाली (मकै), तरकारी (आलु, कोभी, मुला, गोलभेडा स्कुस आदि), नगदेबाली अलैंची, रूद्राक्ष तथा फलफुल सुन्तला, कागती क्षति गरेको छ। वर्षेनी करीब ५० लाख भन्दा क्षति। | वास्तविक तथ्यांक संकलन गर्ने प्रचलन नरहेको। |
| **वडा नं ९** | | |
| बाढी | यस वडाका मुख्य खोला तथा खोल्सीहरुः तमोर नदी, चिनिया खोला, हिरेवा खोला, लप्से खोला र हाङदेवा खोला रहेका छन्।हाङदेवा खोलामा मिसिने साना | केही भागमा तटबन्ध भएको र अन्यत्रका लागि पहल भइरहेको |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| | खोल्साहरू देवी, धुपोरे र नाम्वा छन् भने यहाँका सबै खोलाहरू तमोर नदिमा मिसिन्छन्।<br>वर्षाको समयमा विपद्को अवस्था ल्याउन यिनै खोलाहरुले प्रमुख भूमिका खेलेका छन। वडामा भएको छलफल अनुसार २०७५ सालमा लप्सेखोलाको बाढीले मोटरसाइकल सहित बगाएर एकजनाको मृत्यु भएको र करीब ६० रोपनीमा लगाएको अलैंची समेत बगाएको थियो।<br>२०७७ सालमा चिनिया खोलाको बाढीले बगाएर एकजनाको मृत्यु भएको।<br>हरेक वर्ष बाढीले बाटो बगाइ मर्मत गर्नु परिरहेको छ।<br>यहाँका खोलाहरूमा आउने बाढीका कारण करीब ६० लाख आर्थिक नोक्सानी हुने गरेको छ। | |
| पहिरो | यहाँ रहेको हाङदेवा र हिरेवा चिनिया पहिरो पुस्तौं पुरानो पहिरोको रूपमा चिनिन्छ। यहाँको भुबनोटका कारण भिरालो जमिनमा धाजा फाट्ने र वर्षेनी तलतिर सर्दै जाने क्रम बढिरहेको छ। यहाँ हाङ्देवा पहिरोका कारण करीब ३००० रोपनी र हिरेवा चिनिया पहिरोका कारण २००० रोपनी जमिन क्षति भइ १५० भन्दा बढी घर विस्थापित भइसकेका छन्। | हाङदेवा र हिरेवा चिनिया पहिरो रोकथामका लागि तटबन्ध भएको छ। थप प्रयास भइरहेको छ। |
| आगलागी | २०७८ मा विद्युत सर्ट भइ एक घर जलेर पुर्ण रूपमा नष्ट भएको थियो भने २०८० बैसाखमा चट्याङ्गका कारण आगलागी भइ एक घर पुर्ण रूपमा नष्ट भएको छ। यसबाट करीब करीब १५ लाख बराबरको नोक्सानी।<br>आगलागिको जोखिममा करीब १० घर रहेको छ। | समुदायले नगरपालिकामा सुचना गर्ने र आगो नियन्त्रणका लागि सक्दो प्रयास गर्ने गरेको । नगरपालिकामा दमकल र मिनि दमकलको व्यवस्था भएको। |
| महामारी | कोरोना महामारीका कारण यस वडामा २ जनाको मृत्यु भएको छ भने धेरै मानिसहरू यस महामारीबाट संक्रमित भएका थिए। | वडामा ट्रेसिङ, ट्र्याकिङ र ट्रिटमेण्टका लागि आरआरटी परिचालन गरिएको, वडा नं ५ मा रहेको उद्योग वाणिज्य संघमा क्वारेन्टाइन र वडा नं ४ मा रहेको जिल्ला अस्पतालमा आइसोलेसनको व्यवस्थापन गरिएको। |
| भुकम्प | २०७२ बैशाखमा ९ वटा घर आंशिक क्षति भएको र दुर्गा आधारभुत विद्यालयको पूर्ण क्षति भइ पुनर्निर्माण गरिएता पनि हाल पहिरोको जोखिममा रहेको छ। भूकम्पका कारण २ जना सामान्य घाइते भएको।<br>करीब ३० लाख बराबरको क्षति भएको। | भूकम्प प्रभावित जिल्लामा नपरेका कारण सबै क्षति भएका घरहरू सम्बन्धित घरधनिले मर्मत सभार गरेका, विद्यालयको भवन नयाँ निर्माण गरिएको। |
| चटयाङ | २०८० मा एउटा घर चटयाङका कारण आगलागी भइ पुर्ण रूपमा नष्ट भएको। | खासै प्रयास भएको छैन। |
| हावाहुरी तथा असिना | २०८० मा हावाहुरीका कारण ७ घर क्षति भएको र अन्नबाली, तरकारी, फलफुल तथा नगदेबाली क्षति भएको।<br>२०७८ र २०८० मा असिनाका कारण मकै, फापर, तरकारी, फलफुल, अलैंची तथा अन्य बाली क्षति भइ करीब १करोड ५० लाख बराबरको नोक्सानी | खासै प्रयास भएको छैन। |
| सर्पदंश, कुकुरको टोकाइ तथा जंगली जनावर आतंक | यस वडामा अलैंची खेतीमा काम गर्दा वर्षेनी ५ देखि ७ जनालाइ सर्पले टोक्ने गरेको पाइन्छ। २०७७ सालमा सर्पदंशका कारण एक जनाको मृत्यु समेत भएको छ। ग्रामिण इलाका भएकाले कुकुरको टोकाइ र वन्यजन्तुको आतंक सामान्य रहेको छ। | जिल्ला अस्पतालमा उपचारका लागि लैजाने गरेको। |
| **वडा नं १०** | | |
| बाढी | यस वडाका मुख्य खोला तथा खोल्सीहरुः सिस्ने खोला, मौवा खोला (याफ्रे), ओठे खोला (फुरूम्बु) र कुदुवा खोला रहेका छन्।<br>बाढी वर्षेनी आउछ। याफ्रे खोलाको बाढीका कारण मिश्र टोल, निवारे र याफ्रेको ६२ घर वर्षेनी आंशिक रूपमा क्षति हुन्छ।<br>यहाँको जमिन नदी कटानका कारण जमिन धाँजा फाटी विस्तारै वार्षिक १/२ मिटरका दरले तल सरिरहेको छ। यस वडामा रहेको ५६९ घरधुरी मध्ये करीब २०० घर बाढीको जोखिममा रहेका छन्।<br>निवारेमा जमिनमा एक्कासी भ्वाङ्ग परेर तातो बाफ निस्कने गरेको छ। चौतारी कुलो क्षति भएका कारण धान खेती गर्न नसकेको। वर्षाको समयमा पानी पर्दा निवारेको धेरै स्थानमा ठुलो ठुलो मुल फुटेर बालुवा ग्रावेल निस्किएर वरिपरीको जमिन पुरिने वा पहिरो जाने गरेको छ। वडामा भएको छलफल अनुसार करीब २००० रोपनी जग्गा क्षति भइ करीब ६० लाख आर्थिक नोक्सानी भएको छ। | केही भागमा तटबन्ध भएको र अन्यत्रका लागि पहल भइरहेको |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| पहिरो | यहाँको भुबनोटका कारण भिरालो जमिनमा धाजा फाट्ने र बर्षेनी तलतिर सर्दै जाने क्रम बढिरहेको छ। निवारेमा २८ घर, माथिल्लो मयामको राइगाउँ र कार्की गाउँमा १२ घर आंशिक क्षति भएको छ। यहाँका करीब २०० घर पहिरोको उच्च जोखिममा रहेका छन्। | हाङदेवा र हिरेवा चिनिया पहिरो रोकथामका लागि तटबन्ध भएको छ। थप प्रयास भइरहेको छ। |
| आगलागी | २०८० मा एक घर जलेर पुर्ण रूपमा नष्ट भइ करीब २० लाख बराबरको आर्थिक क्षति भएको छ।<br>आगलागिको कारण १० घर जोखिममा रहेको छ। | समुदायले नगरपालिकामा सुचना गर्ने र आगो नियन्त्रणका लागि सक्दो प्रयास गर्ने गरेको । |
| महामारी | कोरोना महामारीका कारण यस वडामा १ जनाको मृत्यु भएको छ भने करीब २५० जना यस महामारीबाट संक्रमित भएका थिए। | वडामा ट्रेसिङ, ट्रयाकिङ र ट्रिटमेण्टका लागि आरआरटी परिचालन गरिएको। |
| भुकम्प | २०७२ बैशाखमा १०० वटा घर, मयाम माध्यमिक विद्यालय र पाथिभरा आधारभुत विद्यालयको भवन आंशिक क्षति भइ करीब ३० लाख बराबरको क्षति भएको। | सबै क्षति भएका घरहरू सम्बन्धित घरधनिले मर्मत सभार गरेका, विद्यालयको भवन मर्मत गरिएको। |
| चट्याङ | २०७६ मा माथिल्लो मयाममा एकजनाको मृत्यु<br>२०८० मा चट्याङ्ग लागेर गडी टोलमा एकजनाको आँखाको ज्योती गुमेको | खासै प्रयास भएको छैन। |
| हावाहुरी तथा असिना | २०८० मा हावाहुरीका कारण अन्नबाली, तरकारी, फलफुल तथा नगदेबाली क्षति भएको। २०७९ फागुन र २०८० बैसाखमा आएको असिनाका कारण मकै, फापर, तरकारी, फलफुल, अलैंची तथा अन्य बाली क्षति भइ करीब २ करोड ५० लाख बराबरको नोक्सानी भएको छ। | खासै प्रयास भएको छैन। |
| सर्पदंश, कुकुरको टोकाइ तथा जंगली जनावर आतंक | यस वडामा अलैंची खेतीमा काम गर्दा वर्षेनी २० देखि २५ जनालाइ सर्पले टोक्ने गरेको पाइन्छ। कुकुरको टोकाइबाट ५/७ जना प्रभावित हुने गरेको यहाँ बाँदर, ढेडु र दुम्सी जस्ता वन्यजन्तुको आतंक बढ्दै गइ बालीनाली नोक्सानी भइरहेको छ। | जिल्ला अस्पतालमा उपचारका लागि लैजाने गरेको। |
| **वडा नं ११** | | |
| बाढी | यस वडाका मुख्य खोला तथा खोल्सीहरुः फावा खोला, निकास खोला, युमाखाम खोला, सिम्बु खोल्सी, फुन्च्याङ खोला, हाँडे खोल्सी, तेम्बेवा खोला र बोझे खोला रहेका छन्।<br>२०७३ मा निकास खोलामा आएको बाढीका कारण बालीनाली क्षति, जमिन कटान गरेर पहिरो बढेर पाथिभरा, फुरूम्बु र मयाम जाने बाटो क्षति भइरहन्छ। हाँडे खोलामा वर्षेनी बाढी आइ कटान गरेर माथिल्लो बस्तीको जमिन बगाएको छ र खोला वारपार गर्ने फड्के वर्षैपिच्छे बगाउने गरेको छ। तेम्बेवाको १५ घर अति जोखिममा रहेकाले पुनर्स्थापना गर्नुपर्ने देखिन्छ। यहाँको जमिन नदी कटानका कारण जमिन धाँजा फाटी विस्तारै वार्षिक १/२ मिटरका दरले तल सरिरहेको छ। यस वडामा रहेको २८२ घरधुरी मध्ये करीब १०० घर बाढीको जोखिममा रहेका छन्।<br>वडामा भएको छलफल अनुसार करीब १०० रोपनी जग्गा क्षति भइ करीब २० लाख आर्थिक नोक्सानी भएको छ। | केही भागमा तटबन्ध भएको र अन्यत्रका लागि पहल भइरहेको |
| पहिरो | यहाँको भुबनोटका कारण भिरालो जमिनमा धाजा फाट्ने र बर्षेनी तलतिर सर्दै जाने क्रम बढिरहेको छ। सडक विस्तार तथा ढल निकास अव्यवस्थित भएका कारण युमाखाममा १२ दुम्लेमा १ घर, निकास खोलामा ५ घर सिम्बुमा पुरानो स्कुल नजिकैको पहिरोले ७ घर (तल्लो टोलमा ५ घर र माथिल्लो टोलमा २), दुम्ले अजिबुङमा २ घर, तेम्बेवे दुम्लेको सिरूबारीमा ४ घर, फुन्च्याङ र हाँडे खोल्साले तेम्बेवेको ९ घर, हाँडे खोल्सा पहिरोको कारण महादेम्बेको ६ घर, बोरादिनमा जमिन लच्किएर ५ घर चिचिन तेम्बेवा टोलमा जमिन बगेर ११ घर गरी जम्मा ६२ घर उच्च जोखिममा रहेको छ। जसमध्ये १७ घर आंशिक क्षति भएको छ। | पहिरो रोकथामका लागि केही स्थानमा तटबन्ध भएको छ। थप प्रयास भइरहेको छ। |
| आगलागी | २०७० मा सिम्बु टोलमा एक घर र २०७९ मा युमाखाममा एक गरी जम्मा २ घर जलेर पुर्ण रूपमा नष्ट भइ करीब ४० लाख बराबरको आर्थिक नोक्सानी भएको छ। आगलागिको कारण १० घर जोखिममा रहेको छ। | समुदायले नगरपालिकामा सुचना गर्ने र आगो नियन्त्रणका लागि सक्दो प्रयास गर्ने गरेको । |
| महामारी | कोरोना महामारीका कारण यस वडामा १ जनाको मृत्यु भएको छ भने करीब २५० जना यस महामारीबाट संक्रमित भएका थिए। | वडामा ट्रेसिङ, ट्रयाकिङ र ट्रिटमेण्टका लागि आरआरटी परिचालन गरिएको। |
| भुकम्प | २०७२ बैशाखमा २१ वटा घर, सरस्वती आधारभुत विद्यालय, सिम्बु माध्यमिक विद्यालय र दिपेन्द्र आधारभुत विद्यालयको एक एक वटा भवन आंशिक क्षति भइ करीब ३० लाख बराबरको आर्थिक नोक्सानी भएको। | सबै क्षति भएका घरहरू सम्बन्धित घरधनिले मर्मत सभार गरेका, विद्यालयको भवन मर्मत गरिएको। |

| प्रकोपका घटना | प्रकोपको कारण र यसको प्रभाव तथा असर | प्रतिकार्यका लागि समुदायले गरेको प्रयास |
|---|---|---|
| चट्याङ | चट्याङका कारण एकजनाको मृत्यु भएको। पटक पटक आएको चट्याङका कारण १०० वटा भेडा र एउटा कुकुर मरेको छ।<br>२०८० मा ११ जना घाइते भएको, ३ वटा घर जलेर नष्ट भएको र २ वटा भैसी मरेको। | घाइतेको अस्पताल लगेर सम्बन्धित परिवारले उपचार गराएको। अन्य खासै प्रयास भएको छैन। |
| सर्पदंश, कुकुरको टोकाइ तथा जंगली जनावर आतंक | यस वडामा अलैंची खेतीमा काम गर्दा वर्षेनी २० देखि २५ जनालाइ सर्पले टोक्ने गरेको पाइन्छ। कुकुरको टोकाइबाट सामान्य रहेको छ।<br>यहाँ बाँदर, ढेडु र दुम्सी, चितुवा, बाघ जस्ता वन्यजन्तुको आतंक बढ्दै गइ पशु क्षति र बालीनाली नोक्सानी भइरहेको छ।<br>एउटै परिवारको ४० वटा बाख्रा बाघले खाएको। चितुवाले ७ वटा भेडा खाएको र बाँदरले बालीनाली नोक्सानी गरी करीब ५ लाख क्षति भएको छ। | घाइतेको उपचार स्थानीय स्वास्थ्य केन्द्र र जिल्ला अस्पतालमा उपचारका लागि लैजाने गरेको। कञ्चनजंघा संरक्षण क्षेत्रले क्षति भएका पशुको क्षतिपुर्ति दिने गरेको छ। |
| हावाहुरी, तथा असिना | प्रत्येक साल आउने हावाहुरीका कारण अन्नबाली, तरकारी, फलफुल तथा नगदेबाली क्षति भएको।<br>२०७९ मंसीरदेखिको खडेरी र २०८० बैसाखमा आएको असिनाका कारण ८० प्रतिशत भन्दा बढी अलैंची खेती तथा मकै, फापर, तरकारी, फलफुल, तथा अन्य बाली क्षति भइ करीब २ करोड ५० लाख बराबरको नोक्सानी | खासै प्रयास भएको छैन। |

*स्रोतः वडास्तरीय छलफल तथा सन्दर्भ सामग्री समीक्षा२०८०*

### १.३.२ जलवायु परिवर्तन र विपद जोखिमका असरहरु

#### क) मानवीय क्षति

नेपाल सरकार गृह मन्त्रालयको अभिलेख अनुसार यस नगरपालिकामा विपद्का कारण मानवीय मृत्यु, भौतिक सरचना तथा पूर्वाधारको क्षति र धनसम्पत्ती नोक्सान भइरहेको देखिन्छ।

**तालिका ९: डिआरआर पोर्टलका अनुसार सन् २०१० देखि सन् २०२३ सम्म विपद्का कारण भएको क्षतिको विवरण**

| क्र.सं. | प्रकोपका घटना | घटना संख्या | प्रभावित परिवार | मानवीय मृत्यु | घाइते | घर क्षति | पशु क्षति | अनुमानित आर्थिक क्षति |
|---|---|---|---|---|---|---|---|---|
| १ | आगलागी | ३८ | ६२ | ० | २ | ४८ | ० | १३०,५४१,७०० |
| २ | बाढी तथा अत्यधिक वर्षा | ४ | ४ | ० | ५ | ३ | ० | १,६५५,००० |
| ३ | पहिरो | ७ | ७२ | ६ | ४ | ४५ | ३१९ | ० |
| ४ | सर्पदंश | १ | १ | १ | ० | ० | ० | ० |
| ५ | हुरीबतास | १ | ० | १ | ० | ० | ० | ० |
| ६ | चट्याङ्ग | ७ | ७ | २ | ५ | ० | ० | ० |
| | जम्मा | ५८ | १४६ | १० | १६ | ९६ | ३१९ | १३२१९६७०० |

*स्रोतः गृह मन्त्रालय डिआरआर पोर्टल*

गृह मन्त्रालयको सन् २०१० जनवरी देखि सन् २०२३ को मे सम्मको तथ्याङ्क अनुसार आगलागी, बाढी, पहिरो, सर्पदंश, हावाहुरी र चट्याङका ५८ वटा प्रकोपका घटना भएको र उक्त प्रकोपका कारण १० जनाको मृत्यु तथा १६ जना घाइते भएको तथ्यांकबाट देखिएको छ। नीजि घरहरू ९६ वटा क्षति हुनाका साथै ३१९ पशु क्षति भइ करीब १३ करोड २१ लाख ९६ हजार ७ सय बराबरको आर्थिक नोक्सानी भएको तथ्यांकले देखाएको छ।

वडा स्तरीय जोखिम विश्लेषणको क्रममा यस नगरपालिकामा विभिन्न विपद्का कारण ४७ जनाको मृत्यु भएको छ भने घाइते तथा अपाङ्गताको संख्या पनि त्यत्तिकै रहेको छ। मृत्यु हुनेमा सबैभन्दा बढी कोरोना संक्रमणबाट १९ जना, बाढीका कारण ९ जना, चट्याङ्गका कारण ८ जना, आगलागीबाट ५ जना, पहिरोबाट ३ जना, सर्पदंशबाट २ जना, र कुकुरको टोकाइबाट १ जना गरी जम्मा ४७ जनाको ज्यान गएको तथ्याङ्क वडा स्तरीय छलफलबाट प्राप्त भएको छ। यस नगरपालिकामा बाढी, पहिरो, आगलागी, चट्याङ्ग, सर्पदंशबाट धेरै मानिसहरू घाइते भएको देखिन्छ। विपद्का कारण भएको क्षतिको तथ्याङ्कको प्रभावकारी अभिलेखीकरण नभएका कारण विपद् पोर्टलमा भएको तथ्याङ्क र वास्तविक तथ्याङ्कमा फरक पाइएको छ। तथ्याङ्कलाइ प्रभावकारी व्यवस्थापन गर्नका लागि नगरपालिकामा संयन्त्र र प्रणालि नभएको तथ्यांक छलफलले देखाएको छ।

यस नगरपालिकामा प्रमुख रुपमा मानवीय क्षतिको कारक तत्व महामारी र बाढी रहेको छ। त्यसपछि क्रमसः चटयाङ्ग, आगलागी सर्पदंश र कुकुरको टोकाइ रहेका छन्। फुङलिङ नगरपालिकामा विगतमा भएको विपद्को घटनाक्रमलाइ हेर्दा मानवीय क्षतिको अवस्था निम्नानुसार देखिएको छ।

**तालिका १०: वडा स्तरीय छलफल र विश्लेषणबाट प्राप्त विपद्का कारण भएको मानवीय क्षतिको विवरण (२०७० देखि २०८० जेठ)**

| वडा | बाढी | पहिरो | आगलागी | चटयाङ्ग | महामारी | भूकम्प | सर्पदंश | कुकुरको टोकाइ | हावाहुरी | असिना | वन्यजन्तु आतंक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | २ | २ | १ | ० | ० | ० | ० | ० | ० | ५ |
| २ | ० | ० | ० | ० | १ | ० | १ | १ | ० | ० | ० | ३ |
| ३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ४ | १ | ० | १ | १ | ६ | ० | ० | ० | ० | ० | ० | ९ |
| ५ | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ३ |
| ६ | २ | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ६ |
| ७ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ३ |
| ८ | ० | ३ | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ९ | २ | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | ५ |
| १० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | २ |
| ११ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | २ |
| जम्मा | ९ | ३ | ५ | ८ | १९ | ० | २ | १ | ० | ० | ० | ४७ |

*स्रोतः वडास्तरीय छलफल २०८०*

### १.३.३ जलवायु परिवर्तन र विपद् जोखिमका कारण प्रभावित क्षेत्रहरु

यस नगरपालिकामा वडा स्तरीय जोखिम लेखाजोखा भेलामा भएको छलफल र प्राप्त द्वित्तिय तथ्यांक अनुसार विगत १० बर्षमा जलवायु परिवर्तन र विपद् जोखिमका कारण प्रभावित भएका प्रमुख क्षेत्रहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ।

**क) नीजि तथा आवासीय भवनहरु, जग्गाजमिन र आर्थिक क्षति**

यस नगरपालिकामा प्राप्त तथ्यांक अनुसार विभिन्न प्रकोपबाट सिर्जित विपदका कारण नीजि तथा आवासीय भवनहरु १०९६ वटा क्षति भएका छन्। प्राप्त तथ्याङ्क अनुसार वडा नं ४, ८, र १० मा १०० भन्दा बढी घरहरू क्षति भएका छन।

यस नगरपालिकाका २, ४, ५, ६ र ७ नं वडाका केन्द्रहरूमा तिब्र रूपमा भएको शहरीकरणको कारणले सडक, भवन तथा अन्य भौतिक संरचना निर्माणलाई ब्यवस्थित रूपमा अगाडि बढाउन नगरपालिकाले पहल गरेको छ। नगरपालिकाले भवन निर्माण संहिता लागु गरिएको छ भने भवन मापदण्ड पनि निर्माण गरी लागु गरिएको छ। यद्यपी भवन संहिता र मापदण्ड खासै प्रयोग भएको पाइदैन। शुरूवातको चरण भएकाले सचेतनाको कमिको कारण कतिपयले मापदण्दको अनुसरण गर्न हिचकिचाउने गरेको छलफलबाट प्राप्त भएको छ। यस वाहेक नगरपालिकाले भुउपयोग र प्रकोप सुरक्षाको दृष्टिकोणले विभिन्न मापदणडहरू समेत तर्जुमा गरी लागु गरेको छ। घरहरू जग्गा क्षति तथा आर्थिक नोक्सानीलाइ निम्न तालीकामा देखाइएको छ।

**तालिका ११: विपद्का कारण भएको घर तथा जग्गाको क्षति तथा आर्थिक नोक्सानी विवरण (२०७० देखि २०८० जेठसम्म)**

| वडा | बाढी | पहिरो | आगलागी | चटयाङ्ग | भूकम्प | हावाहुरी | असिना | जम्मा घर क्षति | कृषीयोग्य जमिन रोपनीमा | आर्थिक नोक्सानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ० | २० | ० | ४१ | ९ | ० | ७२ | ५००० | ३३६००००० |
| २ | २ | ७ | ६ | ० | ३० | १५ | ० | ६० | २१२५ | २५०००००० |
| ३ | ३ | ५ | २ | ० | २० | ० | ० | ३० | ४०० | २१५००००० |
| ४ | १ | ० | ४९ | ० | ४०० | ० | ० | ४५० | ५ | २०००००००० |
| ५ | २ | २५ | ५ | ० | २० | ० | ० | ५२ | ५ | २२५००००० |
| ६ | ६ | १ | १२ | ० | १५ | ० | ० | ३४ | २०५ | २५३००००० |
| ७ | ० | ० | ३ | ० | २० | ० | ० | २३ | २० | १५०००००० |
| ८ | ० | ५२ | ४ | ० | २०४ | ३ | ० | ५६ | २१५ | २४०००००० |
| ९ | १० | १५० | १ | १ | ९ | ७ | ० | २८ | ८००० | ३५०००००० |
| १० | ६२ | १२ | १ | ० | १०० | ० | ० | १७५ | २००० | ८७०००००० |
| ११ | २२ | ६६ | २ | ३ | २१ | २ | ० | ११६ | ११०० | ६०००००००० |
| जम्मा | ११० | १६८ | १०५ | ४ | ६७६ | ३३ | ० | १०९६ | १९०७५ | ५४८९००००० |

*स्रोतः वडा स्तरीय छलफल २०८०*

**ख) शिक्षा तथा विद्यालयहरु**

यस नगरपालिकाका अधिकांश विद्यालय भुकम्पीय हिसावले जोखिममा रहेका छन। यसै गरी पहिरोको छेउ र खोला छेउ भएका विद्यालयहरू बाढी र पहिरोको कारण जोखिममा रहेका छन। यहाँका विद्यालयहरू बाढी, पहिरो, भूकम्प र हावाहुरीका कारण क्षति भएका छन्।

यस नगरपालिकामा रहेका सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूको संरचनागत अवस्था र अवस्थितीलाइ अवलोकन गर्दा विषेश गरेर भौतिक पूर्वाधारहरू भुकम्प तथा बाढीपहरोको उच्च जोखिममा रहेको पाइएको छ। यस नगरपालिका रहेका सामुदायिक विद्यालय धार्मिक सहित ५१ वटा, नीजि विद्यालय १६ वटा र उच्च तहका क्याम्पसहरू २ वटा रहेका छन्। यहाँ का सबै विद्यालयहरूका केही भवनहरूमात्र भूकम्प प्रतिरोधी रहेका छन भने अन्य विद्यालयहरू भूकम्पीय जोखिममा रहेको पाइएको छ।

वडा नं १ को नरकन्या आधारभुत विद्यालय र महेन्द्र आधारभुत विद्यालय बाढीका कारण सामान्य क्षति भएको र दुर्गम आधारभुत विद्यालयको पुरै भित्ता चर्किएको छ। नाङ्गे आ वि हावाहुरीले क्षति पुर्याएको छ।

वडा २ को बिरेन्द्र माध्यमिक विद्यालय, शान्ती आधारभुत विद्यालय र याङलिजुङ आधारभुत विद्यालयका भवन २०७२ को भूकम्पमा आंशिक क्षति भएका छन्।

वडा नं ७ को युवा वर्ष माध्यमिक विद्यालय र दिपज्योती आधारभुत विद्यालयको एक एक वटा भवन आंशिक क्षति भएको। हाल नयाँ भवन निर्माण गरिएको।

वडा नं ८ मा भुकम्पका कारण विद्याज्योती आधारभुत विद्यालयको एउटा भवन पुर्ण क्षति भएको र अन्य विद्यालयका भवनहरू आंशिक क्षति भएको। क्षति भएका भवनहरू पुनर्निर्माण भइसकेका छन्।

वडा नं ९ मा दुर्गा आधारभुत विद्यालय पुर्ण क्षति भएको साथै उक्त विद्यालय पहिरोको समेत जोखिममा रहेको छ।

वडा नं १० मा मयाम माध्यमिक विद्यालय र पाथिभरा आधारभुत विद्यालयको भवन भुकम्पका कारण आंशिक क्षति भएको छ।

वडा नं ११ को सिम्बु माध्यमिक विद्यालय, सरस्वती आधारभुत विद्यालय र दिपेन्द्र आधारभुत विद्यालयको भवनहरू भुकम्पका कारण आंशिक क्षति भइ भवन चर्किएको छ।

विद्यालय सुधार योजना निर्माण पुस्तिका २०७४ मा उल्लेख भए अनुसार उक्त योजना तर्जुमा गर्दा अनिवार्य रूपमा विद्यालयले गर्नुपर्ने कार्यहरूः ३३) विपद जोखिम न्यूनीकरण सम्बन्धी सम्पर्क शिक्षक तोक्ने, ३४) विद्यालय परिसरका विपद जोखिम लेखाजोखा तथा मूल्याङ्कन, ३५) विद्यालय सुरक्षा योजना तर्जुमा, ३६) प्रतिकार्यका लागि तयारी (आपतकालिन निकास याजना) र ३७) परिवार, समुदाय र सिर्वजनिक संस्थाहरूसँग सूचना आदानप्रदान, सम्पर्क तथा समन्वयका कार्यहरू गर्नुपर्नेमा सो भएको देखिदैन। यसै नगरपालिकाका कुनैपनि विद्यालयहरूमा विद्यालय विपद ब्यवस्थापन समिति गठन गरिएको छैन। यसका साथै विद्यालयहरूमा बालबालिकालाइ विपद्का समयमा सुरक्षित रहनका लागि कृत्रिम घटना अभ्यासहरू र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ज्ञान सिप र क्षमता अभिवृद्धि गरिएको पाइदैन। विद्यालयले गर्नुपर्ने यस्ता क्रियाकलापहरू कागजमा मात्र सिमित भएको कुरा वडास्तरको छलफलबाट प्राप्त भएको छ। विद्यालय सुधार योजनाले अनिवार्य गरेको विद्यालय ब्यवस्थापन समिति गठन, विपद् ब्यवस्थापन सम्पर्क शिक्षक र लैगिक सम्पर्क शिक्षक तोक्ने, विपद् व्यवस्थापनका क्रियाकलापहरू विद्यालयमा सञ्चालन गर्नुका साथै हाल भइरहेको विपद्का बेलामा सुरक्षित आश्रय स्थलको रुपमा विद्यालयको प्रयोग गर्ने अभ्यासलाइ क्रमशः घटाउदै लानुपर्ने देखिन्छ। विद्यार्थीको शिक्षाको हकलाई वन्चित नगर्न स्थानिय तहले नगरपालिका भित्र रहेका अन्य सुरक्षित स्थान तथा भवनहरुको व्यवस्थापन गर्नुपर्ने कुरालाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ। यस नगरपालिका भित्र रहेका शैक्षिक संस्थाहरू निम्नानुसार रहेका छन

**तालिका १२ः नगर क्षेत्रमा अवस्थित शैक्षिक संस्थाहरूको विवरण**

| वडा नं | सामुदायिक | | | | | संस्थागत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १-३ | १-५ | १-८ | १-१० | १-१२ | १-५ | १-८ | १-१० | उच्च तह | |
| १ | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० | ४ |
| २ | ० | १ | १ | ० | १ | २ | ० | १ | १ | ७ |
| ३ | १ | ४ | ० | ० | १ | १ | २ | ० | ० | ९ |
| ४ | ० | १ | ० | ० | १ | ० | ० | ३ | १ | ६ |
| ५ | ० | १ | ० | ० | ० | २ | २ | १ | ० | ६ |
| ६ | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० | ४ |

| वडा नं | सामुदायिक | | | | | संस्थागत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १-३ | १-५ | १-८ | १-१० | १-१२ | १-५ | १-८ | १-१० | उच्च तह | |
| ७ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ३ |
| ८ | १ | ४ | १ | ० | १ | ० | ० | ० | ० | ७ |
| ९ | १ | ४ | ४ | १ | ० | ० | ० | ० | ० | १० |
| १० | १ | ६ | ० | १ | ० | १ | ० | ० | ० | ९ |
| ११ | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ४ |
| जम्मा | ६ | २८ | ९ | ४ | ५ | ६ | ४ | ५ | २ | ६९ |

*स्रोतः नगर पार्श्वचित्र २०७७*

### ग) स्वास्थ्य तथा स्वास्थ्य सुविधाका संरचनाहरु

यस नगरपालिकामा बसोवास गर्ने परिवारहरुले स्वास्थ्य सेबाका लागि नजिकैका आधारभुत स्वास्थ्य केन्द्रहरूबाट सेबा प्राप्त गरिरहेका छन् भने गम्भिर समस्याका लागि जिल्ला अस्पताल, तमोर अस्पताल, फिदिम जिल्ला अस्पताल, बिर्तामोड, बिपि मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान वा काठमाण्डौ जाने गरेको पाइन्छ। नगरपालिकाले जनताको स्वास्थ्यलाइ मध्यनजर गरी स्वास्थ्य विमा कार्यक्रमलाइ प्राथमिकतामा राखी सञ्चालनमा ल्याएको छ। फुङलिङ नगरपालिका भित्र निम्नानुसार स्वास्थ्य केन्द्रहरु रहेका छन्।

**तालिका नम्बर १३ : स्वास्थ्य संस्था र जनशक्तिको विवरण**

| वडा न. | स्वास्थ्य संस्थाको नाम | बिशेषज्ञ चिकित्सक | मेडिकल अफिसर | हेल्थ असिस्टण्ट | नर्स | अहेव | अनमी | ल्याव टेक्निसियन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| २ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | १ | १ | ० | ० | २ |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ४ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ५ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ६ | जिल्ला अस्पताल | ० | ६ | २ | ७ | ४ | ३ | ३ | ० | २५ |
| ७ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ८ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | १ | ० | १ | १ | ० | १ | ४ |
| ९ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | १ | ० | १ | १ | ० | १ | ४ |
| ९ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | १ | १ | ० | १ | ३ |
| १० | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | २ | ० | ० | १ | ३ |
| १० | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | १ | १ | ० | ० | २ |
| ११ | आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | २ | २ | ० | ० | ४ |
| **जम्मा** | | **०** | **६** | **४** | **७** | **१४** | **१४** | **३** | **४** | **५२** |

*स्रोतः नगर पार्श्वचित्र २०७७*

### घ) सडक पुल तथा अन्य भौतिक संरचना

स्थानीय तहका लागि विकास भन्ने बित्तिकै सडक निर्माण वा भौतिक संरचना निर्माण हो भन्ने बुझाइ रहेकोले यहीं कामलाइ स्थानीय तहहरूले उच्च प्राथमिकता दिएका छन्। यस नगरपालिकाको आ.व. २०७७/०७८ को प्रगति तथा विनियोजित वजेट तथा कार्यक्रमलाइ नियाल्दा धेरै रकम सडक कालोपत्रे, ग्रावेल तथा स्तरोन्नती जस्ता सडक निर्माणका योजनामा रहेको देखिन्छ। यस पालिकाका सबै वडामा यस आर्थिक वर्षको योजनाहरू मध्ये अधिकतम योजना सडक निर्माण र भौतिक संरचनामा मात्र विनियोजन गरिएको छ। स्थानीय तहहरूले नीतिगत रूपमा नै उत्थानशील विकास योजना निर्माण गर्नुपर्ने तोकिएको भएता पनि वडा स्तरको वजेटलाइ हेर्दा विपद व्यवस्थापनमा त्यत्ति धेरै तालमेल रहेको देखिदैन। यसका अतिरिक्त निर्माण गरिएका सडकका किनारमा ढल र फुटपाथ नभएका कारण बाढी, कटान तथा सडक दुर्घटनाका प्रकोप बढेको पाइएको छ। साथै निर्माण गरिएका सडक, पुल, कल्भर्ट, स्पर तथा नदि किनारमा लगाइएका ग्याविन समेत बाढीका कारण क्षति भइरहेको तथ्यांकबाट देखिन्छ। यसरी यहाँका भौतिक संरचनाहरूबाट हुने जोखिम कम गर्न निर्माण भएका र अब निर्माण गरिने सडक तथा भौतिक संरचनाहरूलाई विपदबाट सुरक्षित वनाउने उपाय अपनाउने, सचेतना अभिवृद्धि गर्ने र निर्माण कार्यहरू मापदणड अनुरूपको वनाउनको लागि पहल गर्नुपर्दछ। यहाँ बनाइएका सडकमा व्यवस्थित ढल तथा फुटपाथ निर्माण गरियो भने सडक सुरक्षित हुन्छ र कटान तथा सडक दुर्घटनाहरू कम हुन्छन्।

प्राय भौतिक संरचनाहरु अपाङ्गमैत्री नरहेको कारणले सामान्य अवस्थामा मात्र नभई विपदको समयमा अपाङ्गता भएका व्यक्तिहरु हरेक हिसाबले अफ्ठेरोमा पर्ने देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षित उद्दार र सहज व्यवस्थापन पालिकाको जिम्मेवारी भएको कारणले भौतिक संरचना निर्माणमा यी कुराहरु संवेदनशील भएर हेर्नु पर्ने देखिन्छ। नगरपालिकाको भवन समेत अपाङ्ग मैत्री नभएको कारणले अपाङ्गता भएका व्यक्तिहरु सेवा लिन आउँदा गाह्रो हुने गरेको छ।

### ङ) खानेपानी सरसफाई तथा ढलनिकास

यस नगरपालिकाको वस्तीहरूमा खानेपानीको सवैभन्दा ठुलो र मुख्य श्रोत व्यक्तिगत र सार्वजनिक धारा रहेको छ। पानीलाइ प्रसोधन गरेर पिउने चलन खासै रहेको देखिदैन र धेरै जसो वडा बाढी र पहिरोको जोखिममा रहेकाले वर्षायाममा स्वच्छ पिउने पानीको ठुलो समस्या हुने सम्भावना छ। यस पालिकाकामा खानेपानी तथा सरसफाइको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका १४: नगरपालिकामा खानेपानीको स्रोतको विवरण**

| वडा अनुसार खानेपानीको श्रोत | वडा | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| व्यक्तिगत धारा | ११४ | ३७१ | ७७ | ७४१ | २९९ | २३१ | ९८ | ३१७ | ४९५ | ५३१ | २५९ | ३५३३ | ५१.२२% |
| सर्वाजनिक धारा | १४६ | ५०२ | ४६८ | ३१८ | २३२ | ४८२ | ३०६ | १८६ | २८० | ३० | १६ | २९६६ | ४३.००% |
| ट्युववेल वा हातेपम्प | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.००% |
| ढाकिएको इनार वा कुवा | ० | १ | ० | २ | ० | ० | ४ | १ | १ | १ | ० | १० | ०.१४% |
| नढाकिएको इनार वा कुवा | ७ | १२ | ८ | १ | ५ | ७ | ६ | २ | ६ | ४ | १ | ५९ | ०.८६% |
| मुल वा जरुवा | १ | ५९ | ८४ | ७ | ६ | ५६ | ३१ | २ | २३ | ३ | ३ | २७५ | ३.९९% |
| नदी तथा खोला | ० | ० | ० | १ | ० | ० | ० | ० | ६ | ० | ३ | १० | ०.१४% |
| जार वा बोतल | ० | ० | ० | ० | ० | २ | १ | ० | ० | ० | ० | ३ | ०.०४% |
| अन्य | १ | ११ | १३ | २ | ० | १ | १३ | ० | १ | ० | ० | ४२ | ०.६१% |
| **जम्मा** | २६९ | ९५६ | ६५० | १०७२ | ५४२ | ७७९ | ४५९ | ५०८ | ८१२ | ५६९ | २८२ | ६८९८ | १००% |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**तालिका १५: सरसफाई तथा स्वच्छताको विवरण**

| वार्ड | प्रयोग भएका शौचालयको प्रकार | | | | शौचालय नभएका घर | जम्मा |
|---|---|---|---|---|---|---|
| | फ्लस शौचालय (सार्वजनिक ढल भएको) | फ्लस शौचालय (सेप्टिक ट्यांकी भएको) | खाल्डे चर्पी | सार्वजनिक शौचालय | | |
| १ | २ | २३६ | २६ | २ | ३ | २६९ |
| २ | ३ | ८६९ | ७७ | २ | ५ | ९५६ |
| ३ | ० | ५११ | ११७ | ० | २२ | ६५० |
| ४ | १० | ९९७ | ५५ | ६ | ४ | १०७२ |
| ५ | २ | ५०६ | ३४ | ० | ० | ५४२ |
| ६ | ४ | ७४५ | २६ | ३ | १ | ७७९ |
| ७ | १ | ३३५ | ११३ | ० | १० | ४५९ |
| ८ | ६ | ४२५ | ७१ | ० | ६ | ५०८ |
| ९ | ३ | ५६९ | २३४ | २ | ४ | ८१२ |
| १० | १३ | ३६४ | १८२ | २ | ८ | ५६९ |
| ११ | ० | २६५ | १६ | ० | १ | २८२ |
| जम्मा | ४४ | ५८२२ | ९५१ | १७ | ६४ | ६८९८ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

यस नगरपालिकाका ९९ प्रतिशत भन्दा बढी घरमा शौचालय रहेको छ। केही घरमा मात्रै नभएका कारणले उक्त घरहरूबाट वर्षाको समयमा जुका, हैंजा, झाडापखाला जस्ता पानीजन्य रोगहरू संक्रमण हुन सक्ने देखिन्छ। साथै सडकमा व्यवस्थित ढल नभएको, सुकेटारमा रहेको विमानस्थल र बजारमा पर्ने पानीको व्यवस्थित निकास नभएका कारण वडा नं १, २, ३, ४, ५, ६, ७ र ८ मा

जोखिम रहेको छ भने सडकमा बनेका खाल्डाखुल्डीमा जमेका पानीका कारण सडक दुर्घटना बढ्ने र डेंगु जस्तो सरूवा रोगको समेत उच्च जोखिम रहेको छ।

**च) कृषि तथा जिविकोपार्जन**

यस नगरपालिकामा कृषकहरू जीविकोपार्जन र आय वृद्धिका लागि संगठित रूपमा आफ्ना प्रयासहरू अगाडी बढाउन लागिपरेका छन्। यद्यपी बाढी, सुक्खा खडेरी, कटान, हावाहुरी, शितलहर, कृषि तथा पशुमा लाग्ने रोग कीरा तथा फौजी किरा, कोरोना संक्रमण जस्ता विपद्ले यस नगरपालिकाका किसानहरूको कृषि तथा जीविकोपार्जनमा प्रभाव पारिरहेको छ। हालसालै देशैभरी फैलिएको पशुरोग लम्की डिजिजको महामारी यहाँ पनि फैलिन शुरू गरिसकेको छ र यसका कारण ५/७ वटा पशु क्षति समेत भइसकेको छ। नगरपालिकाका कृषकहरूले कृषक समूह वा कृषि सहकारीहरू मार्फत खेतीपाती, चिया खेती, व्यवसायिक तरकारी खेती तथा पशुपालन मार्फत उत्पादन बढाइ जीवनस्तर उकासिरहेका छन्। प्राप्त तथ्याङ्क अनुसार वडा कृषक समूह, पशुपन्छी पालन समुह, व्यवसायिक कृषि फर्म र कृषि सहकारी सबै वडामा रहेका छन्। जसको विवरण निम्नानुसार रहेको छ।

**तालीका नम्बर १६: फुङलिङ नगपालिकामा रहेका व्यावसायिक कृषि फर्म, कृषक समूह तथा कृषक सहकारीहरूको विवरण**

| वडा न. | कृषि तथा पशुपन्छी व्यवसायसंग सम्बन्धित संघसस्थाहरू | | | | |
|---|---|---|---|---|---|
| | कृषक समुह | पशुपन्छी पालन समुह | ब्यवसायिक कृषि फर्म | कृषि सहकारी | जम्मा |
| १ | ५ | ५ | ६ | १ | १७ |
| २ | ११ | १० | ११ | २ | ३४ |
| ३ | ४ | ३ | ३ | २ | १२ |
| ४ | २ | ३ | ३ | ४ | १२ |
| ५ | ४ | ४ | २ | ३ | १३ |
| ६ | ७ | ६ | २ | १ | १६ |
| ७ | ४ | ४ | २ | ३ | १३ |
| ८ | ४ | ५ | ४ | १ | १४ |
| ९ | २४ | ९ | २ | ३ | ३८ |
| १० | ४ | २ | १ | १ | ८ |
| ११ | ८ | ४ | ३ | २ | १७ |
| जम्मा | ७७ | ५५ | ३९ | २३ | १९४ |

*स्रोतः फुङलिङ नगर प्रोफाइल*

यस नगरपालिकामा बाढी तथा पहिरोका कारण वर्षायाममा लगाएको धान लगायतका अन्नबाली नष्ट हुने, सुक्खा खडेरीका कारण लगाएको अन्नबाली तथा अलैंची सुकेर उत्पादनमा ह्रास हुने, वर्षेनी बाँदर ढेडु लगायतका बन्यजन्तुले खेतवारीमा लगाएको अन्नबाली तथा बाहिर राखेको अन्न समेत नोक्सान गरिदिने गरेको छ। यसका साथै हावाहुरी तथा असिनाको कारण समेत यहाँ लगाएको तरकारी वाली तथा अलैंची खेती समेत नष्ट भएको तथ्यांकले देखाएको छ। यस्ता प्रकारका क्षतिहरूको तथ्यांक अभिलेखीकरणमा अझैपनि नगरपालिकाको ध्यान जान सकेको छैन। महिलाहरु कृषिसंग संबन्धित कार्यमा संलग्न हुने र कृषि जीविकोपार्जनको प्रमुख श्रोत भएको कारणले गर्दा विपदको कारणले कृषि उत्पादनमा हुने क्षतिले महिलाहरुको आयआर्जन समेत जोखिममा रहेको देखिन्छ। यस्ता जोखिम तथा असरहरहरुले यी वर्गका उत्थानशीलतालाइ कमजोर पार्ने हुदा आवश्यक जोखिम न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्नु पर्दछ।

**छ) वालीनालीमा जलवायु परिवर्तनको प्रभाव**

जलवायुको कारण वालीको जीवन चक्रमा परिवर्तन भएको समुदायले महसुस गरेका छन्। यो नगरपालिका कृषि क्षेत्रको लागि अत्यन्तै उपयुक्त क्षेत्र मानिन्छ ।यस नगरपालिकामा लगाईने मुख्य वालीहरुमा धान, गँहु, मकै, कोदो, फापर, जौ, उवा, कागुनो, तरकारी वाली (आलु, मुला, साग, कोवी, लहरे तरकारी, गोलभेडा तथा अन्य) नगदे बाली (अलैंची, अम्रिसो, अदुवा, गेडागुडी तथा अन्य), फलफुल (सुन्तला, कागती, किवी, अम्बा, केरा तथा अन्य) पर्दछन। यहाँ खाद्यान्न वाली अन्तरगत धान, गँहु, मकै, कोदो, फापर, कागुनो जस्ता वालीहरु कुल कृषि योग्य क्षेत्रको करीब आधा जमिनमा लगाउने गरिएको छ भने तरकारी, नगदे बाली र फलफुल बांकी भागमा लगाएको देखिन्छ। यस नगरपालिकामा धेरैजसो मार्सी र जिरासरी जस्ता धानका जातहरू लगाइन्छन्। यसैगरी खुमल पहेलो, रामपुर कम्पोजिट, अरुण १, अरुण २, गणेस हाइब्रीड, जस्ता मकैका जातीहरू प्रचलनमा रहेका छन् भने NL२९७, BL१०२२, BL१४७३ र BR२१ जस्ता गहुंका जातीको खेती गर्ने प्रचलन रहेको छ। हाल यहाँको स्थानीय जातको मकै र काउलीको पुरानो विउहरू हराइसकेको किसानहरूको अनुभव रहेको छ। अहिले सवैले स्थानीय जातका सट्टामा हाइब्रिड विउको प्रयोग गर्ने गरेको पाइएको छ। रैथाने विउको तुलनामा हाइब्रिड विउबाट कृषि उत्पादन धेरै हुने भएकोले किसानको आकर्षण वढेको देखिन्छ। किसानहरूका अनुसार पुराना रैथाने वीउका काउली तयार हुन ९० दिन लाग्थ्यो भने अहिले हाइब्रीड वीउको प्रयोगबाट

४५ देखि ६० दिनमा तयार हुने गरेको छ। यसैगरी नगरपालिकाले पकेट क्षेत्र विस्तार गरी अलैंची खेती, तरकारी तथा फलफुल खेती, मासुका लागि सुंगुर, बंगुरपालन, बाख्रा, भेडा पालन तथा कुखुरा पालन भइरहेको छ भने दुग्धजन्य उत्पादनका लागि गाइ भैंसी पालनलाइ नगरपालिकाले प्रोत्साहन गरिरहेको छ र व्यावसायिकता तर्फ उन्मुख भइरहेको छ। यसरी खेती गर्दा रासायनिक मल र विषादीको प्रयोग अत्यधिक बढेकाले माटोको गुणस्तर तिव्र रूपमा विग्रदै गएको अनुभव छलफलमा संलग्न कृषकहरूको रहेको छ। यसरी खेती गर्ने ढाँचा, जलवायु परिवर्तनले मौषम तथा वातावरणमा पारेको प्रभाव जस्ता कुराहरूले गर्दा कृषकहरूले गर्ने खेतीपातीको पात्रोमा समेत प्रभाव पारेको छ, जसलाइ निम्न तालिकामा देखाइएको छ।

**तालिका १७: वालीपात्रो**

| प्रमुख वाली | | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान | विउ राख्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | रोप्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| गहुँ | छर्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| मकै | विउ राख्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| कोदो | विउ राख्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | रोप्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| फापर | छर्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| आलु | रोप्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | खन्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| तरकारी | विउ राख्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | रोप्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| अलैंची | रोप्न्र | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | टिप्ने | पहिले | | | | | | | | | | | | |

| प्रमुख वाली | | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अहिले | | | | | | | | | | | | |
| केरा | रोप्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| अन्य | रोप्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |

*स्रोतः वडास्तरीय छलफल २०७८*

जलवायु परिवर्तन र त्यसबाट उत्पन्न प्रकोप, मानिसको जीवनस्तरमा परेको असरको लेखाजोखा गर्न यस बालीपात्रोले सहयोग गरेको छ। यसका साथै यस नगरपालिकाका विभिन्न वडा तथा वस्तीहरुमा खाद्यान्न वालीमा लाई, डडुवा, ढुसी, गवारो, पात सुक्ने, पतेरो आदी जस्ता रोगहरु लाग्ने गरेको छ भने तरकारीमा विशेषगरी लाई, खुम्रे, डडुवा, ढुसी तथा गवारो राते जस्ता रोग देखा परेको छ। यसैगरी फलफुल खेतिमा लाग्ने रोगकीरामा लाई, खुम्रे, डडुवा, ढुसी, सुन्तलाको पात पहेलो हुनु, सिरुस, फल झर्ने, फल कुहिने तथा फुल झर्ने जस्ता रोगकीराहरू देखिन्छ। यसका अतिरिक्त फौजी कीरा, सलह जस्ता कीराहरूले दुख दिने गरेको देखिन्छ। पशुपालनमा खोरेत, पिपिआर, नाम्ले, जुका, लम्की डिजिज जस्ता रोगहरू देखिएका छन्। सामुदायिक छलफलबाट तयार गरिएको बालीपात्रोका आधारमा निम्न अवस्था देखिएको छ।

- धान पहिले एक बाली मात्र हुन्थ्यो भने हाल सिँचाइ र हाईब्रिड तथा उन्नत जातका बीउको सुविधा रहेका ठाउँहरूमा दुई बाली लगाउने गरेको देखिन्छ। पहिले एक बाली मात्र हुने र अहिले दुइ बाली धान उत्पादन हुँदा यहाँ धानको उत्पादन बढेको कृषकको अनुभव छ ।
- समुदाय स्तरमा भएका छलफलले बालीमा जलवायु परिवर्तनको असर देखिन थालेको निष्कर्षमा पुग्न सकिन्छ । उदाहरणका लागि मकै लगाउने समय पारम्पारिक रूपमै चलिआए पनि हाल यसको पाक्ने समय तथा लगाउने समयमा निरन्तरता रहेको पाईँदैन। केही वर्षयता मकै पहिला भन्दा १५ दिन पहिले पाक्ने गरेको छ, गर्मीयाम लामो समयसम्म रहने हुँदा छिटो पाक्न थालेको स्थानीयको अनुभव रहेको पाइन्छ ।
- खडेरी र सुख्खाको समय लम्बिएका कारण मकै पनि दुइ बाली लगाउने गरेको पाइएको छ र उन्नत जातका बीउहरू बढी लगाउने गरेको पाइन्छ।
- पहिले तोरीको उत्पादन राम्रो हुन्थ्यो तर पछल्लो समयमा उत्पादनमा ह्रास आएकाले यसको खेती क्रमश घट्दै गएको पाइन्छ।
- गेडागुडी लगाउने समयमा व्यापक परिवर्तन देखिन थालेको छ। वर्षा हुने समय परिवर्तन हुन थालेको र रोप्ने बेला र फूल तथा दाना लाग्ने बेला हुने खडेरीले गर्दा यसको खेतीमा पर्याप्त मात्रामा असर परेको देखिन थालेको छ।
- खहरे खोलामा आउने बाढीका कारण हुने डुवानले गर्दा धान तथा कोदोको उत्पादनमा ह्रास आउन थालेको छ।
- हिउँदे वर्षा घट्दै गएका कारण गहुँ खेती क्रमश घट्दै गएको अनुभव किसानहरूको रहेको छ ।
- पछिल्लो समयमा पानी कम चाहिने आलु खेती बढेको छ भने कृषकहरू पनि सो खेती तर्फ आकर्षित भएको पाइन्छ तर तुषारोको समस्याले उत्पादनमा प्रतिकूल प्रभाव पर्दै गएको छ।
- जंगलमा जंगली जनावरको संख्या वृद्धि भएसंगै उनिहरूको आहार विहार क्षेत्र कमी भएका कारण यस नगरपालिकामा मानव र जंगली जनावरका बीच सधै द्वन्द्व भइरहन्छ। यहाँ लगाइएका बालीनाली जंगली जनावरले अत्यधिक मात्रामा खेतमा नै आएर नोक्सान गर्ने गरेको छ। कतिपय वडामा पशुपक्षी जंगली जनावरले मारेर खाने गरेको देखिएको छ।

### ज) सिचाइ

यस नगरपालिकाका बासिन्दाहरूको मुख्य पेशा कृषि नै देखिन्छ। कृषि प्रवर्द्धनका लागि सबैभन्दा अपरिहार्य तत्व जल हो जसका लागि व्यवस्थित कुलो वा सिञ्चाइको व्यवस्थापन आवस्यक पर्दछ। यस पालिकामा कृषि प्रवर्द्धनका लागि सबै वडाहरूमा सिंचाई सुविधाको उपलब्धताका लागि वडामा रहेका नदी, खोला, नाला तथा कुलोहरू रहेका छन् यद्यपी प्राय सबै वडाहरुमा व्यवस्थित तथा आधुनिक

सिंचाईका पुर्वाधारको सुविधा रहेको पाइदैन र यहाँ वसोवास गर्ने वासिन्दाहरुले परम्परागत रुपमा नै पुराना कूलो, खोलाहरु, कुलेसाहरु तथा मौसमी सिंचाई, आदिबाट सिंचाई गरेको देखिन्छ। यहाँ रहेका खोला नदी, कुलोबाट सिञ्चाइ प्रवन्ध गर्न नगरपालिकाले पहल गरिरहेको छ। यस क्षेत्रमा बढि मात्रामा कृषि योग्य जमिन भएकोले कृषियोग्य जमिनलाई वचाइ राखी व्यवस्थित सिंचाईको प्रक्रियालाई अवलम्वन गर्दै आधुनिक सिंचाई प्रणाली अपनाउनु पर्ने आवश्यकता रहेको देखिन्छ ।

फुङलिङ नगरपालिकालाइ पूर्ण सिंचीत गर्नका लागि भुमिगत पाइप लाईनिङ तथा कुलो लाईनिङहरुको निर्माण तथा मर्मत सम्भारको ब्यबस्था मिलाउने कार्यलाइ यस नगरपालिकाले प्राथमिकताका साथ अगाडी बढाइरहेको छ। यसैगरी नगरपालिकाले सिंचाई व्यवस्थापनका लागि सिंचाइ पाइप लाईनिङ तथा सिंचाइ कुलो लाईनिङ जस्ता कार्यहरूलाइ बजेट व्यवस्थापन गरी कार्यहरू अगाडी बढाइरहेको छ। यसरी नगरपालिकाभित्र सिंचाइलाइ व्यवस्थित गर्दा यसको सुरक्षा र दिगोपनालाइ समेत ध्यान दिनुपर्ने देखिन्छ। विशेष गरी बाढी पहिरोबाट सिंचाइका संरचनाहरूलाइ संरक्षण र सुरक्षित बनाउनका लागि समेत योजना तयार गर्नुपर्ने देखिन्छ।

**झ) उर्जा**

यस नगरपालिकामा विगतमा खाना पकाउनका लागि प्रयोग गरिने दाउरा तथा मट्टितेल जस्ता इन्धनलाई ग्याँसले विस्तारै विष्थापन गरिरहेको छ। यद्यपी सस नगरपालिकामा खाना पकाउने इन्धनको रुपमा दाउराको अत्याधिक प्रयोग भइरहेको तथ्यांकले देखाएको छ। यस नगरपालिका रहेका ६८९८ घरपरिवारमध्ये ४५६० परिवारले दाउरालाइ प्रमुख इन्धनको रुपमा प्रयोग गर्ने गरेका छन्। यसैगरी २२८५ परिवारले एल.पि ग्याँसको प्रयोग गर्ने गरेका छन्। यस नगरपालिकामा अझैपनि मट्टतिल, गुइठा र बिजुलीको अत्यन्त न्यून प्रयोग भएको देखिन्छ। यस पालिकामा ग्याँसको प्रयोगकर्ताहरू बढ्दै गइरहेको छ भने दाउराको प्रयोग गर्ने अझैपनि सबैभन्दा बढी रहेको तथ्याङ्कले देखाएको छ। इन्धनको प्रयोगमा आएको परिवर्तन संगै पहिलापहिला घरको चुल्हामा बालेको आगो तथा जाडोमा आगो ताप्ने तथा जंगलमा मानवीय गतिविधिबाट आगलागी हुने गर्दथ्यो भने अहिले त्यो यो प्रकृया विस्तारै फेरिदै विद्युतजन्य आगलागीको जोखिम बढ्दै गइरहेको छ। हाल परम्परागत तरिकाले लाग्ने आगलागीको जोखिम न्यूनीकरण भएको पाइन्छ भने अहिले ग्याँस सिलिण्डर, विद्युतीय सामग्री तथा पेट्रोल पम्पहरूबाट वढी आगलागी भएको पाइन्छ। साथै यस नगरपालिकामा चट्याङ्गको समेत जोखिम रहेको हुँदा यस्ता घटनाबाट समेत आगलागीको सम्भावना रहेको छ। यद्यपी यी इन्धन तथा उर्जाका प्रयोगबाट घरको भान्सामा हुने आगलागीको जोखिमका बारेमा सचेतना अभिवृद्धि भने गराइएको देखिदैन। यस नगरपालिकामा खाना पकाउन प्रयोग गरिने उर्जाको अवस्था निम्नानुसार रहको छ।

**तालिका १८: खाना पकाउने मुख्य इन्धन सम्बन्धी विवरण**

| वार्ड | इन्धनको प्रकार | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | दाउरा | ग्यास | विजुली | गुइठा | गोवरग्यास | मट्टितेल | अन्य | |
| १ | २६७ | २ | ० | ० | ० | ० | ० | २६९ |
| २ | ६४१ | ३११ | १ | ० | २ | ० | १ | ९५६ |
| ३ | ५६० | ८४ | २ | ० | २ | २ | ० | ६५० |
| ४ | २७२ | ७८० | १२ | ० | ८ | ० | ० | १०७२ |
| ५ | ८६ | ४५२ | २ | ० | ० | १ | १ | ५४२ |
| ६ | ३७२ | ३९४ | ० | ० | १३ | ० | ० | ७७९ |
| ७ | २६६ | १९२ | १ | ० | ० | ० | ० | ४५९ |
| ८ | ४७५ | ३२ | ० | ० | ० | १ | ० | ५०८ |
| ९ | ७९० | २० | ० | ० | २ | ० | ० | ८१२ |
| १० | ५५८ | ९ | ० | ० | १ | १ | ० | ५६९ |
| ११ | २७३ | ९ | ० | ० | ० | ० | ० | २८२ |
| जम्मा | ४५६० | २२८५ | १८ | ० | २८ | ५ | २ | ६८९८ |
| प्रतिशत | ६६.११% | ३३.१३% | ०.२६% | ०.००% | ०.४१% | ०.०७% | ०.०३% | १००% |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

यस नगरपालिकामा धेरै घरहरूमा विद्युत सेवा उपलब्ध छ। ६८९८ कुल घरपरिवार संख्यामा ६६३६ घर परिवारले विद्युतको प्रयोग गर्ने गरेका छन् भने १६९ घरपरिवारले सोलारको प्रयोग गरेका छन्। यस्तै यस नगरपालिकामा टुकि तथा अन्य उर्जाको प्रयोग गर्ने घरपरिवारको संख्या क्रमशः ४९ र ४४ रहेको छ। यस नगरपालिकामा प्रयोग गरिरहेका बत्तिको मुख्य स्रोत घरधुरी अनुसार निम्न रहेको छ।

**तालिका नं. १९: परीवारले प्रयोग गर्ने बत्तीको मुख्य स्रोत**

| वार्ड | परिवारको बत्तिको स्रोत | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | विद्युत | सोलार | मट्टितेल | बायो ग्यास | अन्य | |
| १ | २५४ | १० | ३ | ० | २ | २६९ |
| २ | ९३२ | २२ | २ | ० | ० | ९५६ |
| ३ | ६१८ | १५ | ११ | ० | ६ | ६५० |
| ४ | १०५६ | १५ | ० | ० | १ | १०७२ |
| ५ | ५२७ | १२ | ३ | ० | ० | ५४२ |
| ६ | ७४० | ३२ | ३ | ० | ४ | ७७९ |
| ७ | ४३७ | १६ | ० | ० | ६ | ४५९ |
| ८ | ४७४ | १९ | १२ | ० | ३ | ५०८ |
| ९ | ७८८ | ८ | ४ | ० | १२ | ८१२ |
| १० | ५३४ | १६ | १० | ० | ९ | ५६९ |
| ११ | २७६ | ४ | १ | ० | १ | २८२ |
| जम्मा | ६६३६ | १६९ | ४९ | ० | ४४ | ६८९८ |
| | ९६.२०% | २.४५% | ०.७१% | ०।००% | ०.६४% | १००% |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**झ) सञ्चार**

विपद् व्यवस्थापन सुचना प्रणाली व्यवस्थित भएको खण्डमा मानवीय मृत्यु तथा सम्पत्तीको नोक्सानी न्युन गर्न सकिन्छ। विपद् व्यवस्थापनको एउटा महत्वपुर्ण पक्ष भनेको व्यवस्थित सुचना प्रणाली र सञ्चार प्रक्रिया हो। यस्ता सुचना र सञ्चारको लागि प्रयोग गरिने साधन र स्रोतहरूको उपलब्धता, प्रभावित क्षेत्रका समुदायको त्यसमा पहुँच र प्रयोग गर्ने क्षमता तथा तरिकाले पनि विपद् जोखिम न्यून गर्ने वा बढाउने कुरा निर्भर गर्दछ। यस नगरपालिकामा मोवाइल र टेलिभिजनमा समुदायको पहुँच ११८८६ जनामा रहेको तथ्यांकले देखाएको छ। यसलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकिएमा विपद पूर्वतयारी र प्रतिकार्यको लागि प्रसारण गरिने पूर्व सूचनाका सन्देशहरू मोवाइल एसएमएस प्रभावकारी हुने देखिएको छ। यस्ता सूचना सम्प्रेषण गर्दा स्थानीय भाषामा स्थानीय एफ एम मार्फत सबैको पहुँच हुनसक्ने गरी प्रवाह गर्नुपर्छ।फुङलिङ नगरपालिकामा संचारका साधन नभएको घरपरिवार संख्या २१६ रहेका छन् । यस्तै कुनै एउटा सुविधा भएका घरपरिवार संख्या ६६८२ रहेका छन्। यस नपामा रेडियो प्रयोगकर्ता ४१२९ परिवार रहेको छ । मोटर र रेफ्रिजेरेटर प्रयोग गर्ने घरपरिवार मात्र १२९२ ११५ रहेका छन्।यस पालिकामा प्रयोग भइरहेका सञ्चार, यातायात र अन्य सेवा सुविधाका साधनहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका २०: प्रयोग भएका सञ्चार, यातायात र अन्य सेवा सुविधाका साधनहरूको विवरण**

| साधनहरूको प्रकारहरू | वडा | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| रेडियो | १९७ | ४७९ | ३७४ | ६०६ | २८७ | ४७२ | २७३ | ३९२ | ५२१ | ३४५ | १८३ | ४१२९ | ५९.८६% |
| टेलीभिजन | १०९ | ५०५ | ३३१ | ६४७ | ३३९ | ४१४ | २६३ | २५१ | ३३० | २६३ | १३८ | ३५९० | ५२.०४% |
| ल्याण्डलाइन टेलीफोन | ६ | ४६ | २९ | २५७ | १५४ | १०७ | ७० | ४९ | ११ | ११ | १५ | ७५५ | १०.९५% |
| मोवाइल साधारण | २३८ | ७७७ | ५९१ | ८८० | ५०७ | ६४७ | ४०७ | ४६८ | ७३९ | ५३४ | २५३ | ६०४१ | ८७.५८% |
| मोवाइल स्मार्ट | १५९ | ७८९ | ३८९ | ८६० | ४३७ | ६३२ | ३७२ | ३८७ | ५०१ | ३४७ | २१७ | ५०९० | ७३.७९% |
| कम्प्युटरल्यापटप/ | १८ | १४८ | ७२ | २३२ | १४५ | ११० | १०० | ३० | ५१ | २७ | १० | ९४३ | १३.६७% |
| इन्टरनेट | २१ | २६७ | ९१ | ४२३ | २५६ | ३९३ | २६३ | ९८ | १२६ | २१९ | १ | २१५८ | ३१.२८% |
| कार जिप, भ्यान | १ | १४ | ४ | २९ | २६ | १० | १३ | ३ | २ | ९ | ४ | ११५ | १.६७% |
| मोटरसाइकल, स्कुटर | १६ | ७५ | ९४ | १५८ | ११२ | ७८ | ७७ | ३९ | २८ | १९ | ११ | ७०७ | १०.२५% |
| साइकल | ० | २५ | २ | १४ | १६ | ८ | ४ | १ | ५ | ६ | ० | ८१ | १.१७% |
| विद्युतीय पंखा | ० | ३४ | ३ | ३० | १३ | ३ | ७ | १ | ४ | ४ | ० | ९९ | १.४४% |
| रेफ्रिजेरेटर | ० | २९ | ४ | ७३ | ६३ | १३ | ४ | २ | ० | ११ | ० | १९९ | २.८८% |
| वासिङ्ग मेसिन | ० | २ | २ | ४३ | ३३ | ७ | ४ | १ | १ | ० | ० | ९३ | १.३५% |
| एयर कण्डिसन | ० | ३ | ४ | ४ | ३ | २ | ० | ० | ० | ३ | ० | १९ | ०.२८% |
| केही पनि नभएको | १३ | २३ | २७ | ४९ | १२ | २६ | ९ | १८ | १५ | १६ | ८ | २१६ | ३.१३% |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

### ञ) आर्थिक तथा सामाजिक प्रभाव

यस नगरपालिकामा आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार १०२१ रहेको तथ्याङ्कले देखाउँछ। त्यसैगरि क्रमशः ३ महिनासम्म खानपुग्ने १७७५ परिवार, ४ देखि ६ महिना सम्म खानपुग्ने १६२४ परिवार, ७ देखि ९ महिनासम्म खानपुग्ने २८२ परिवार रहेको घरधुरी सर्वेक्षणको तथ्याङ्कबाट देखिन्छ। यस तालिका अनुसार विश्लेषण गर्दा ३ महिना भन्दा कम आफ्नो उत्पादनले खानपुग्ने र आफ्नो खेतिपाती नभएको परिवार लामो समय विपद्को अवस्था सिर्जना भएमा बढी जोखिममा पर्ने देखिन्छ। आफ्नो उत्पादनले अवधि अनुसार खान पुग्ने परिवारको विवरण निम्न तालीकामा देखाइएको छ ।

**तालिका २१: आफ्नो उत्पादनले खान पुग्ने अवधि अनुसार परिवारको विवरण**

| वडा नं. | उत्पादनले खानपुग्ने अवधि | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ३ महिना | ४-६ महिना | ७-९ महिना | वर्षभरी खानपुग्ने | आफ्नो खेतीपाती नभएको | |
| १ | ४१ | ७३ | ७ | १४४ | ४ | २६९ |
| २ | ३०८ | २०५ | ३१७ | ९१ | ३५ | ९५६ |
| ३ | १४१ | १४६ | २४ | ७२ | २६७ | ६५० |
| ४ | १३८ | ११३ | १०१ | २८७ | ४३३ | १०७२ |
| ५ | ५१ | ९७ | ९१ | २८४ | १९ | ५४२ |
| ६ | १८५ | १८७ | १६६ | १८४ | ५७ | ७७९ |
| ७ | १४४ | १४७ | ७४ | ८२ | १२ | ४५९ |
| ८ | १७९ | १६१ | २३ | ७४ | ७१ | ५०८ |
| ९ | ३३९ | २१४ | ५७ | १०५ | ९७ | ८१२ |
| | १७० | १११ | २८ | २३८ | २२ | ५६९ |
| | ७९ | १७० | ४ | २५ | ४ | २८२ |
| जम्मा | १७७५ | १६२४ | ८९२ | १५८६ | १०२१ | ६८९८ |
| प्रतिशत | २५.७३% | २३.५४% | १२.९३% | २२.९९% | १४.८०% | १००% |

*स्रोतः वडा स्तरीय छलफल २०८०*

यस नगरबासीहरूमा बचत गर्ने बानीको राम्रो विकास भएको पाइन्छ। पालिकामा रहेका घरधुरी मध्ये ८५.८ प्रतिशत परिवारले कुनै न कुनै बैंक तथा वित्तिय संस्थामा आफ्नो खाता खोलेका छन् जसले गर्दा आपतकालीन अवस्थामा सहयोग हुने अपेक्षा गर्न सकिन्छ। परिवारको बैंक तथा वित्तिय संस्थामा भएको खाता सम्बन्धी विवरण निम्न तालीकामा देखाइएको छ ।

**तालिका २२: परिवारको बैंक तथा वित्तिय संस्थामा भएको खाता सम्बन्धी विवरण**

| | वडा नं | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संकेत | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा | प्रतिशत |
| छ | १४४ | ६९९ | ४१४ | ८८३ | ४८० | ५५६ | ४१० | ३१५ | ३५६ | ३२५ | १५५ | ४७३७ | ६८.६७% |
| छैन | १२५ | १९१ | १७० | १८३ | ६२ | १९५ | ४९ | १९३ | ३७६ | २४४ | १२७ | १९१५ | २७.७६% |
| थाहा छैन | ० | ६६ | ६६ | ६ | ० | २८ | ० | ० | ८० | ० | ० | २४६ | ३.५७% |
| जम्मा घरधुरी | २६९ | ९५६ | ६५० | १०७२ | ५४२ | ७७९ | ४५९ | ५०८ | ८१२ | ५६९ | २८२ | ६८९८ | १००% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ र वडा स्तरीय छलफल २०८०*

## ट) सामुदायिक भवन र पाटीपौवा तथा चौताराः

फुङ्लिङ नगरपालिकाको प्रोफाइल २०७७ का अनुसार यस नगरपालिका क्षेत्र भित्र विभिन्न वडामा सामान्य स्वरुप र पुर्वाधार सहितका २० वटा सामुदायिक भवन र २१ वटा पाटी पौवा तथा चौतारा रहेको देखिन्छ । यस नगरपालिका भित्र मानिसहरूको मृत्यू पछि दाहसंस्कार सम्पन्न गरी चौतारा वा पाटी पौवामा मलामिहरूलाई खाजा खुवाउने र आराम गर्ने प्रवन्धका लागि सञ्चालनमा रहेका केहि पाटी, पौवा, मलामि टहराहरू र चौतारा मर्मत सम्भार तथा जिर्णोद्धारका पखाईमा रहेको देखिन्छ। यस्ता पाटीहरू सुरक्षित र सम्बर्धित भए भने विपद्को समयमा समेत उपयोग गर्न सकिन्छ। यहाँ रहेका सामुदायिक भवन र पाटीपौवा तथा चौतारा निम्नानुसार रहेका छन्।

**तालिका २३: सामुदायिक भवनहरूको विवरण**

| वडा नं | क्र. सं. | नाम | ठेगाना (स्थान) | कैफियत |
|---|---|---|---|---|
| ३ | ३.१ | नवोदित युवा परिवार सामुदायिक भवन माथिल्लो डाँडागाउ | डाँडागाउ | १ रोपनी जग्गा मध्ये २ कोठे ढुङगा, माटो, काठ र टिनको छाना भएको |
| | ३.२ | पृथीवेलास सामुदायिक पाटी भवन मेदिवङ पाटी डाँडा | फुङलिङ-३ मेदिवुङ लामाघर | १ रोपनी जग्गाको केही भागमा सामुदायिक भवन पाटी जिर्ण रहको |
| ४ | ४.१ | संस्कार भवन | गणेश थान | निर्माणाधिन |
| | ४.२ | तमोर महिला भवन | हुलाक टोल | निर्माणाधिन |
| ५ | ५.१ | पाथिभरा सामुदायिक भवन (सिटी हल) | | जिर्ण अवस्थामा रहको |
| ६ | ६.१ | पाथिभरा क्षेत्र विकासको भवन | सानो पाथिभरा छेउ | |
| | ६.२ | हिमाली ग्रामिण विकासको भवन | सानो पाथिभरा छेउ | ठिकै |
| ७ | ७.१ | किरातचौक सामुदायिक भवन | | ठिकै |
| | ७.२ | केलाङ भवन | | निर्माणाधिन |
| | ७.३ | नमुना महिलाको भवन | बुढौली गाउँ | निर्माणाधिन |
| ८ | ८.१ | देउराली सास्कतिक यवा क्लव भवन | बेजम्वो | दर्ता, भवन, जग्गा |
| | ८.२ | देउराली आमा समुह | नाम्ले | राम्रो |
| | ८.३ | लालिगुरास जन सांस्कतिक परिवार | रमिते | दर्ता, भवन, जग्गा |
| ९ | ९.१ | रामेटार सामुदायिक भवन | रामेटार | जग्गा, कच्चि भवन, शौचालय |
| | ९.२ | हिले आमा समुह सामुदायिक भवन | सुकेटार | जग्गा, शौचालय |
| | ९.३ | भण्डारी सामुदायिक भवन | भण्डारी गाउँ | जग्गा, कच्चि भवन |
| | ९.४ | सिस्ने सामुदायिक भवन | कुङकुलुङ टोल | जग्गा, भवन |
| | ९.५ | ओखे चौर सामुदायिक भवन | ओखे चौर | जग्गा, कच्चि भवन |
| | ९.६ | जनजाती सामुदायिक भवन | लाम्पोखरी | जग्गा, कच्चि भवन |
| १० | १०.१ | याफ्रे सामुदायिक भवन | याफ्रे | दता, भवन, जग्ग्गा |
| जम्मा | | २० | | |

*स्रोतः फुङलिङ नगर प्रोफाइल*

**तालिका २४: पाटीपौवा तथा चौताराहरूको विवरण**

| वडा नं | क्र. सं. | नाम | ठेगाना (स्थान) | कैफियत |
|---|---|---|---|---|
| १ | १.१ | मलामी पाटी | हाङदुङ | भएको |
| | १.२ | मलामी पाटी | सेगुवा | जग्गा भएको |
| २ | २.१ | सार्की चौतारा | सार्की टाल | भएको |
| | २.२ | बिरबल चौतारा | तारीबुङ | भएको |
| | २.३ | लहरे गाउ चौतारा | लहरे | भएको |
| | २ ४ | हान्दुङमा पार्टी | हाङदुङ | भएको |
| | २ ५ | गरुङडाडाँ पार्टी | तारिबुङ | भएको |
| ३ | ३.१ | भाटेघाट विश्राम स्थल पाटी भवन भाटे | गुहेली | २ रोपनी जग्गा भएको मलामी विश्राम गर्ने र फर्कदा खाजा खाने ब्लक पाटी भवन रहेको |
| | ३.२ | बराल गाउँ पाटीडाँडा पाटी | मेदिबुङ | पुरानो पाटी जिर्ण भइसकेको ३ रोपनी जग्गा रहेको बराल बंश प्रतिष्ठानले धार्मिक कार्य गर्ने स्थान |
| | ३.३ | मसाने घाट पाटी | सिकारी डाडा मुनी | दोभान वारी मसाने घाट विभिन्न जात जातिको समाधि स्थल भएको खोला हिउदमा समुदायले चन्दाबाट वनाएको पाटी जिर्ण साथै खोलाले लान आटेको |
| | ३.४ | वृद्धचौतारी तथा वृद्ध पुस्तकालय भवन | घिमीरे गाँउ | मेदिवुङ घिमीरे गाँउ गिरी गाँउ समिप १ रोपनी जग्गा रहको |

| वडा नं | क. सं. | नाम | ठेगाना (स्थान) | कैफियत |
|---|---|---|---|---|
| | ३.५ | मदन स्मृती पार्क तथा प्रतिक्षालय | मेदिवुङ | चौतारी वा.सु.स.मा.वि. मेदिवुङ जननेता मदन भण्डारीले आधारभुत तह देखि कक्षा ९ सम्म अध्ययन गरेको अभिलेख गरेको हुँदा उक्त बिद्यालयका ४२ रोपनी जग्गा मध्ये २ रोपनी जग्गा भित्र मदन सुवोधिनी प्रतिक्षालय निर्माण |
| | ३.६ | भीमसेन थान चौतारी तथा पतिक्षालय | सिम्ले | फुङलिङ -३ का पालुवा चोकको भिमसेन थान मन्दिर समिप वृद्ध चौतारी रहेको |
| | ३.७ | मसाने घाट मलामी विश्राम पाटी | सिकारी डाँडा | २ रोपनी जग्गा मध्ये पहिरो गई ढुङगा माटो, काठ, टिनको छाना भएको भवन पाटी धराप अवस्थाममा छ। |
| ५ | ५.१ | सरस्वती कुण्डमा प्रतिक्षालय | बिरेन्द्र चाक | हाल भएको |
| | ५.२ | नाम्दु खोला चौतारा | ठुलो गाउँ | हाल भएको |
| ६ | ६.१ | मलामी खाजा घर | झ्यालखान डाँडा | करीब ५०० घरधुरी हालमा प्रयोगमा |
| | ६.२ | रमित चौतारी | बाँझोगरा | हाल २०० घरधुरि |
| ७ | ७.१ | बुद्ध चौतारी | तोक्मडाँडा | निर्माणाधिन अवस्थामा रहेको |
| ८ | ८.१ | सेति चौतारा | चारपाटे | करीब ५०० घरधुरी हाल प्रयोग गरिरहेको |
| ९ | ९.१ | बुद्ध चौतारी | आसाङपाटी | जग्गा नभएको |
| | ९.२ | मलामी पाटी | मसाने घाट, भुटाने चोक | २ वटा रहको |
| जम्मा | | २१ | | |

*स्रोतः फुङलिङ नगर प्रोफाइल २०७७*

यसका अलावा यस पालिका भित्र जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, हुलाक लगायतका सरकारी कार्यालयहरू समेत रहेका छन्। यी संस्था तथा निकायहरूले नियमित रूपमा आफ्नो कार्य सञ्चालनका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सचेतना, औषधीको भण्डारण, घाइतेको उपचार, शान्ती सुरक्षा लगायतका कार्यहरू गर्दछन्।

## १.४ जलवायु परिवर्तन र विपद जोखिम बारे सूचना

जलवायु परिवर्तन भन्नाले विश्वव्यापी रुपमा तापमान र मौसमको स्वरुपमा लामो अन्तरालमा आउने परिवर्तनलाई बुझाउँछ। जलवायु प्राकृतिक रुपमा नै परिवर्तनशील छ तर हालको जलवायु परिवर्तन, विश्वव्यापी तापमानमा वृद्धिका कारण भएको हो। यसको मुख्य कारक मानवीय गतिविधि हुन् जसले वायुमण्डलको संरचनामा बद्लाव ल्याएको छ। भूमण्डलीय उष्णीकरण (Global warming) भनेको धेरै वर्षमा अभिलेख गरिएको पृथ्वीको तापमानमा भएको वृद्धि हो।

### १ १.४.ताप्लेजुङ जिल्लाको जलवायुको अवस्था

ताप्लेजुङ जिल्लामा सामान्यतया केही ट्रपिकल देशहरूको उच्च भूमिमा पाइने 'सुख्खा हिउँद र उष्ण गर्मी सहितको समशीतोष्ण (Cwb)' जलवायु रहेको छ। यहाँ सबैभन्दा चिसो महिना -३° सेल्सियस भन्दा न्यानो र +१८° सेल्सियस भन्दा चिसो हुन्छ। यसैगरी यहाँ हिउदे यामको जाडो र वर्षा यामको गर्मीमा उल्लेखनीय भिन्नता हुन्छ।

### १.४.२ ताप्लेजुङ जिल्लाको मौषम तथा जलवायुको तथ्याङ्क र रेखाचित्र

ताप्लेजुङको हावापानी न्यानो र समशीतोष्ण छ। ताप्लेजुङमा जाडोको तुलनामा गर्मीमा धेरै वर्षा हुन्छ । यहाँ औसत तापमान १५.१°C (५९.१°F) रहेको छ भने वर्षा लगभग ३०५८ मिमी (१२०.४ इन्च) प्रति वर्ष रहेको छ।

नेपालको उत्तर पुर्वी क्षेत्रमा अवस्थित ताप्लेजुङ जिल्लामा कार्तिक महिनादेखि फागुन महिनासम्म जाडो, चैत्रदेखि जेठसम्म गर्मी र असार देखि असोज महिनासम्म वर्षा याम रहेको छ।

यस जिल्लामा वर्षको सबैभन्दा गर्मी महिना जुलाई हो, यस महिनामा औसत तापमान २०.० °C (६८.० °F) र वर्षको सबैभन्दा कम औसत तापमान जनवरीमा ८.० °C (४६.३°F) हुन्छ।

सबैभन्दा सुख्खा महिना डिसेम्बर हो, जतिवेला २६ मिमी (१.० इन्च) वर्षा हुन्छ भने सबैभन्दा धेरै वर्षा औसत ७९९ मिमी (३१.५ इन्च) जुलाईमा हुने गरेको छ।



स्रोतः https://en.climate-

### १.४.३ ताप्लेजुङको महिना अनुसार औसत मौसम

**(१९९१–२०२१ को) औषत न्युनतम तथा अधिकतम तापक्रम, वर्षा, सापेक्षित आद्रता, दैनिक घाम लाग्ने समय**



सबैभन्दा सुख्खा महिना र पानी पर्ने महिना बीचको वर्षामा अंतर ७७३ मिमी (३० इन्च) रहेको छ । वर्षभरि तापमानमा भिन्नता १२.१ °C (२१.७ °F) हुने गरेको पाइन्छ।

उच्चतम सापेक्षिक आर्द्रताको महिना जुलाई (९०.९६%) रहेको छ भने सबैभन्दा कम सापेक्षिक आर्द्रता भएको महिना मार्च (६७.१२%) रहेको छ। जुलाई महिना सबैभन्दा बढी वर्षा हुने (२२ दिन) महिना हो भने डिसेम्बर वर्षको सबैभन्दा सुख्खा महिना (२६.०० दिन) हो।

### १.४.४ जलवायु परिवर्तनको प्रभाव

पृथ्वीको तापमान गत १५० बर्षमा मानव गतिविधिका कारण १ डिग्रीले बढेको छ। पृथ्वीको वायुमण्डलका केही ग्याँसहरू जस्तै हरितगृह ग्याँसहरू (कार्बनडाइअक्साइड, मीथेन आदि) ले ताप पृथ्वीबाट बाहिर निस्कन रोक्दछ। यी ग्याँसहरू प्राकृतिक रूपमा नै वायुमण्डलमा हुन्छन् र पृथ्वीलाई स्थिर तापक्रममा राख्दछन् यद्यपि मानवीय क्रियाकलापहरू - जस्तै जीवाश्म ईन्धनहरू (पेट्रोल, डिजल) जलाउनु, सवारी साधनहरू चलाउनु, खाद्यान्न उत्पादन, वन विनाश तथा अत्यधिक खपतले वातावरणमा अधिक मात्रामा हरितगृह ग्यास उत्सर्जित गर्दछ जसले प्राकृतिक चक्रलाई नै परिवर्तन गरी पृथ्वीलाई तातो बनाइ राखेको छ। जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था र पारिस्थितिक प्रणाली *(Ecosystem)* लाई असर गर्न सक्छ।

यसले जटिल तथा खतरनाक मौसमका घटनाहरू, जैविक विविधतामा ह्रास, स्वास्थ्य जोखिम बढाउने, र मानिस विस्थापित हुनुपर्ने सम्मको स्थिती निम्त्याउन सक्दछ। जलवायु परिवर्तनका कारणले बढ्दै गइरहेको जटील मौसमजन्य घटनाहरुका कारण प्रकोपका घटनाक्रमहरु बढ्ने र यसले गर्ने क्षतिमा समेत वृद्धि हुदै गैरहेको छ।

यस नगरपालिकामा जलवायु परिवर्तनको प्रभाव वन तथा जैविक विविधता, उर्जा, मानव स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास लगायत जिविकोपार्जनसंग जोडिएको क्षेत्रहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष महसुस गरिएको छ। जसबाट बाढी, हावाहुरी तथा डढेलो जस्ता जलवायुजन्य प्रकोपहरुका कारण हरेक वर्ष ठुलो संख्या र मात्रामा जनधनको क्षति भइरहेको छ। यो पृष्ठभूमिमा जलवायु परिवर्तनका असरहरुको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्नेतर्फ विभिन्न तह र विषयगत क्षेत्रहरुमा नीतिगत अभ्यास गर्ने उद्देश्यले जलवायु परिवर्तनको जोखिमका विषयहरुलाई यो स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा समेटीएको छ। यसको लागि समुदायले अनुभुत गरेका जलवायु परिवर्तनका सवालहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.५ जलवायु परिवर्तनका परिदृश्यहरु र त्यसका प्रत्यक्ष असरहरु

यस पालिकामा जलवायु परिवर्तनका प्रत्यक्ष असरहरु कम देखिएता पनि विस्तारै यसको प्रभाव वढ्दै गएको तथ्य वडा स्तरीय छलफलबाट प्राप्त भएको छ। छलफलकै क्रममा वर्षा थोरै समयमा धेरै मात्रामा हुने र यसले जनधनको क्षति पुर्याएको छ। साथै यस्ता अतिवृष्टीका कारण बाढी आइ कृषि बालीलाई धेरै प्रभाव पारेको छ। यस नगरपालिकामा वग्ने नदिहरु निम्न अनुसार रहेका छन्। यस नगरपालिकाको वडाको वडा सिमाना तथा यहाँका नदिहरुको विवरण चित्रमा देखाइएको छ। साथै तलको तालिकामा समेत निम्नानुसार रहेको छ।

**तालिका २५: वडामा रहेका खोला तथा नदिहरु र त्यसका कारण जोखिममा रहेका घरधुरी विवरण**

| वडा | नदी, खोला र खहरे खोल्साहरू | यसले प्रत्यक्ष असर गर्ने टोलहरू | जोखिममा रहेका घरधुरी |
|---|---|---|---|
| १ | सार्के खोला, खसिनी खोला, बाङ्गे खोला, थाङ्ने खोला, र चिचोरा खोला | नाङ्गे, सेगुम्बा, निगिजुङ्ग र मेलुङ्ग, आम्बोटे र तिनधारे, आहाले डाँडागाउँ | ७० |
| २ | तमोर नदी, खसेनी खोल्सा र थाङ्ने खोल्सा | आम्बोटे, नागेश्वरी र ठोक्रे, हान्द्रुङ लहरे, सल्लाबोटे, गैरीगाउँ र डाँडागाउँ, देउलिङ्गे, टाकुरे र टारगाउँ, एङ्लेजुङ्ग र तारिबुङ्ग, तिनबरे र तारेबुङ्ग, बोझे र भेटनरी, रिजाल लाइन र हेलिप्याड | २९० |
| ३ | तमोर नदी, भाँडीखोला, भाँटेखोल्सा, मुडे खोल्सा (साउने), बेपारे खोल्सा र खहरे खोल्सा | केनिम, कार्तिके, हलीबोटे, गुहेली, आगेदिन र मुडे, सिटेनी, सिकारीडाँडा, फागेडाँडा, र भिरकुना, पालुङ्वा चोक, पाँचगाउँ र ढाँडगाउँ, गैरिगाउँ, टारीगाउँ, तल्लो मेदिबुङ्ग र चिहानेपाखा, बतासे, माथिल्लो मेदिबुङ्ग, साउने र हेलिप्याड | १०० |
| ४ | सार्के खोल्सा र खसेनी खोल्सा | क्याम्पस लाइन, कोप्चे र डाँडाघर टोल, तोक्मे, हिलिहाङ र भानु स्कुल टोल र माछापोखरी तिनवरे टोल | १५ |
| ५ | दमाइ खोल्सी, सार्के खोल्सा, र साधु खोल्सा | ठुलो गाउँ, नवज्योती र सृजना टोल, बिरेन्द्र चोक र हस्पिटल लाइन, न्युरोड र बुद्ध चोक र क्याम्पस लाइन र उकाली पानी | १०० |
| ६ | श्याम खोल्सा, सार्के खोल्सा, माछापोखरी खोला, चिचोरा खोला, ढाँडे खोल्सा, खहरे खोला, पारा खोला, बगरबारी खोला र सिमघर खोला | ओखे (गैरीगाउँ, थुमाजुङ्ग र ओखे), बाझोगरा (पाथीभरा, सेर्पाटोल र टुक्रे), बिहिवारे (डाँडावारी र अहाले), बतासे (गुम्बाटोल, खरिबोटे, बगरबारी र मेलबोटे) र सुकेटार | १०० |
| ७ | केनिम खोला, ताक्मारे खोल्सा, भाँडी खोल्सा, काठेबर खोल्सा, भाङबारी खोल्सा र मेहले खोल्सा | केनिम, बहानन्दे र घुम्ती, खोल्सा पारी, बुढौली, खोप्रे र किरातचोक, आकाशे, पाटिगाउँ र लप्सीबोटे, कफिहाउस नापीलाइन चारगाउँ र तोक्मा | ५० |
| ८ | तमोर नदी, मेहले खोल्सा, बर्खे खोल्सा, नागथान खोल्सा, डाँडाघरे खोल्सा, काफल खोल्सा, खोदुम्बु खोल्सा, माक्सिन्दा खोल्सा, खोक्से खोला र केनिम खोल्सा | खोलीपाखा, पानीट्यांकी, खोदम्बु, मेवाराजा र ल्याङ्बा, भेदावारी, बहानन्दे, ढुंगे, कासघारी, सापेल, घुमाउने कोदार, सल्लेरी र मेहेले, हिटी, सालिम्बे, बोझे, कोलबारी र बरबोटे, रमिते र काभ्रे, बेजुम्बो, नाम्लेपाटी र किरातचोक, चारपाटे, तनामे, अल्ले, भित्ते र थामखर्क | ९२ |
| ९ | तमोर नदी, चिनिया खोला, हिरेवा खोला, लप्से खोला र हाङदेवा खोला, देवी खोल्सा, धुपौरे खोल्सा र नाम्वा खोल्सा | सानो सुकेटार, रामेटार, सयपत्री सामुदायिक भवन र टाकुरे, तमुचोक, इसेरा, मादेन चोक (नाङ्गेजुङ), आसाहाङ्ग पाटी (अमृत मादेनको घरदेखि हर्क राइको घरसम्म, गाइगाडे, दुवे पानिसार, चिहानडाँडा, कटहरे, सुन्तले | १५० |
| १० | सिस्ने खोला, मौवा खोला (याफ्रे), ओठे खोला (फुरूम्बु) र कुदुवा खोला | गडी डाँडा, मिक्लुङ, याफ्रेक, तल्लो मयाम, माथिल्लो मयाम र नाम्जे निभारे | २०० |
| ११ | फावा खोला, निकास खोला, युमाखाम खोला, सिम्बु खोल्सी, फुन्च्याङ खोला, हाँडे खोल्सी, तेम्बेवा खोला र बोझे खोला | युमाखाम (साविक ७, ८ र ९), सिम्बु (साविक ७ को केही भाग र ६), तेम्बेवे दुम्ले (साविक ४ र ५), तेम्बेवे (साविक २ को खोलावारी र ३) र चिचिम तेम्बेवा (साविक १ र २ को खोलापारी) | १६२ |
| | जम्मा | | १३२९ |

*स्रोतः वडा स्तरीय विपद् प्रोफाइल २०७४*

यस नगरपालिकामा रहेका तमोर नदी, सार्के खोला, खसिनी खोला, बाङ्गे खोला, थाङ्ने खोला, चिचोरा खोला, भाँडीखोला, भाँटेखोल्सा, मुडे खोल्सा (साउने), बेपारे खोल्सा, खहरे खोल्सा, दमाइ खोल्सी, साधु खोल्सा, श्याम खोल्सा, माछापोखरी खोला, ढाँडे खोल्सा, पारा खोला, बगरबारी खोला, सिमघर खोला, केनिम खोला, ताक्मारे खोल्सा, काठेबर खोल्सा, भाङबारी खोल्सा, मेहले खोल्सा, बर्खे खोल्सा, नागथान खोल्सा, डाँडाघरे खोल्सा, काफल खोल्सा, खोदुम्बु खोल्सा, माक्सिन्दा खोल्सा, खोक्से खोला, चिनिया खोला, हिरेवा खोला, लप्से खोला, हाङदेवा खोला, देवी खोल्सा, धुपौरे खोल्सा, नाम्वा खोल्सा, सिस्ने खोला, मौवा खोला (याफ्रे), ओठे खोला (फुरूम्बु), कुदुवा खोला, फावा खोला, निकास खोला, युमाखाम खोला, सिम्बु खोल्सी, फुन्च्याङ खोला, हाँडे खोल्सी, तेम्बेवा खोला र बोझे खोला तथा खोल्सीहरूले यस नगरपालिकाका सबै वडाका धेरैजसो भागहरू प्रभाव पारिरहेको छ। वर्षेनी धेरै ठुलो मात्रामा जनधनको क्षति गरिरहेको छ। विगतमा आएको बाढी, यसले पुर्‍याएको क्षति र प्रभावित घरधुरी संख्यालाइ विश्लेषण गर्दा वडा नं १ देखि ११ सम्मका

करीब १३२९ परिवार बाढीको जोखिममा रहेको देखिन्छ। बाढीले धेरै दुख दिनुको प्रमुख कारणहरू भिरालो जमिन तथा कमजोर भुबनोट, खोला किनारमा तटवन्धन नहुनु, खोलाको बहाव क्षेत्र सानो हुनु, निर्माण गरिएको घर तथा संरचनाहरु बलियो नहुनु, प्रभावकारी पुर्वतयारीको अभाव, पुर्वसूचना प्रणालि नहुनु, जनचेतनाको अभाव, समुदायमा दक्ष खोज तथा उद्धार कार्यदल नहुनु, विपद् सम्वन्धि तालिमको कमी रहेका छन्। बाढी तथा पहिरोका कारण जमिन क्षति तथा कटान, घर तथा सम्पतीको नोक्सान भइरहेको, अन्नवाली तथा खेतीयोग्य जमिन नष्ट भइरहेको, पुर्वाधार क्षति भइरहेको तथा यस पालिकाका धेरै वडाहरूमा जमिन धाँजा फाटेर अत्यधिक रूपमा भूक्षय भइरहेको छ। यसबाट छुटकारा पाउन समुदायले सामान्य रूपमा रोकथामका कार्यहरू गर्दै आइरहेका छन्, साथै नगरपालिका तथा अन्य सहयोगी निकायहरूसंगको समन्वयमा आवश्यक ठाउंमा तटवन्धन गर्ने, खोलाको बहाव क्षेत्र फराकिलो बनाउने, जनचेतना अभिवृद्धि गर्ने, बलियो संरचना निर्माण गर्ने, वृक्षारोपण गर्ने लगायतका कार्यहरू गरिरहेका छन्। यसका साथै प्रभावकारी पुर्वतयारी र पुर्व सूचना प्रणालीको स्थापनाका लागि समेत बहस भइरहेको छ।

### १.४.६ वर्षा र यसको प्रभाव

नेपाल सरकार वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय (तात्कालीन वातावरण मन्त्रालय) ले गरेको जलवायु परिवर्तन संकटासन्न नक्साङ्कन प्रतिवेदनमा उल्लेखित इण्डेक्सको आधारमा ताप्लेजुङ जिल्ला मध्यम जोखिमको अवस्थामा सूचीकृत छ। मनसुनका कारण उत्पन्न हुने प्रकोपबाट सिर्जना हुने विपद्का घटनाहरूका कारण यसपालि नेपालमा पाँच लाखभन्दा बढी मानिसलाई उद्धार वा राहतको आवश्यकता पर्न सक्ने देखिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुमान रहेको छ। यसपालिको मनसुनमा औसतदेखि अधिक वर्षा हुन सक्ने जल तथा मौसम विज्ञान विभागअन्तर्गत रहेको मौसम पूर्वानुमान शाखाले जनाएको छ। यसैगरी प्राधिकरणले मनसुनका बेला आउन सक्ने बाढी पहिरो र विभिन्न खाले विपद्ले २० लाख जनसङ्ख्यालाई प्रभाव पार्ने आँकलन गरेको छ। यसैगरी प्राधिकरणका अनुसार यसपालि २२ जिल्ला बाढी तथा पहिरोको उच्च जोखिममा रहेका मध्ये ताप्लेजुङ पनि यसै भित्र परेको छ।

यस नगरपालिका नजिक रहेको जल तथा मौसम विज्ञान शाखाको जल तथा बाढी मापन केन्द्र रामपुर कृषि क्याम्पस स्थित जल तथा मौसम विभागको मापन केन्द्रमा मापन गरिएको वर्षाको विगत ३० वर्ष (सन १९८१ देखि २०१६ सम्म) को उपलब्ध तथ्याङ्कलाई निम्नानुसार रहेको छ ।

**तालिका २६: वर्षा र यसको प्रभाव सम्बन्धी विवरण**

| मनसुनी वर्षाको विवरण | | | | हिउँदे वर्षाको विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| वर्ष | वर्षा | वर्ष | वर्षा | वर्ष | वर्षा | वर्ष | वर्षा |
| १९८१ | २३५७.२ | १९९९ | २५४१.९ | १९८१ | ५१.५ | १९९९ | ०.४ |
| १९८२ | १९९७.१ | २००० | २०४९.९ | १९८२ | ३१.६ | २००० | १०.६ |
| १९८३ | १६७५.८ | २००१ | २३४०.१ | १९८३ | ३०.३ | २००१ | २०.२ |
| १९८४ | २१५१.४ | २००३ | २६९३.५ | १९८४ | ६२ | २००२ | ६०.२ |
| १९८५ | २१३३ | २००४ | २०४२ | १९८५ | ८६.९ | २००३ | १०५.२ |
| १९८६ | १६४२.८ | २००५ | १७३२ | १९८६ | ७४.५ | २००४ | ६२.७ |
| १९८७ | १९९५.९ | २००६ | १९९७.२ | १९८७ | २३.१ | २००५ | ३८.५ |
| १९८८ | १७७७.३ | २००७ | २७४२.६ | १९८८ | ३५.२ | २००६ | १९.१ |
| १९८९ | १८२४.४ | २००८ | १७८६ | १९८९ | ५०.१ | २००७ | ८०.३ |
| १९९० | १६४३.२ | २००९ | १९०९.२ | १९९० | ३१.६ | २००८ | १८.८ |
| १९९१ | १८६०.५ | २०१० | २३९९.५ | १९९१ | ८२.९ | २००९ | २.३ |
| १९९२ | १५९६.८ | २०११ | ११८३.६ | १९९२ | १६.६ | २०१० | २३ |
| १९९३ | १८६५.१ | २०१२ | १६३६.१ | १९९३ | १३ | २०११ | ३४.९ |
| १९९४ | १९४७.६ | २०१३ | २१२७.९ | १९९४ | ७६.७ | २०१२ | ६३.५ |
| १९९५ | १९६१.९ | २०१४ | २०६३.७ | १९९५ | २७.९ | २०१३ | ९.६ |
| १९९६ | १७८३.८ | २०१५ | १६२८.४ | १९९६ | ९६.१ | २०१४ | ३९.४ |
| १९९७ | २१४१.२ | २०१६ | २०५९.८ | १९९७ | १६०.९ | २०१५ | ६०.९ |
| १९९८ | २६४४.९ | | | १९९८ | १७.६ | २०१६ | ८.८ |

*स्रोत : जल तथा मौसम विज्ञान विभाग २०२०*

### १.४.७ जलवायुमा आएको परिवर्तन र यसको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव

यस नगरपालिका क्षेत्रमा एक वर्षमा परिवर्तन हुने मौसमको अवस्था वा मौसमी चक्र र त्यहाँ उत्पन्न हुने प्रकोपको अवस्थाको पहिचान गरिएको छ। समुदायमा आधारित सूचना तथा सङ्कलित सूचना अनुसार विगत ३० वर्षको तुलनामा अहिले गर्मी, जाडो दुबैको अवधि लम्बिएको छ। यसैगरी

वर्षभरी हुने वर्षाको मात्रा उस्तै रहेता पनि छोटो अवधिमा धेरै पानी पर्ने गरेको छ जसले गर्दा बाढी तथा पहिरोको घटना बढ्नुका साथै यसबाट हुने क्षति पनि बढेको छ। त्यसैको आधारमा विपद्जन्य घटनामा पनि परिवर्तन भएको देखिएको छ। वडा स्तरीय छलफलका सहभागीहरूले तयार पारेको प्रकोप तथा मौसमी पात्रो अनुसार विश्लेषण गर्दा यस नगरपालिकाको अवस्था निम्न अनुसार रहेको छ ।

**गर्मी**

१० वर्ष पहिले वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्रको दोस्रो साता सम्म गर्मी हुने गरेकोमा हाल त्यसको अवधि फाल्गुणको तेस्रो सातादेखि भाद्र महिनासम्म गर्मी हुने गरेको छ। यसबाट स्पष्ट हुन्छ गर्मीको समय बढ्दै गएको र एकाएक गर्मी बढ्ने क्रम तीव्र हुँदैछ। यसले तापक्रम वृद्धि हुँदै आएको स्पष्ट हुन्छ।

**जाडो**

यस क्षेत्रमा कार्तिक महिनादेखि माघ फागुनसम्म जाडो हुने गरेकोमा फागुनको दोस्रो सातासम्म चिसो हुने गरेको छ र शीतलहरको प्रकोप त्यत्ति देखिदैन तापनि तुषारो पर्ने क्रम घट्दै गएको छ। यसबाट स्पष्ट हुन्छ की यस नगरपालिकामा जाडोको समय क्रमशः घट्दै गइरहेको छ।

**वर्षाः**

समुदायमा भएको छलफलका आधारमा वर्षाको प्रवृत्तिमा समेत अनियमिता हुने गरेको छ। अतिवृष्टि, अनावृष्टि र खण्डवृष्टि हुने गरेको छ। वर्षा हुने समय पनि पहिलाको तुलनामा कम र वर्षा शुरु हुने समय अलि पछि धकेलिएको छ। साथै हिँउदमा हुने वर्षा कमजोर हुँदै गएको भएतापनि कुनै वर्ष हिउँदमा अत्यधिक वर्षा भई खेतवारीमा लगाएको बालीनाली क्षति हुने गरेको छ।

**पहिरोः**

तापक्रम र वर्षाको तुलनात्मक रूपमा विश्लेषण गर्दा पहिरो जाने समय घटेको देखिन्छ। तथापि, यहाँको जमिनको बनोट, भिरालो तथा वर्षाको प्रवृत्तिमा आएको परिवर्तन अनुसार छोटो अवधिमा नै धेरै पहिरो जाने गरेको छ। हाङ्देवा र हिरेबा दुवै नदीका छेउमा खसिरहेको पहिरो धेरै ठूलो र जटिल छ। यहाँका पहिरो क्षेत्रको विभिन्न भागहरूको जमिन बग्ने प्रकार जटिल र भिन्न रहेको छ। यी पहिरोहरूको वनावट स साना छुट्टाछुट्टै पहिरोहरूको संयोजनबाट बनेका छन्। तसर्थ, यी पहिरोहरूको विशेषता अद्वितीय छ। यहाँका पहिरो संसारमा जटिल भूस्खलनको विशिष्ट उदाहरणका रूपमा रहेका छन्। पहिरो नियन्त्रणमा एउटा महत्त्वपूर्ण प्यारामिटर बगेको सतहको गहिराई हो। हाङ्देवा र हिरेबा दुवै पहिरोमा, चिप्लिएको सतहको गहिराइ माथी देखिने सतहबाट धेरै गहिरोसम्म रहेको छ र फरक समेत रहेको छ। केहि क्षेत्रमा, यो १० मिटर भन्दा बढी छ भने केहि क्षेत्रमा, बगेको सतहको माथिल्लो भागमा नै माटो र ढुङ्गा मिसिएको देखिन्छ।

बन विनास र खोरिया खेतीको प्रचलनका कारण भिरालो भूमि क्षयीकरण भएर सुख्खा पहिरोको समेत समस्या उत्पन्न हुँदै गएको छ। विगत ३० वर्षको तथ्याङ्क विश्लेषण गर्दा बाढीबाट हुने मानवीय क्षति घटेको र पहिरोबाट हुने क्षति भने बढ्दै गएको छ।

**बाढीः**

पछिल्लो समयमा बाढी एक्कासी आउने र यसको तिव्रता पनि पहिले भन्दा अहिले बढी हुने गरेको छ।

**खडेरीः**

समुदायमा छलफल गरी तयार भएको मौसमी पात्रो अनुसार खडेरी पनि पहिलेको तुलनामा धेरै लम्बिन थालेको छ। खडेरीका कारण अन्नबाली र अलैंचीको उत्पादनमा ह्रास आउनुका साथै खोलानालाहरू सुकेर घरमा पिउनका लागि पानी समेत अभाव हुने अवस्था सिर्जना हुन्छ। यसै वर्षको लामो खडेरीले यस पालिकामा लगाइएको अलैंची सुकेर बोट नै मरेको र उत्पादन समेत घट्ने छलफलका क्रममा सहभागीहरूले बताएका छन्। यसैगरी खेतबारीमा लगाएको मकै तथा अन्य बालीहरू सुकेको छ। यसैगरी जंगली जनावर पनि पानीको खोजीमा बस्तीमा आउने र मानव र जंगली जनावरबीचको द्वन्द्व बढ्दै गइरहेको पाइन्छ।

**हुरीबतास तथा असिनाः**

हावाहुरी आउने समयमा पनि वृद्धि भएको छ र क्षति पनि बढ्दै गएको छ। पहिले फागुनदेखि वैशाखसम्म बढी हुरीबतास चल्थ्यो भने पछिल्लो समयमा जेठ र असार महिनामा समेत हुरी चल्ने गरेको छ । हावाहुरी र असिनाका कारण घर तथा विद्यालय भवनको छाना उडाउने अन्नबाली, तरकारी, फलफुल तथा नगदे बाली क्षति भइ आर्थिक नोक्सानी धेरै भएको छलफलबाट प्राप्त तथ्याङ्कले देखाएको छ।

समग्रमा जलवायु उत्पन्न प्रकोपहरूको लेखाजोखा अनुसार खडेरी, पहिरो र असिना पर्ने समयमा परिवर्तन देखिएको छ। साथै, अन्य प्रकोपका घटनाको बारम्बारता वा दोहोरिने क्रम बढ्दो रुपमा रहेको छ। चट्याङ जुनसुकै बेलामा पर्ने र यसको दर अहिले वृद्धि हुँदै गएको छ र यसबाट मानवीय क्षति तथा धनसम्पत्तिको नोक्सानी समेत बढ्दै गएको छ। यसरी जलवायु परिवर्तनका अमुक कारणले प्रकोपको प्रारुप र त्यसले पार्ने प्रभाव पनि निरन्तर परिवर्तन हुने क्रम बढेको छ। जलवायु परिवर्तनका कारण यस नगरपालिकाको कृषि क्षेत्रमा पारेको प्रभावलाई निम्नानुसार विश्लेषण गरिएको छ।

**तालिका २७: जलवायू परिवर्तनले कृषिमा परेका असरहरु**

| क्र.स | जलवायू परिवर्तनका जोखिमहरु | क्र.स | जलवायू परिवर्तनका प्रभावहरु |
|---|---|---|---|
| १ | वालीको असफलता र उत्पादनमा हेरफेर हुनु। परम्परागत रूपमा भइरहेको बाली लोप हुँदै जानु वा उत्पादन घट्दै गएकाले किसानले नलगाउनु | १ | वार्षिक रुपमा हुने मनसुन तथा वर्षाचक्रमा हेरफेर हुनु |
| २ | वालीनाली छिटो पाक्ने तर कम पौष्टिक तत्व भएका हुने | २ | अतिबृष्टि, अनाबृष्टि, खण्डबृष्टि हुने। |
| ३ | वालीनाली लगाउने तरिका र व्यवस्थापनमा परिवर्तन | ३ | ठण्डा दिन र रात दुवैको सँख्या पहिले भन्दा कम भएको। |
| ४ | जमीनको गुणस्तर तथा उत्पादकत्वमा ह्रास | ४ | लामो समय सम्म खडेरी |
| ५ | सिचाईको लागी बढी पानीको आवश्यकता तथा सिँचाइ खर्चमा वृद्धि | ५ | लम्बिदो गर्मी मौषम |
| ६ | परम्परागत कृषि प्रणालिमा परिवर्तन | ६ | दिन रात दुवै पहिलेको भन्दा तातो भएको |
| ७ | घरपालुवा र जंगली जनावरलाई आवश्यक पर्ने पानीको मागमा वृद्धि | ७ | बर्षामा छोटो समयमा धेरै पानी परेर बाढी तथा पहिरो आउँदा भूक्षय तथा कृषि जमिनमा असर पर्ने |
| ८ | खेतीबालीमा रोग किराको बढ्दो प्रकोप | ८ | बालीनालीको उत्पादन तथा गुणस्तरमा कमि |
| ९ | घरपालुवा जनावरहरूमा लम्कि डिजिज लगायतका संक्रमणमा वृद्धि | ९ | घरपालुवा जनावरको मृत्यु |

*स्रोत : वडा स्तरीय छलफल २०८०*

**तालिका २८: कृषि अनुकुलनका कार्यहरू र जलवायु परिवर्तनबाट यस क्षेत्रमा परेका असरहरु**

| क्र.स | जलवायू मैत्री कृषि अनुकुलन कार्यहरु | क्र.स | वातवरणीय परिवर्तन वाट कृषि क्षेत्रमा हुने मूख्य मूख्य असरहरु |
|---|---|---|---|
| १ | दिगो कृषि प्रणालीको लागी स्रोतको सदुपयोग। | १ | वातवरणमा कार्वन डाइअक्साईडको मात्रा वढी भएमा गहुँ तथा बोडी भटमास जस्ता कोसेबालीको उत्पादनमा ३० प्रतिशतसम्म वृद्धि हुन्छ |
| २ | जलवायू परिवर्तन अनुकुलन हुने वालीनालीका जातको विकास | २ | धेरै गर्मी भएमा सुक्खा खडेरी भइ वालीनालीको उत्पादनमा ह्रास आउँछ भने अधिक वर्षा भएमा बाढीका कारण लगाएको अन्नबाली क्षति हुन्छ। |
| ३ | फडानी र डढाउने कृषि प्रणालीलाई निरुत्साहन। | ३ | विश्वव्यापी उष्णताले धेरैजसो वालीको उत्पादनमा कमी भई खाद्य समाग्रीको मुल्य वृद्धि हुने सम्भावना हुन्छ। |
| ४ | पुर्व अनुमान र पुर्व जानकारी प्रणालीको विकास। | ४ | वढी उष्णताले पशुहरुमा दुध उत्पादनमा कमी आउने, वाँझोपना बढ्ने र रोगको प्रकोप वढी हुने गर्दछ। |
| ५ | धान खेत तथा वस्तुभाउवाट उत्सर्जन हुने मिथेन ग्याँसको व्यवस्थापन। | ५ | वढी सुख्खा भएमा चरणको अभाव हुन गई पशुदानाको उपलव्धतामा निकै कमी आँउछ। |
| ६ | जल तथा वातावरण प्रदुषण | ६ | वातावरणीय परिवर्तनले माछाको वासस्थानमा कार्वनको मात्रा र अम्लियपना बढन गई माछाको वृद्धि तथा प्रजनन् क्रियामा कमी आँउछ |

*स्रोत : वडा स्तरीय छलफल २०८०*

## १.४.८ प्रकोपको सम्मुखता

**तालिका २९: पालिकामा प्रकोपबाट भएको क्षतिका आधारमा सम्मुखताको स्तर**

| वडा | मृत्यु | घर क्षति | आर्थिक नोक्सानी | सम्मुखतामा रहेका टोलहरू | सम्मुखतामा रहेको घरधुरी | सम्मुखता को स्तर |
|---|---|---|---|---|---|---|
| १ | ५ | ७२ | ३३६०००० | नाङ्गे, सेगुम्बा, निगिजुङ्ग र मेलुङ्ग, आम्बोटे र तिनधारे, आहाले डाँडागाउँ | ११० | |
| २ | ३ | ६० | २५००००० | आम्बोटे, नागेश्वरी र ठोक्रे, हान्द्रुङ लहरे, सल्लाबोटे, गेरीगाउँ र डाँडागाउँ, देउलिङ्गे, टाकुरे र टारगाउँ, एङ्लेजुङ्ग र तारिबुङ्ग, तिनबरे र तारेबुङ्ग, बोझे र भेटनरी, रिजाल लाइन र हेलिप्याड | ६४० | |
| ३ | ३ | ३० | २१५००००० | केनिम, कार्तिके, हलीबोटे, गुहेली, आगेदिन र मुडे, सिटेनी, सिकारीडाँडा, फागेडाँडा, र भिरकुना, पालुङ्वा चोक, पाँचगाउँ | १५० | |

| वडा | मृत्यु | घर क्षति | आर्थिक नोक्सानी | सम्मुखतामा रहेका टोलहरू | सम्मुखतामा रहेको घरधुरी | सम्मुखता को स्तर |
|---|---|---|---|---|---|---|
| | | | | र ढाँडगाउँ, गैरिगाउँ, टारीगाउँ, तल्लो मेदिबुङ्ग र चिहानेपाखा, बतासे, माथिल्लो मेदिबुङ्ग, साउने र हेलिप्याड | | |
| ४ | ९ | ४५० | २००००००००० | क्याम्पस लाइन, कोप्चे र डाँडाघर टोल, तोक्मे, हिलिहाङ र भानु स्कुल टोल र माछापोखरी तिनवरे टोल | २१५ | |
| ५ | ३ | ५२ | २२५००००० | ठुलो गाउँ, नवज्योती र सृजना टोल, बिरेन्द्र चोक र हस्पिटल लाइन, न्युरोड र बुद्ध चोक र क्याम्पस लाइन र उकाली पानी | १५० | |
| ६ | ६ | ३४ | २५३००००० | ओखे (गैरीगाउँ, थुमाजुङ्ग र ओखे), बाझोगरा (पाथीभरा, सेर्पाटोल र टुक्रे), बिहिवारे (डाँडावारी र अहाले), बतासे (गुम्बाटोल, खरिबोटे, बगरबारी र मेलबोटे) र सुकेटार | २०० | |
| ७ | ३ | २३ | १५०००००० | केनिम, बहानन्दे र घुम्ती, खोल्सा पारी, बुढौली, खोप्रे र किरातचोक, आकाशे, पाटिगाउँ र लप्सीबोटे, कफिहाउस नापीलाइन चारगाउँ र तोक्मा | ६५ | |
| ८ | ६ | ५६ | २४०००००० | खोलीपाखा, पानीट्यांकी, खोदम्बु, मेवाराजा र ल्याङ्बा, भेदावारी, बहानन्दे, ढुंगे, कासघारी, सासेल, घुमाउने कोदार, सल्लेरी र मेहेले, हिटी, सालिम्बे, बोझे, कोलबारी र बरबोटे, रमिते र काभ्रे, बेजुम्बो, नाम्लेपाटी र किरातचोक, चारपाटे, तनामे, अल्ले, भित्ते र थामखर्क | १३७ | |
| ९ | ५ | २८ | ३५०००००० | सानो सुकेटार, रामेटार, सयपत्री सामुदायिक भवन र टाकुरे, तमुचोक, इसेरा, मादेन चोक (नाङ्गेजुङ), आसाहाङ्ग पाटी (अमृत मादेनको घरदेखि हर्क राइको घरसम्म, गाइगाडे, दुवे पानिसार, चिहानडाँडा, कटहरे, सुन्तले | १६० | |
| १० | २ | १७५ | ८७०००००० | गडी डाँडा, मिक्लुङ, याफ्रेक, तल्लो मयाम, माथिल्लो मयाम र नाम्जे निभारे | २१० | |
| ११ | २ | ११६ | ६००००००० | युमाखाम (साविक ७, ८ र ९), सिम्बु (साविक ७ को केही भाग र ६), तेम्बेवे दुम्ले (साविक ४ र ५), तेम्बेवे (साविक २ को खोलावारी र ३) र चिचिम तेम्बेवा (साविक १ र २ को खोलापारी) | १७२ | |
| **जम्मा** | ४७ | १०९६ | ५४८९००००० | | **२२०९** | |

*स्रोतः वडा स्तरीय विपद् प्रोफाइल २०८०*

सम्मुखताको मापन स्तर गर्दा मानवीय क्षति ३ वा भन्दा कम भएकालाइ भएकालाई न्यून, ४ देखि ५ भएकालाई मध्यम र ६ भन्दा बढी भएकालाई उच्च स्तरमा वर्गीकरण गरिएको छ। उच्च जोखिम क्षेत्रलाइ रातो, मध्यम जोखिम क्षेत्रलाइ पहेंलो र न्यून जोखिम क्षेत्रलाइ हरियो रंग प्रयोग गरिएको छ। उक्त विश्लेषणका आधार यस नगरपालिकाका ३ वटा वडाहरू ४, ६ र ८ विपद्को उच्च सम्मुखतामा रहेका छन् भने २ वटा वडाहरू १ र ९ विपद्को मध्यम सम्मुखतामा रहेका छन्।

### १.४.९ संकटासन्नता (Vulnerability)

विपद्का घटना तथा जलवायु परिवर्तनको जोखिम दिनप्रतिदिन बढिरहेको र यसबाट हुने क्षति पनि क्रमशः वढ्दै गएको छ। विपद्का कारण हुने जोखिमलाई न्यूनीकरण गर्ने र जलवायु परिवर्तनसंग अनुकुलनको कामलाई प्राथमिकता दिनुपर्ने हुन्छ। जसका लागि विपद् तथा जलवायु परिवर्तनले पारेको प्रभाव विश्लेषणका आधारमा संकटासन्नता निर्धारण गरी योजनावद्ध रुपमा नगरपालिकाले कार्य थालनी गर्नुपर्दछ। बहुप्रकोपबाट प्रभावित यस नगरपालिकामा प्रकोपका विभिन्न घटनाबाट विगत १० वर्षमा भएको क्षति र यस प्रतिवेदनको विभिन्न खण्डमा गरिएको विपद् तथा जलवायु परिवर्तनको प्रभावको विश्लेषणका आधारमा नगरपालिकाको समग्रतामा संकटासन्नताको स्तर निम्नानुसार रहेको छ ।

**क) जनसंख्या सम्वन्धी संकटासन्नता**

यस नगरपालिकामा रहेका जम्मा जनसंख्या २८४४९ मध्ये १४,४६८ (५०.८६%) महिलाहरू संकटासन्न रहेका छन्। यसै गरी अपांगता भएका ५२४, ७० वर्ष माथिका वृद्धवृद्धाहरू ११२२, ५ वर्षमुनीका बालबालिकाहरू २३३७, विपद् सम्मुख रहेका ९१३३ र दिर्घरोगीहरू १५३४ गरी जम्मा १४६५० (५१ प्रतिशत) जनसंख्या विपदका दृष्टिले संकटासन्नता रहेका छन्।

यस पालिकाभित्र सबै वडामा बसोबास गर्ने उच्च संकटासन्नतामा रहेका जनसंख्याको विवरण यस प्रकार रहेको छ।

**तालिका ३०: विपद् संकटासन्नता रहेका जनसंख्या सम्बन्धी वडागत विवरण**

| वडा | जम्मा जनसंख्या | विपद् संकटासन्नता रहेका जनसंख्या | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | अपाङ्गता | ७० वर्ष माथीका | ५ वर्ष मुनीका | विपद् सम्मुख रहेका | दिर्घरोगी | | |
| १ | १२१३ | ६९ | ६९ | ९२ | ४९६ | १७४ | ९०० | ७४% |
| २ | ३७११ | ४३ | १४६ | २९८ | २४८३ | ३० | ३००० | ८१% |
| ३ | २७८२ | ४१ | १३८ | २३१ | ६४२ | १५१ | १२०३ | ४३% |
| ४ | ४१०३ | ४१ | ९२ | ३०४ | ८२३ | २६५ | १५२५ | ३७% |
| ५ | २०८१ | २१ | ६७ | १७८ | ५७६ | २५५ | १०९७ | ५३% |
| ६ | ३०७१ | ३१ | ११६ | २५५ | ७८८ | २३ | १२१३ | ३९% |
| ७ | १७१३ | ३३ | ७९ | १२२ | २४२ | १२५ | ६०१ | ३५% |
| ८ | २३७७ | ९४ | १२८ | २१० | ६४१ | २०९ | १२८२ | ५४% |
| ९ | ३५८४ | ९० | १४६ | २९६ | ७०६ | २७२ | १५१० | ४२% |
| १० | २४५३ | ३१ | ८५ | २३१ | ९०५ | १७ | १२६९ | ५२% |
| ११ | १३६१ | ३० | ५६ | १२० | ८३१ | १३ | १०५० | ७७% |
| जम्मा | २८४४९ | ५२४ | ११२२ | २३३७ | ९१३३ | १५३४ | १४६५० | ५१% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ र वडा स्तरीय छलफल २०८०*

**ख) भवन तथा भौतिक संरचनाको संकटासन्नता**

यस नगरपालिकामा विभिन्न स्थानहरूबाट बसाई सराई गरी आउने र यहाँबाट बसाई सराई गरी जाने परिवारको संख्या बढिरहेको छ। यहाँका बासिन्दाहरूमा साथै विपद् सम्वन्धी ज्ञान तथा चेतनाको कमीका कारण निर्माण भएका घर तथा संरचनाहरू विपदका दृष्टिले संकटासन्नतामा रहेका छन्। यस नगरपालिकामा रहेका जम्मा घरधुरी ८६४९ मध्ये अहिले पनि २७४५ घरधुरी कच्ची र झुप्रो रहेको छ जुन घरहरू आगलागी र हुरीवतासको उच्च संकटासन्नतामा रहेको देखिन्छ। यसैगरी यस पालिकामा रहेका ४९३ ढुंगामाटो र खरका छानाले वनेका घरहरू, मापदण्ड पुरा नगरी ढुंगा माटोले बनेको र टिनको वा ढुंगाको छाना भएको १९५४ घरहरू, प्लाष्टर गरिएको र टिनको छाना भएको १९३७ घर, इट्टाले बनेको ढलान गरेको १२७९ घर भुकम्पीय दृष्टिले उच्च संकटासन्नतामा रहेका छन्।

पालिकाले भवन आचार संहिता कार्यान्वयनलाई प्राथमिकतामा राखेता पनि पूर्ण रूपमा पालना हुन सकेको छैन। यस नगरपालिकाले छुट्टै भवन मापदण्ड तर्जुमा गरी लागु गरेको पाइएन। प्राप्त तथ्यांक अनुसार नीजि आवासहरूको अवस्था तालीकामा देखाइएको छ।

**तालिका ३१ : घरको जगको प्रकार सम्बन्धी विवरण**

| वार्ड | जगका आधारमा घरको प्रकार | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ढुंगा वा इट्टाको माटोले बनेको | ढुंगा वा इट्टाको सिमेण्टले बनेको | गिट्टी, बालुवा र सिमेण्टको पिल्लर सहितको | काठको खम्बा भएको | अन्य | |
| १ | २४७ | १ | ० | २० | १ | २६९ |
| २ | ६०७ | २०९ | ६३ | ७० | ७ | ९५६ |
| ३ | ५८६ | ३५ | ६ | २३ | ० | ६५० |
| ४ | ४५५ | ४१४ | १०१ | १०१ | १ | १०७२ |
| ५ | १९२ | २४० | ९२ | १५ | ३ | ५४२ |
| ६ | ४५६ | २३५ | ६३ | १४ | ११ | ७७९ |
| ७ | २९६ | १२३ | २१ | १९ | ० | ४५९ |
| ८ | ४२६ | २३ | ४ | ५४ | १ | ५०८ |
| ९ | ७६६ | २२ | ४ | १९ | १ | ८१२ |
| १० | ५४४ | ९ | १ | १४ | १ | ५६९ |
| ११ | २७७ | ३ | ० | २ | ० | २८२ |
| जम्मा | ४८५२ | १३१४ | ३५५ | ३५१ | २६ | ६८९८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका ३२ : घरको छाना एवं बनोटको प्रकार सम्बन्धी विवरण**

| वार्ड | ढुंगा वा इट्टाको माटोको गारो | ढुंगा वा इट्टाको सिमेण्टको गारो | काठ वा फलेक | बाँस | काँचो इट्टा | टिनको छाना | पूर्वनिर्मित पाताहरू | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २४३ | २ | २ | २१ | ० | १ | ० | ० | २६९ |
| २ | ५३२ | २८५ | २४ | ४३ | १ | ७० | ० | १ | ९५६ |
| ३ | ५०५ | ६४ | २३ | ३८ | १ | १८ | ० | १ | ६५० |
| ४ | ४१६ | ४८७ | १२९ | २ | ४ | ३४ | ० | ० | १०७२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | १७६ | ३१६ | ३४ | ० | ० | १५ | ० | १ | ५४२ |
| ६ | ३४५ | ३०५ | ८३ | २ | ० | ४३ | ० | १ | ७७९ |
| ७ | २६७ | १३५ | १६ | ११ | ० | ३० | ० | ० | ४५९ |
| ८ | ३८७ | २१ | ४३ | ३९ | ० | १८ | ० | ० | ५०८ |
| ९ | ६७६ | ४५ | ४३ | १९ | ० | २७ | ० | २ | ८१२ |
| १० | ४३४ | ४ | ७४ | २२ | ० | ३३ | ० | २ | ५६९ |
| ११ | २७४ | ५ | १ | १ | ० | १ | ० | ० | २८२ |
| जम्मा | ४२५५ | १६६९ | ४७२ | १९८ | ६ | २९० | ० | ८ | ६८९८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

यसैगरी यस पालिकामा रहेका विद्यालयहरूमा पनि विपदको क्षतिको अवस्था सघन देखिएको छ। विद्यालयहरू बाढीको चपेटामा परेको तथ्याङ्क विद्यालयका प्र.अ. हरूसंगको छलफलबाट आएको छ भने २०७२ को भुकम्पबाट प्रभावित भई सामान्य क्षति भएका छन्। यहाँ रहेका अधिकांश विद्यालय भवनहरू समुदायको नेतृत्वमा थोरै अनुदानले भवन निर्माण संहिता र मापदण्ड पालना नगरी निर्माण गरिएकाले भुकम्पीय हिसावले उच्च संकटासन्नतामा रहेका छन्। यसै गरी केही विद्यालयहरू खोला किनार तथा पहिरोको नजिक भएकाले वाढि पहिरोको उच्च संकटासन्नतामा रहेका छन्। साथै कम्पाउण्ड वाल नभएका कारण जंगली जनावरको आक्रमणको जोखिममा समेत रहेका छन्। अधिकांस विद्यालयहरूमा सुरक्षित विद्यालय सम्वन्धी अवधारणा नपुगेको र विपद् व्यवस्थापन फोकल शिक्षक समेत नरहेको हुँदा संकटासन्नतालाई अझै वढाएको देखिन्छ। यसका अतिरिक्त सडक सम्वन्धी चेतनाका अभावका कारण वालबालिकाहरू विद्यालय आउने जाने क्रममा सडक दुर्घटनाका कारण मृत्यु हुने तथा घाइते हुने संकटासन्नता वढेको छ।

यस नगरपालिकाको कतिपय वडाहरूमा अझै पनि सडक सञ्जाल पुगिसकेको छैन। सडक भएका स्थानहरूमा ढल व्यवस्थापनको अभाव र पानीको ब्यवस्थित निकासको अभावका कारण बाटोहरू भत्किने र वर्षायाममा बाढीको पानी गाउँ भित्र पसेर डुवान हुने तथा तल्लो भागको जमिन कटान गर्दा माथिल्लो भागहरूमा धाँजा फाटेर पहरोको जोखिम अत्यधिक रहेको छ। यसका साथै सडक पेटी र फुटपाथ ब्यवस्थित नभएका कारण सडक दुर्घटनाको जोखिम पनि अत्यधिक रहेको छ। यसैगरी यहाँका पुल पुलेसाहरू खोला किनार मिचेर अब्यवस्थित वसोवास गरेका कारण पानी निकासको भाग साँघुरिएर वस्ती, वाटो, पुल र अन्य संरचनाहरूको संकटासन्नता वढेको छ।

बाढी पहिरोका कारण यस नगरपालिकाको खोला किनार तथा पहिरो छेउछाउ भएका करिव १९०७५ रोपनी जमिन क्षति भएको र यसमा लगाइएको सिजन अनुसारको अन्नवाली, तरकारी फलफुल र नगदे बाली नष्ट भएको तथ्यांकले देखाएको छ। यसका साथै खेतवारीमा लगाएको अन्नवाली बाँदर लगाएतका जनावरले नोक्सान गरिदिने भएकाले यसबाट समेत उच्च संकटासन्नतामा रहेको देखिन्छ।

यसैगरी यस नगरपालिकामा मानव र जनावरबीचको द्वन्द्वका कारण खेतबारीमा लगाएको अन्नबाली र घरमा पालेका तथा चराउन लगेका घरपालुवा जनावरहरू क्षति पुर्याउने क्रम दिनप्रतिदिन बढिरहेको छ।

यस नगरपालिकामा रहेका स्वास्थ्यको भौतिक संरचना कमजोर रहेका छन्। अधिकांस भवनहरू पुराना भएकाले भुकम्पीय दृष्टिले संकटासन्नतामा रहेका छन्। त्यसैगरी २०७७ देखि भएको कोभिड १९ को संक्रमणका कारण स्वास्थ्य संरचना, जनशक्ति, उपकरणहरू, क्वारेन्टाइन व्यवस्थापन, आइसोलेसन र होल्डिङ सेन्टरहरू पर्याप्त मात्रामा नरहेको र यस सम्बन्धी ज्ञान तथा चेतनाको अभावमा यस किसिमका अन्य महामारीहरूको समेत उच्च संकटासन्नता रहेको देखिन्छ।

फुङलिङ नगरपालिका नियमित रुपमा हुने मौसमी प्रकोपका घटनाबाट प्रभावित भइरहने गरेको पाइन्छ। तमोर नदी तथा यहाँ रहेका सार्के खोला, खसिनी खोला, बाङ्गे खोला, थाङ्ने खोला, चिचोरा खोला, भाँडीखोला, भाँटेखोल्सा, मुडे खोल्सा (साउने), बेपारे खोल्सा, खहरे खोल्सा, दमाइ खोल्सी, साधु खोल्सा, श्याम खोल्सा, माछापोखरी खोला, ढाँडे खोल्सा, पारा खोला, बगरबारी खोला, सिमघर खोला, केनिम खोला, ताक्मारे खोल्सा, काठेबर खोल्सा, भाङबारी खोल्सा, मेहले खोल्सा, बर्खे खोल्सा, नागथान खोल्सा, डाँडाघरे खोल्सा, काफल खोल्सा, खोदुम्बु खोल्सा, माक्सिन्दा खोल्सा, खोक्से खोला, चिनिया खोला, हिरेवा खोला, लप्से खोला, हाङदेवा खोला, देवी खोल्सा, धुपौरे खोल्सा, नाम्वा खोल्सा, सिस्ने खोला, मौवा खोला (याफ्रे), ओठे खोला (फुरूम्बु), कुदुवा खोला, फावा खोला, निकास खोला, युमाखाम खोला, सिम्बु खोल्सी, फुन्च्याङ खोला, हाँडे खोल्सी, तेम्बेवा खोला र बोझे खोला तथा खोल्सीहरूमा आउने बाढीबाट वर्षेनी ठुलो मात्रामा क्षति हुने गरेको छ। यस नगरपालिकामा सिञ्चाइका लागि बनाइएका केही कुलोहरू क्षति हुनाका साथै

खोल्सीको रुपमा परिणत भएर विस्तारै खहरे खोलामा रुपान्तरण भएका छन्। जहाँ जमिनको स्तर वर्षेनी उकासिएर मौसमी वर्षाको पानी बस्ती र खेतीयोग्य जमिनमा पस्ने र डुवान तथा कटानको समेत संकटासन्नता वढेको वडा स्तरीय छलफलबाट देखिएको छ। यो नगरपालिका क्रमशः शहरीकरणतर्फ उन्मुख भइरहेको हुँदा सडक विस्तार पनि व्यापक रूपमा भइरहेको छ। पहाडी क्षेत्रमा बन्दै गरेका सडकले पहिरोको जोखिम उच्च बनेको छ भने शहरी क्षेत्रमा सडक दुर्घटनाको जोखिम उच्च रहेको देखिन्छ। हरित र सुरक्षित सडकको लागि दीर्घकालीन तथा उत्थानशील योजनाको अभाव यतिखेर खड्कीएको छ। यस नगरपालिका क्षेत्रमा अझै पनि अव्यवस्थित वसोवास र सुकुम्बासीको समेत ठुलो संख्यामा वसोवास रहेको छ। पहाडका केही भागहरूमा खोरिया खेती पद्धति अहिले पनि चलिरहेको छ, यसले गर्दा भूक्षय र पहिरोको जोखिम कायमै रहेको छ। समुदायसँगको छलफलबाट प्राप्त जानकारी अनुसार जनचेतना स्तर बढेका कारण खोरिया खेती र वन अतिक्रमण विगतको तुलनामा घटेको छ तथापी नीजि जग्गामा लगाइएका रूखहरू काटेर गोलियाको रूपमा प्रयोग अत्यधिक बढ्नाले पहिरोको जोखिम बढेको छ। वन संरक्षणले वन र वन्यजन्तुको संरक्षणमा योगदान पुगेको छ तथापि जीविकोपार्जनको विकल्प नहुँदा केही स्थानीय परिवार वन पैदावारमा आश्रित रहेका छन्। जसले गर्दा वन र वन्यजन्तुको यथोचित संरक्षणमा अवरोध उत्पन्न भइ संकटासन्नतालाई अझ बढाएको देखिन्छ। यसैगरी नगरपालिकामा निर्माण गरिने भौतिक पुर्वाधारहरु अपाङ्गतामैत्री र जेष्ठ नागरिकलाई समेत सहज हुने तरिकाले निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ।

### १.४.१० जोखिम नक्साङकन

यस पालिकाका वडाहरूमा रहेका टोलहरू विविध प्रकोपका कारण जोखिममा रहेका छन्। प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा १३ वटा वडाका टोलहरूको जोखिमको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका ३३: बाढी तथा पहिरोको जोखिममा रहेका टोलहरूको विवरण**

| वडा | मुख्य बस्तीहरू | जम्मा घरधुरी | खोला, खोल्सीको नाम | बाढीको उच्च जोखिम वस्तीहरु | जोखिम घरधुरी |
|---|---|---|---|---|---|
| १ | ५ | २६९ | सार्के खोला, खसिनी खोला, बाङ्गे खोला, थाङ्ने खोला, र चिचोरा खोला | नाङ्गे, सेगुम्बा, निगिजुङ्ग र मेलुङ्ग, आम्बोटे र तिनधारे, आहाले डाँडागाउँ | ७० |
| २ | ९ | ९५६ | तमोर नदी, खसेनी खोल्सा र थाङ्ने खोल्सा | आम्बोटे, नागेश्वरी र ठोक्रे, हान्द्रुङ लहरे, सल्लाबोटे, गैरीगाउँ र डाँडागाउँ, देउलिङ्गे, टाकुरे र टारगाउँ, एङ्लेजुङ्ग र तारिबुङ्ग, तिनबरे र तारेबुङ्ग, बोझे र भेटनरी, रिजाल लाइन र हेलिप्याड | २९० |
| ३ | ५ | ६५० | तमोर नदी, भाँडीखोला, भाँटेखोल्सा, मुडे खोल्सा (साउने), बेपारे खोल्सा र खहरे खोल्सा | केनिम, कार्तिके, हलीबोटे, गुहेली, आगेदिन र मुडे, सिटेनी, सिकारीडाँडा, फागेडाँडा, र भिरकुना, पालुङ्वा चोक, पाँचगाउँ र ढाँडगाउँ, गैरिगाउँ, टारीगाउँ, तल्लो मेदिबुङ्ग र चिहानेपाखा, बतासे, माथिल्लो मेदिबुङ्ग, साउने र हेलिप्याड | १०० |
| ४ | ३ | १०७२ | सार्के खोल्सा र खसेनी खोल्सा | क्याम्पस लाइन, कोप्चे र डाँडाघर टोल, तोक्मे, हिलिहाङ र भानु स्कुल टोल र माछापोखरी तिनवरे टोल | १५ |
| ५ | ४ | ५४२ | दमाइ खोल्सी, सार्के खोल्सा, र साधु खोल्सा | ठुलो गाउँ, नवज्योती र सृजना टोल, बिरेन्द्र चोक र हस्पिटल लाइन, न्युरोड र बुद्ध चोक र क्याम्पस लाइन र उकाली पानी | १०० |
| ६ | ५ | ७७९ | श्याम खोल्सा, सार्के खोल्सा, माछापोखरी खोला, चिचोरा खोला, ढाँडे खोल्सा, खहरे खोला, पारा खोला, बगरबारी खोला र सिमघर खोला | ओखे (गैरीगाउँ, थुमाजुङ्ग र ओखे), बाझोगरा (पाथीभरा, सेर्पाटोल र टुक्रे), बिहिवारे (डाँडावारी र अहाले), बतासे (गुम्बाटोल, खरिबोटे, बगरबारी र मेलबोटे) र सुकेटार | १०० |
| ७ | ६ | ४५९ | केनिम खोला, ताक्मारे खोल्सा, भाँडी खोल्सा, काठेबर खोल्सा, भाङबारी खोल्सा र मेहले खोल्सा | केनिम, बहानन्दे र घुम्ती, खोल्सा पारी, बुढौली, खोप्रे र किरातचोक, आकाशे, पाटिगाउँ र लप्सीबोटे, कफिहाउस नापीलाइन चारगाउँ र तोक्मा | ५० |
| ८ | ६ | ५०८ | तमोर नदी, मेहले खोल्सा, बर्खे खोल्सा, नागथान खोल्सा, डाँडाघरे | खोलीपाखा, पानीट्यांकी, खोदम्बु, मेवाराजा र ल्याङ्बा, भेदावारी, बहानन्दे, ढुंगे, कासघारी, साप्तेल, घुमाउने | ९२ |

| वडा | मुख्य बस्तीहरू | जम्मा घरधुरी | खोला, खोल्सीको नाम | बाढीको उच्च जोखिम वस्तीहरु | जोखिम घरधुरी |
|---|---|---|---|---|---|
| | | | खोल्सा, काफल खोल्सा, खोदुम्बु खोल्सा, माक्सिन्दा खोल्सा, खोक्से खोला र केनिम खोल्सा | कोदार, सल्लेरी र मेहेले, हिटी, सालिम्बे, बोझे, कोलबारी र बरबोटे, रमिते र काभ्रे, बेजुम्बो, नाम्लेपाटी र किरातचोक, चारपाटे, तनामे, अल्ले, भित्ते र थामखर्क | |
| ९ | १२ | ८१२ | तमोर नदी, चिनिया खोला, हिरेवा खोला, लप्से खोला र हाङदेवा खोला, देवी खोल्सा, धुपौरे खोल्सा र नाम्वा खोल्सा | सानो सुकेटार, रामेटार, सयपत्री सामुदायिक भवन र टाकुरे, तमुचोक, इसेरा, मादेन चोक (नाङ्गेजुङ), आसाहाङ्ग पाटी (अमृत मादेनको घरदेखि हर्क राइको घरसम्म, गाइगाडे, दुवे पानिसार, चिहानडाँडा, कटहरे, सुन्तले | १५० |
| १० | ६ | ५६९ | सिस्ने खोला, मौवा खोला (याफ्रे), ओठे खोला (फुरूम्बु) र कुदुवा खोला | गडी डाँडा, मिक्लुङ, याफ्रेक, तल्लो मयाम, माथिल्लो मयाम र नाम्जे निभारे | २०० |
| ११ | ५ | २८२ | फावा खोला, निकास खोला, युमाखाम खोला, सिम्बु खोल्सी, फुन्च्याङ खोला, हाँडि खोल्सी, तेम्बेवा खोला र बोझे खोला | युमाखाम (साविक ७, ८ र ९), सिम्बु (साविक ७ को केही भाग र ६), तेम्बेवे दुम्ले (साविक ४ र ५), तेम्बेवे (साविक २ को खोलावारी र ३) र चिचिम तेम्बेवा (साविक १ र २ को खोलापारी) | १६२ |
| **जम्मा** | ६६ | ६८९८ | | | **१३२९** |

*स्रोत : वडा विपद् प्रोफाइल र वडा स्तरीय छलफल २०७९*

# खण्ड दुईः जोखिम पहिचानका विधिहरु

## २.१ विपद तथा जलवायुजन्य जोखिम पहिचानका विधिहरु

नेपालको संविधान २०७२ को अनुसुची ८, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५ सहित), र स्थानीय सरकार सन्चालन ऐन २०७४ अनुसार फुङलिङ नगरपालिकाले निर्माण गरेको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीको लागि नगर क्षेत्रको जोखिम विश्लेषण गर्न वडा स्तरमा तयार गरिएको वडास्तरीय विपद् तथा जलवायु उत्थानशील योजनालाइ आधार मानेर तल उल्लेखित विधिहरू अपनाइएको थियो। यसको लागि स्थानीय विपद् व्यवस्थापन समिति फुङलिङ नगरपालिकाको नेतृत्वमा आयोजना गरिएको नगरस्तरीय कार्यशालाले निर्णय गरेर वडास्तरमा जोखिम विश्लेषण भेला आयोजना गरी छलफल, प्रमुख जानकारहरूसंग अन्तर्वार्ता, तयार गरिएका फारमहरु मार्फत सूचना तथा जानकारी संकलन गरिएको थियो। सूचना संकलनका लागि आयोजना गरिएका भेलामा महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपांगता भएका मानिसहरु, उच्च जोखिममा रहेका समुदायको समेत सहभागिता रहेको थियो। समग्रमा जोखिम पहिचान तथा विश्लेषणको लागि निम्नानुसार विधिहरुको प्रयोग गरिएको छ ।

### २.१.१ समस्या तथा  जोखिम विश्लेषण

वडा स्तरमा गरिएको छलफल, प्रमुख जानकारहरूसंगको अन्तरवार्ता तथा विपदको ऐतिहासिक समयरेखा विश्लेषणको आधारमा विपद्ले निम्त्याएका समस्या तथा समुदायमा रहेका जोखिमहरूको विश्लेषण गरिएको छ। यस नगर पालिकामा विगतमा देखिएका प्रकोपका घटना र यसले पुर्याएका क्षतिको आधारमा प्रकोपको सूचिकरण तथा स्तरिकरण गरिएको छ। जसलाई समस्या तथा जोखिम विश्लेषण सहित अनुसुचिमा राखिएको छ।

## २.२ कारण तथा प्रभाव विश्लेषण

वडा स्तर तथा नगरस्तरीय कार्यशालामा भएको छलफल र प्राप्त तथ्यांकको आधारमा नगरपालिका भित्र विभिन्न प्रकोपका घटनाबाट उत्पन्न हुने समस्या, विपद्को कारण तथा यसले पारेको प्रभाव र सम्भावित समाधानका उपायहरू सहितको विश्लेषण गरिएको छ। जसलाइ निम्न तालिकामा देखाइएको छ।

**तालिका ३४: नगरपालिकाको विपद्को अवस्था, कारण, प्रभाव र समाधानका उपायहरू सम्बन्धि विवरण**

| क्र. सं. | विपद्को संभावित अवस्था | विपद्को कारण | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|
| १ | बाढीबाट जनधनको क्षति | • खोला तटबन्धन नहुनु,<br>• खोला घरान साँगुरो हुनु,<br>• खोला छेउ खेति गर्नु,<br>• वनजँगल फडानी हुनु,<br>• वृक्षारोपण नहुनु,<br>• नदीजन्य बस्तु जथाभाबी निकासी हुनु,<br>• नदी तटिय क्षेत्रमा बस्ती बस्नु,<br>• पक्की घर नहुनु,<br>• सिचाईको व्यवस्था नहुनु,<br>• कमजोर धरातल<br>• जनचेतनाको कमि | • मानवीय मृत्यु तथा घाइते,<br>• बालनाली तथा धन सम्पत्तिको नोक्सानी,<br>• खेतियोग्य जमिनको क्षति,<br>• कृषि उत्पादनमा ह्रास भइ भोकमरी तथा कुपोषण,<br>• महिला तथा घरेलु हिसाँमा वृद्धि,<br>• आयस्रोतमा कमी तथा बेरोजगारी बढ्नु,<br>• जंगली जनावरको आतंक बढेर घरेलु पशुपंक्षीमा असर,<br>• मानसिक तनाव तथा बिस्थापित हुनु<br>• विपद् प्रतिकार्य र राहतमा ठुलो रकम खर्च भइरहेको | • खोला नदी तथ खहरेको नक्साङ्कन गरी जोखिम पहिचान गर्ने,<br>• नदीको बाढी व्यवस्थापनका लागि अत्यावस्यक स्थानहरूमा योजनावद्ध रूपमा तटबन्धन गर्नुपर्ने,<br>• नदी छेउछाउ चरिचरण नियन्त्रण तथा वृक्षरोपण र सँरक्षण,<br>• नदीजन्य बस्तुको जथाभावी उत्खननलाइ निरूत्साहित गरी अध्ययन गरेर व्यवस्थित गर्ने,<br>• विपद् प्रभावितहरूलाइ राहत तथा क्षतिपुर्ति वितरणका लागि नगरपालिकाले जोखिम बहनका योजना बनाइ लागु गर्ने,<br>• बाढी प्रतिकार्य तथा व्यवस्थापन योजना तयार गरी लागु गर्ने,<br>• वडा तहमा विपद् व्यवस्थापन समितिको नेतृतवमा तालिम सञ्चालन गरी दक्ष जनशक्ति तयार गर्ने र जनचेतना जगाउने |

| क्र. सं. | विपद्को संभावित अवस्था | विपद्को कारण | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|
| | | | | • सुचना, खोज तथा उद्धार, प्राथमिक उपचार जस्ता कार्यदल गठन र तालिम प्रदान गर्ने र खोज तथा उद्धार, प्राथमिक उपचार तथा राहत सामग्रीको व्यबस्था मिलाउने,<br>• समुदाय स्तरमा विपद् व्यवस्थापन तालिमको व्यवस्था गर्ने<br>• व्यवस्थित प्रतिकार्य गर्नसक्ने गरी पुर्व तयारीमा जोड दिने र आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी पुर्व सुचना प्रणालीलाइ व्यवस्थित गर्ने |
| २ | पहिरोबाट जनधनको क्षति | • पहिरोको व्यवस्थित अध्ययन नहुनु<br>• पहिरोको सम्भाबित जोखिम स्थानमा बस्ती बस्नु<br>• पहाडी क्षेत्रमा अव्यवस्थित बाटो खन्नु र जंगल विनास<br>• वृक्षारोपण र संरक्षण नहुनु,<br>• पहिरो रोकथामका लागि चेकड्याम निर्माण र पहिरो नियन्त्रणका गतिविधि नहुनु | • मानवीय मृत्यु तथा घाइते,<br>• बालनाली तथा धन सम्पत्तिको नोक्सानी,<br>• खेतियोग्य जमिनको क्षति,<br>• कृषि उत्पादनमा ह्रास भइ भोकमरी तथा कुपोषण,<br>• बेरोजगार बड्नु बस्ती बिस्थापित भएको साथै विद्यालय क्षति भइ बालबालिकाको शिक्षामा अबरोध | • पहिरोको विस्तृत अध्ययन गरी जोखिम स्थानहरू पहिचान गरी अति जोखिम रहेका वस्तीहरू स्थानानतरण गर्ने<br>• वृक्षारोपण तथा त्यस्को सँरक्षण तथा पहिरो रोकथामका गतिविधहरू सञ्चालन<br>• जथाभाबी चरिचरणमा रोक लगाउने र पहिरो नियन्त्रणका लागि व्यवस्थित चेकड्यामहरूको निर्माण,<br>• पहिरो नियन्त्रणका स्थानिय ज्ञान र प्रविधिको प्रवर्द्धन तथा विस्तारका लागि सिपमुलक तालिम व्यबस्था<br>• खुल्ला र सुरक्षित स्थलको पहिचान गरी संरक्षण गर्ने |
| ३ | भुकम्पबाट जनधनको क्षति | • नीजि तथा सार्वजनिक संरचनाहरू भुकम्प प्रतिरोधात्मक नहुनु र निर्माण कार्यमा भुकम्पीय संवेदनशीलताको अभाव,<br>• स्थानीय तहमा भवन निर्माण संहिता पालना नहुनु साथै लागु भएका स्थानीय तहमा पनि प्रभावकारी अनुपालन नहुनु,<br>• सम्भावित जोखिमका बारेमा चासो नदिनु,<br>• प्रभावकारी पुर्वतयारीको अभाव, विपद् व्यवस्थापनका क्रियाकलाप स्थानीय तहको प्राथमिकतामा नपर्नु वा उद्धारमुखी कार्यक्रम हुनु,<br>• जनचेतनाको अभाव,<br>• तालिम प्राप्त खोज तथा उद्धार कार्यदल नहुनु<br>• प्राथमिक उपचारको व्यवस्था नहुनु | • मानवीय मृत्यु तथा घाइते,<br>• नीजि तथा सार्वजनिक भवनहरूको क्षति<br>• महिला हिंसा तथा घरेलु हिसाँमा वृद्धि,<br>• विद्यालय भवनहरूमा क्षति हुँदा बालबालिकाको शिक्षामा अवरोध<br>• खाद्यान्नको अभाव र गरिबी बढ्नुका साथै बेरोजगारी वृद्धि<br>• महिनौसम्म घरभित्र पस्न डराइ मानसिक तनाव र बस्ती बिस्थापनको अवस्था सिर्जना भएको<br>• घाइते तथा अपाङ्गता बढ्ने | • प्रभावकारी पुर्वतयारी गर्ने<br>• भवन निर्माण आचार संहिता पालना गराउने<br>• नीजि तथा सार्वजनिक संरचना निर्माणमा अनिवार्य भुकम्प प्रतिरोधि प्रविधको प्रयोग जसका लागि प्रभावकारी अनुगमनको व्यवस्था<br>• संरचनालाइ अपांगतामैत्री बनाउने<br>• प्रभावकारी प्रतिकार्यको लागि खोज तथा उद्धार कार्यदल, सुचना समन्वय र सर्वेक्षण कार्यदल, प्राथमिक उपचार कार्यदल गठन गरी तालिम र सामग्रीको व्यवस्थापन गर्ने<br>• विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अनुसार विषयगत क्षेत्र (क्लष्टर) गठन गरी कार्यविवरण अनुसार तयारी गर्ने<br>• जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने<br>• सुरक्षित स्थानको पहिचान<br>• आपतकालिन कोषको व्यवस्था गर्ने<br>• प्रारम्भिक द्रुत लेखाजोखा र बहुक्षेत्र द्रुत लेखाजोखाका लागि टोली गठन गरी आवस्यक फारम सहीत तालिम प्रदान गर्ने<br>• नगरपालिको नेतृत्वमा कृत्रिम अभ्यासहरू सञ्चालन गर्ने र विद्यालहरूमा सुरक्षित |

| क्र. सं. | विपद्को संभावित अवस्था | विपद्को कारण | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|
| | | • दक्ष निर्माणकर्मीको अभावमा मापदण्ड विपरित भवन निर्माण<br>• संरचना निर्माणमा गुणस्तरीय निर्माण सामाग्रीको अभाव | | विद्यालय अवधारणा लागु गरी सुरक्षित संस्कृतीको विकास गर्ने |
| ४ | खडेरीबाट जनधनको क्षति | • व्यवस्थित सिचाईको ब्यवस्था नहुनु<br>• वनडढेलोमा वृद्धि,<br>• पानीको मुहानहरू सुक्नु<br>• व्यवस्थित रूपमा पानीको स्रोतहरू संरक्षण नहुनु,<br>• उन्नत र खडेरी सहन सक्ने उपयुक्त बिउको अभाव<br>• खाद्यान्न सञ्चित गर्ने बानीको अभाव<br>• जनचेतनाको अभाव | • उत्पादनमा ह्रास भइ अनिकालको अवस्था सिर्जना<br>• अन्नबाली, तरकारी, फलफुल तथा नगदे बाली खेतबारीमा सुक्ने<br>• आयआर्जन घटेर बेरोजगारी बढेको<br>• गरीबी बढ्नुका साथै महिला हिंसा तथा घरेलु हिंसा बढेको<br>• खाद्यान्नको अभावमा बालबालिकाहरू कुपोषणको शिकार भएका | • व्यवस्थित र वैज्ञानिक सिचाई प्रणालिको ब्यवस्था<br>• आवस्यक कृषि तालिमको ब्यवस्था गर्ने<br>• आयमुलक सिप विकास तालिमको ब्यवस्था गर्ने<br>• खडेरी सहने बिउको जानकारी तथा उपलब्ध गर्ने<br>• खाद्यान्न सञ्चय गरी राख्ने<br>• जनचेतना अभिवृद्धि गर्ने<br>• बैकल्पिक आयस्रोतमा जोड दिने । |
| ५ | महामारीबाट मानिसहरुको मृत्यु | • अशिक्षा, अज्ञानता र सरसफाईको कमी<br>• औषधी उपचारको राम्रो व्यवस्था नहुनु<br>• प्रभावकारी स्वास्थ्य प्रणाली र दक्ष जनशक्तिको अभाव<br>• खुला दिशापिसाव तथा फोहर विसर्जन,<br>• नयाँ नयाँ भाइरस देखिनु<br>• दुषित पानीको प्रयोग | • मानवीय मृत्यु,<br>• जनस्वास्थ्यमा असर भै रोगी हुनु,<br>• लामो समय लकडाउन र आर्थिक क्रियाकलाप तथा सामाजिक व्यवहार ठप्प भएर जीवन कष्टकर हुनु,<br>• मानविय हिंसा बढनु<br>• वातावरण प्रदुषित हुनु<br>• मानिसहरुको मृत्यु हुनु<br>• मानसिक समस्या बढनु | • पर्याप्त मात्रामा औषधी उपचारको व्यवस्था मिलाउने<br>• स्वास्थ्य सम्वन्धि जनचेतना अभिवृद्धि गर्ने<br>• दक्ष जनशक्तिको उत्पादन र विस्तार गर्ने<br>• आवश्यकता अनुसार शिविर संचालन गर्ने<br>• मनोसामाजिक परामर्शकर्ताको व्यवस्था मिलाउने |
| ६ | आगलागीबाट जनधनको क्षति हुनु | • अत्यधिक मात्रामा खर तथा फुसको घरहरु रहनु<br>• सबै ठाउमा दमकल पुग्नसक्ने बाटो र पानीका लागि स्रोतको अभाव<br>• घरहरु एक आपसमा जोडिएर बन्नु<br>• आगोजन्य वस्तुहरुको जथाभावी प्रयोग हुनु<br>• पर्याप्त मात्रामा पानीको व्यवस्था नहुनु<br>• बालवालिकाको पहुंच हुने ठाउँमा आगोजन्य सामग्रीहरु राख्नु · पूर्वतयारी नगर्नु | • मानविय मृत्यु, घाइते तथा अपाङ्गताको अवस्था सिर्जना भइरहेको<br>• घर तथा धन सम्पतीको विनाश<br>• हिंसा बढनुका साथै मानसिक समस्या सिर्जना हुनु<br>• खाद्दान्न तथा लत्ताकपडा नष्ट हुनु | • खर तथा फुसको घरहरु विस्थापित गर्ने कार्यलाइ तिव्रता दिनुपर्ने<br>• घर घर विच दुरी कायम गरी निर्माण गर्ने व्यवस्था मिलाउने<br>• दमकलको पहुँच बढाइ जानसक्ने बाटो र पानीको व्यवस्था गरी राख्ने<br>• एम्वुलेन्सको व्यवस्था गरि राख्ने<br>• आगोजन्य पदार्थहरु जथाभावी प्रयोग नगर्ने र जनचेतना जगाउने<br>• आगलागी नियन्त्रण र रोकथाम सम्बन्धी विद्यालय शिक्षामार्फत अभियान सञ्चालन गर्ने |

| क्र. सं. | विपद्को संभावित अवस्था | विपद्को कारण | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|
| ७ | सर्पदंश कुकुरको टोकाई, चट्याङ्ग, हावाहुरी, असिना आदीबाट जनधनको क्षति | • व्यक्तिगत सुरक्षामा ध्यान नदिनु जस्तै राती हिडदा बुट, टर्च र लट्ठीको ब्यबस्था नगर्नु<br>• घर वरिपरिको झाडी हुनु तथा फोहर ब्यबस्थापन नगर्नु<br>• शहरमा कुकुरको संख्या बढ्नु<br>• हावाहुरीको संख्या र मात्रा बढ्नु<br>• असिनाको अत्यधिक जोखिम बढ्नु<br>• बिद्युतिय सामाग्रीहरुमा अर्थिङ्गको ब्यबस्था नहुनु<br>• प्रकोप प्रभाबित क्षेत्रमा बसोबास गर्नाले | • मानिसको मृत्यु, घाईते तथा अङ्गभङ्ग हुने<br>• घर तथा सम्पत्तिको क्षति<br>• आगोलागी हुन सक्ने<br>• खेतबारीमा लगाएको अन्नबाली क्षति<br>• आर्थिक क्षति हुने | • राती हिडदा व्यक्तिगत सुरक्षाका सामग्रीहरू बुट, टर्च र लट्ठीको प्रयोग गर्ने<br>• घर वरिपरीको झाडी नराख्ने। फोहर ब्यबस्थापन गर्ने<br>• बिद्युतिय सामाग्रीहरुमा अर्थिङ्गको ब्यबस्था गर्ने<br>• प्रकोप प्रभाबित क्षेत्रमा भएको बसोबासको बिकल्प खोज्ने<br>• हावाहुरीको सिजनमा बैकल्पिक खेति गर्ने र असिनाबाट बच्नका लागि उपायहरू अपनाउने<br>• जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने। |

*स्रोत : वडा विपद् प्रोफाइल र वडा स्तरीय छलपफल २०७९*

## २.३ ऐतिहासिक समय रेखा

यो योजना तयार गर्दा वडा तथा समुदायमा विगतमा भएका विपद्का घटना यसले पारेको प्रभावलाई क्रमवद्ध रूपमा छलफलका आधारमा राखिएको छ। जसले यस नगरपालिकाको विपदको अवस्था चित्रण गर्छ र भावी दिनमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्छ। यसको विवरण अनुसुचिमा राखिएको छ।

## २.४ वाली पात्रो, मौसमी पात्रो तथा प्रकोप पात्रो

यस नगरपालिकामा वारम्वार दोहोरिरहने प्रकोपका घटना, मौसम र जलवायुमा देखिएको परिवर्तन तथा यसले वालीनालीमा ल्याएको परिवर्तनलाई यथार्थ रूपमा चित्रण गर्न प्रकोप पात्रो, वाली पात्रो र मौसमी पात्रो तयार गरिएको छ। बाली पात्रो जलवायु परिवर्तनको प्रभाव विश्लेषणमा समावेश गरिएको छ भने प्रकोप पात्रो र मौसमी पात्रो निम्नानुसार रहेका छन्।

**तालिका ३५: फुङलिङ नगरपालिकाको प्रकोप पात्रो**

| प्रकोप | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| हुरीबतास | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| भुकम्प | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |

*स्रोत : वडा स्तरीय छलपफल २०८०*

**तालिका ३६: फुङलिङ नगरपालिकाको मौसमी पात्रो**



| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले | | घ | | | | | | | | | | | पहिले लामो समयमा धेरै वर्षा हुन्थ्यो |
| | अहिले | | | | | | | | | | | | | अहिले एकै पटक धेरै पर्ने। थोरै समयमा धेरै पानी आउने र खोला नालामा पसेर डुबान गर्ने |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | मौसम परिवर्तनको कारण हिउँदमा वर्षा बढी। आलु नोक्सान गर्ने गरेको। |
| आगलागी | पहिले | | | | | | | | | | | | | सर्वतिर खरको छाना भएको बेला |
| | अहिले | | | | | | | | | | | | | शहरी क्षेत्रमा बढी |
| गर्मी | पहिले | | | | | | | | | | | | | गर्मि क्रमशः बढ्दै गइरहेको |
| | अहिले | | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | [illegible] भएकोले जाडो कम |
| असिना | पहिले | | | | | | | | | | | | | सर्वतिर खरको छाना भएको क्षेत्रमा |
| | अहिले | | | | | | | | | | | | | |
| तुसारो | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | आलु तोरी नोक्सान |
| हिउँ पर्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |

*स्रोत : वडा स्तरीय छलफल २०८०*

## २.५ धरातलीय हिडाई

जोखिम विश्लेषणका लागि संकलन गरिएको सूचना तथा तथ्यांकलाई जाँच गरी प्रमाणीकरण गर्न जोखिम क्षेत्रहरूमा स्थलगत अध्ययन गरियो। जसले गर्दा प्राप्त तथ्यांकहरूको वैधता पुष्टि तथा प्रमाणीकरण गर्नुका साथै यो योजनाको बैधतालाई वढाएको छ।

माथि उल्लेखित औजारहरु प्रयोग गर्दा सामाजिक र आर्थिक रूपमा पछाडी परेका समूह, बालबालिका, महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिमा पर्ने जोखिमका साथै विशिष्ट आवस्यकताहरूलाई विशेष ध्यान पुर्याइएको छ ।

समावेशी योजना निर्माणका लागि यस विपद तथा जलवायु उत्थान्शील योजना निर्माणमा लक्षित समूहको सहभागिता, लक्षित समूह छलफल लगायत प्रमुख जानकारसंगको अन्तर्वार्ता मार्फत लक्षित वर्गका जोखिम र यसका न्यूनीकरणका कार्यहरु छलफल गरी समावेश गरिएको छ।

# खण्ड तीनः राष्ट्रिय रणनीतिक कार्ययोजनाकका प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यहरू

## ३.१ राष्ट्रिय रणनीतिक कार्ययोजना प्राथमिकताका क्षेत्र सम्वन्धी विषयहरु

### ३.१.१ प्रकोपबारे बुझाई

यस नगरपालिकाका बारम्बार दोहोरिरहने पहिरो, बाढी, असिना, हावाहुरी, आगलागी, महामारी भुकम्प, चटयाङ, कुकुरको टोकाइ सर्पदंश, वन्यजन्तु आतंक, सडक दुर्घटना जस्ता प्रकोपका घटनाबाट निम्तिने विपद् र यसबाट हुने जोखिमका बारेमा समुदाय स्तरमा न्युन बुझाइ रहेको छ। बाढीका कारण हुने जोखिममा रहेका केही क्षेत्रहरू पहिचान गरेर नगरपालिका तथा वडाको पहलमा ग्याबीन जाली तथा बाल लगाइएको पाइन्छ। यसैगरी एक नदी एक परियोजना अन्तरगत नदि नियन्त्रणका लागि नदी संरक्षणका कार्यहरू भएका छन्। डुवान हने गरेको वस्तीहरूमा विपद जोखिम न्यूनीकरणको लागि पहलहरू भएको देखिदैन। नगरको वार्षिक योजना तर्जुमाको लागि तोकिएको वजेटको सिलिङभित्र रहेर वडाहरूले योजना छनौट गर्नुपर्ने कारणले गर्दा विपद् व्यवस्थापन वडास्तरीय योजनाको प्राथमिकतामा परेको देखिदैन। नेपालको सम्विधान २०७२ ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि स्थानीय सरकारलाइ साझा तथा एकल अधिकार मार्फत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले १२ वटा काम कर्तव्य र अधिकार तोकेर जिम्मेवार बनाएता पनि यसबारे स्थानीय तहमा अझै पनि विपद् निम्त्याउने प्रकोपका घटना, प्रकोपको संकटसन्नता, विपद्को जोखिमका बारेमा न्यून ज्ञान रहेको पाइएको छ। अहिले पनि स्थानीय स्तरमा जोखिम न्यूनीकरणका क्रियाकलाप भन्दा पनि विपद् पश्चात गरिने प्रतिकार्यमा केन्द्रित रहेको पाइन्छ। स्थानीय तहमा जोखिम पहिचान, विपद् सूचना प्रणाली, विपद् जोखिम न्यूनीकरणलाइ विकास योजनामा मूलप्रवाहीकरण, नगर क्षेत्रभित्र सञ्चालन गरिने भौतिक पूर्वाधार तथा संरचनागत विकासलाइ जोखिममुक्त बनाउनका लागि व्यवस्थित र योजनावद्ध प्रयास भएको पाइदैन। यसैगरी पूर्वसूचना प्रणालिलाइ व्यवस्थित गरी समुदायसम्म प्रकोपका बारेमा जानकारी तथा सन्देश प्रवाह गर्ने संयन्त्र तथा प्रणालिको विकास भएको पाइदैन। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकासका केही तालीमहरू सञ्चालन भएता पनि उक्त तालीमहरूबाट उत्पादन भएका दक्ष जनशक्तिहरूको विवरण वडा तथा नगरस्तरमा सुचीकृत गरी रोष्टर निर्माण गर्ने र स्वयम् सेवक परिचालनको संस्थागत प्रयास थालनी भएको छैन। कृषिबालीमा वर्षा, हावाहुरी र असिनाको कारण भएको अन्नवाली, तरकारी, फलफुल र नगदेबालीको क्षतिको तथ्यांक संकलन व्यवस्थित र प्रभावकारी रूपमा गरी अभिलेखिकरण र प्रसारण गर्नुपर्ने देखिन्छ। यसैगरी स्थानीय तहमा स्थापना गरी सञ्चालन गरिनु पर्ने स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना हुन सकेको छैन। तथापी अचानक आइपर्ने विपद्का घटनाबाट प्रभावित समुदायलाइ राहत वितरणका लागि स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ।

### ३.१.२ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति

**तालिका ३७: विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति सम्बन्धी विवरण**

| तहगत विवरण | नीति, ऐन, कानून | संस्थागत संरचना | कोषको व्यवस्थापन | जनशक्ति | तहगत एवम निकायगत समन्वय | क्षमता | अनुगमन तथा मुल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| समुदाय स्तर | तर्जुमा भएको छैन | छैन | छैन | केही समुदायमा स्वयमसेवकहरु रहेको | कमी रहेको छ | कमजोर | भएको छैन |
| वडा स्तर | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भएको छैन | गठन गरिएको छ | छैन | प्रयास छैन | कमी रहेको छ | कमजोर | भएको छैन |
| पालिका स्तर | विपद व्यवस्थापन ऐन बनेको छ। स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको चरणमा रहेको छ। | स्थानीय विपद् व्यवस्थापन समिति निर्माण भइ कृयाशील रहेको छ। | भएको छ | सबै शाखामा कर्मचारी रहेको । विपद् व्यवस्थापनका लागि प्रयास भइरहेको । | कमी रहेको छ | न्यून | अनुगमन समिति रहेको छ । विपद् व्यवस्थापन सहितको आवस्यक फर्मेटहरू विकास गर्नुपर्ने देखिन्छ । |
| जिल्ला स्तर | जिल्ला तहमा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना बनेको छ । | जिल्ला वि. व्य. समिति रहेको छ । | भएको छ | प्रयास छैन | कमी रहेको छ | न्यून | |

### ३.१.२ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्धतिहरुमा गरिएका सुदृढीकरणका प्रयासहरु

- यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ अनुसार नगरमा स्थानीय विवद् व्यवस्थापन समिति गठन भइ क्रियाशिल रहेको छ। सबै वडा तहमा विपद् व्यवस्थापन समिति गठन गरी स्थानीय निर्वाचन पश्चात पुनर्गठन समे भइसकेको छ।
- यस नगरपालिका भित्र हुने सम्भावित आगलागीको जोखिम कम गर्न र तत्काल आगलागी नियन्त्रणका लागि दमकलको व्यवस्थापन गरिएको छ। वारूण यन्त्र व्यवस्थापनका लागि दमकल सञ्चालन निर्देशिका तयार गर्नुपर्ने देखिन्छ। पर्याप्त दक्ष जनशक्ति अभावमा यसलाइ समयानुकुल व्यवस्थित उपकरण र प्रविधियुक्त बनाउन सकिएको छैन।
- आपतकालीन प्रतिकार्यको लागि वेलावेलामा विभिन्न तालीमहरू सन्चालन भएको भएता पनि त्यस किसिमको जनशक्तिहरूलाइ वडा कार्यालयले सुचीकरण गरी परिचालन गर्ने अभ्यासको थालनी गरेको छैन।
- नगरपालिकाको क्षेत्रगत विकास योजना तथा वार्षिक योजनामा विपद् तथा जलवायु उत्थानशीलतालाई मुलप्रवाहीकरणको लागि प्रयास भइरहेको छ।
- नवनिर्वाचित जनप्रतिनिधिहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विद्यमान नीति, ऐन कानुन, रणनीति, योजना तथा कार्ययोजनाहरूका बारेमा अभिमुखीकरणको प्रयास भइरहेको छ।

### ३.१.३ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्वतिमा रहेका प्रमुख कमी कमजोरीहरु

- यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेको स्थानीय विपद् व्यवस्थापन समिती गठन गरिएको छ। यसका सबै पदाधिकारीहरूलाई समितिको पदाधिकारीको हैसियतले गर्नुपर्ने आफ्नो जिम्मेवारी बारे अभिमुखीकरण हुन सकेको छैन्। नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई नगरपालिकाले गर्ने विकासलाइ दीगो बनाउन क्षेत्रगत विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाइ मूलप्रवाहीकरण गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का बारेमा अभिमुखीकरण हुन सकेको छैन।
- विपद्का घटना पश्चात तत्काल प्रतिकार्य गर्नका लागि स्थानीय तहको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका अनुसार गठन हुनुपर्ने ८ वटा विषयगत क्षेत्र (क्लष्टर) गठन भइ परिचालन भएको देखिदैन।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक स्थानीय विपद् जोखिम न्यूनीकरण नीति, नियमावली, रणनीतिक कार्ययोजना, स्थानीय अनुकुलन योजना, दुर संवेदनशील भू उपयोग योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जस्ता अत्यावस्यक दस्तावेजहरु तर्जुमा गर्न सकिएको छैन। तर्जुमा भएका ऐन तथा निर्देशिकाहरु पूर्ण रुपमा कार्यन्वयनमा आउन सकेका छैनन्।
- विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरु वडा तथा नगरको प्राथमिकताको क्षेत्रमा रहेको देखिदैन ।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी परम्परागत वुझाईका कारण नीति, कानून तथा योजना निर्माणमा कठिनाई भइरहेको छ ।
- नवनिर्वाचित प्रतिनिधि तथा स्थानीय समुदायमा विपद व्यवस्थापन सम्वन्धी ज्ञान र चेतनाको कमी रहेको छ। यसका लागि क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ।
- वडा स्तरीय विपद ब्यवस्थापन समिति गठन गरिएको भएता पनि भुमिका वारेमा प्रष्ट देखिदैन।
- वडा स्तरको विकास योजनामा विपद तथा जलवायु उत्थानशीलतालाई मुलप्रवाहीकरणका लागि प्रयास कमी देखिन्छ। यस कार्यका लागि कार्यरत कर्मचारीहरुको बुझाई तथा क्षमता कमी रहेको देखिन्छ।
- विकास निर्माणको काममा विपदको प्रभाव मुल्यांकन गर्ने अभ्यास रहेको छैन। जसका कारण अब्यवस्थित बाटोघाटो, पुर्वाधार तथा संरचना निर्माणले जोखिमलाई वढाएको छ ।

### ३.१.४ विपद् उत्थानशीलता बृद्धि गर्न बृहत्तर जोखिमका जानकारीमा आधारित नीजि तथा सार्वजनिक लगानी

- वडामा उद्योग कलकारखाना, ब्यावसायीक कम्पनी, पेशागत संस्थाहरू र सहकारीहरूको स्थापना तथा सञ्चालनमा रहेका छन्। यी उद्योग व्यवसायहरूको आफ्नो प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्व रहेको हुन्छ। जस अन्तरगत

नगरपालिकासंग समन्वय गरी आफ्नो व्यवसाय र वरिपरीको समुदायलाइ विपद्का बारेमा सचेत गराउने, न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्ने कार्यमा उनिहरूको संलग्नतालाइ बढाउन सकिएको छैन।

- उद्योग व्यवसाय, कलकारखाना, बैंक तथा वित्तिय संस्था र सहकारी संस्थाहरूमा सामाजिक उत्तरदायीत्व अन्तर्गत छुट्याएको रकमलाइ विपद् जोखिम न्यूनीकरणमा लगाउन प्रयास भएको दैखिदैन। यसैगरी नीजि क्षेत्रलाइ विपद ब्यवस्थापनको क्षेत्रमा परिचालन गर्न उनीहरूसंग छलफल, परामर्स तथा साझेदारी हुन सकेको देखिदैन।
- नेपाल रेडक्रस सोसाइटीलाइ विपद् प्रतिकार्यमा परिचालन गरिएको छ तथापी वडा तथा नगर क्षेत्रभित्र रहेका सहकारी तथा वितीय संस्थाहरुलाई विपद व्यवस्थापनको क्षेत्रमा पर्याप्त मात्रामा परिचालन गर्न सकिएको छैन।

### ३.१.५ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका लागि समर्पित योजना तथा कार्यक्रमहरुमा लगानी

- यस पालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका लागि छुट्टै योजना निर्माण गरी लागु गरिएको छैन। तथापी विपदको प्रतिकार्यको लागि विपद् व्यवस्थापन कोष स्थापना गरी प्रभावितहरुलाई राहत वितरण कार्य हुँदै आएको छ। पछिल्ला वर्षहरुमा खोलाबाट सृजित जोखिम र पहिरो नियन्त्रणका लागि तटवन्ध निर्माणको कार्य भएको छ। यसलाइ जोखिम क्षेत्र पहिचान गरी विस्तारका लागि पुर्वाधार विकास समिति अन्तर्गत योजनाहरु तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।
- यस पालिकामा हुने विपद्को जोखिम कम गर्न जोखिम क्षेत्र पहिचान गरी योजना निर्माण भएको देखिदैन ।
- यसका अलावा भौतिक पुर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, महिला बालबालिका अपांगता तथा जेष्ठ नागरिक तथा अन्य क्षेत्रगत विकास योजनामा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी वढाएको पाइदैन।
- जंगली जनावरबाट हुने क्षति कम गर्नका लागि मध्यवर्ती सामुदायिक वन समूहहरूले प्रयास गरिरहेका छन् यसलाइ व्यवस्थित गर्न सामुदायिक वन समुहहरू समेतको संलग्नता नगरस्तरमा रहेको वन, वातावरण र विपद् व्यवस्थाप समितिले अगुवाइ लिएर व्यवस्थित गर्नुपर्ने देखिन्छ।

### ३.१.६ विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन एकीकृत गरिएका योजनाहरुका लागि लगानी

- यस पालिकाको २०७९/०८० को योजना तथा कार्यक्रमा विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई मुलप्रवाहीकरण गरी योजनाहरु निर्माण भएको पाइदैन। आ.व. २०७९/०८० मा नगरपालिकाको योजना तथा कार्यक्रममा तिनै तहको सरकारबाट प्राप्त हुने गरी प्रकोप व्यवस्थापन कोष स्थापना गरी रकम विनियोजन गरिएको छ। यसैगरी कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि खासै कार्यक्रम बनाइ लागु गरेको पाइएन।
- विपद व्यवस्थापन क्षेत्रमा नीजि क्षेत्र, गैसस तथा सरकारी निकायहरु बीचमा समन्वयमा कमि रहेको देखिन्छ। निर्वाचित प्रतिनिधिहरुको विपद व्यवस्थापन सम्बन्धी वुझाईको कमिले भौतिक पुर्वाधारमा वढि ध्यान केन्द्रित भएको छ जसले गर्दा गरेका विकासहरु दिगोपना देखिदैन। तसर्थ सबै क्षेत्रगत विकास समितिहरुले एकिकृत रूपमा उत्थानशील विकास अवधारणा अनुसार विकास प्रयासको थालनी गर्नु पर्ने देखिन्छ ।

### ३.१.७ प्रभावकारी प्रतिकार्य र पुर्नलाभ

- विपद् पूर्वतयारी र प्रतिकार्यका लागि वडा स्तरको विपद ब्यवस्थापन समिति निर्माण गरिएको छ। नगरपालिकाले तर्जुमा गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार निर्माणमा नेतृत्व गरेको छ। तथापी निर्वाचित प्रतिनिधि तथा वडाका कर्मचारीहरूमा यस सम्वन्धी ज्ञान तथा क्षमताका अभावमा एकिकृत प्रतिकार्य हुन सकेको छैन।
- वडा स्तरमा विपद ब्यवस्थापनमा प्रभावकारी भुमिका खेल्नको लागि क्षमता अभिवृद्धि तथा कृत्रिम घटना अभ्यास हुन जरूरी देखिन्छ। यसका साथै जोडिएका वडा, पालिका, जिल्ला, प्रदेश तथा संघीय तहमा समन्वय प्रभावकारी वनाउनु पर्ने देखिन्छ।
- महामारी नियन्त्रण तथा रोकथाम (प्रतिकार्य) मा वडाको क्षमता कमजोर रहेको छ। जुन कुरा पहिलो लहरको कोभिड संक्रमणमा पालिकाको भूमिका कमजोर रह्यो। तथापी टेष्टिङ, ट्रेसिङ र ट्रिटमेन्टका साथै क्वारेन्टाइन, होल्डिङ सेन्टर, आइसोलेसन स्थापना तथा व्यवस्थापन गरी संक्रमण फैलन नदिन वडाको भूमिका अहम् रहेको पाइएको छ। यसैगरी पूर्ण रूपमा वन्दावन्दीको अवस्थामा गरिव तथा रोजगारी गुमाएका परिवारलाई राहत वितरणमा वडाले नेतृत्व लिइ कार्य गरेको छ।
- स्वास्थ्य क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण तथा उपकरणका लागि वडा स्तरबाट योजनाहरू निर्माण भइरहेको छ।

### ३.१.८ हालको क्षमता

- वडा स्तरको विपद व्यवस्थापन समिति गठन भएको छ। आवश्यक परेमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तत्काल परिचालित हुन सक्छ।
- वडामा आधारभुत स्वास्थ्य केन्द्रहरू रहेका छन्। आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचारको लागि दक्ष जनशक्ति उपलब्ध छ।
- फुङलिङ नगरपालिका भित्र केही साना उद्योगहरू सञ्चालनमा रहेका छन्। ठुला उद्योग धन्दा खुलिसकेको अवस्था छैन। साना तथा मझौला उद्योगहरुमा पनि प्रायः अल्लोका कपडा बुन्ने, राडीपाखी बुन्ने, ब्लक उद्योग, कुटानी पिसानी मिलहरु, पाउरोटी उद्योग, डेरी उद्योग, फर्निचर उद्योग, उल्लेख्य मात्रामा रहेका छन्। २ वटा पेट्रोल पम्प समेत यस पालिकामा रहेको छ। यसका साथै यहाँ उद्योग वाणिज्य संघ पनि स्थापना भएको छ। यी ब्यावसायीक संस्थाहरूसंग हातेमालो गरेर वडाको विपद व्यवस्थापनमा महत्वपुर्ण कामहरू गरेर मानिसको जिउँज्यान र धनसम्पती जोगाउन सकिन्छ।
- यस नगरपालिकाका सबै वडाहरूमा सामुदायिक भवनहरू तथा पाटीपौवाहरू रहेका छन्। केही वडामा बाहेक प्राय सबै वडाहरूमा खुल्ला चउरहरू रहेका छन्। यसैगरी आपतकालीन अवस्थामा सुरक्षित आश्रय स्थलको रूपमा प्रयोग गर्न सामुदायिक विद्यालयहरू रहेका छन्। तथापी विद्यालयलाइ आश्रय स्थलको रूपमा प्रयोग गरिनु हुन्न भन्ने मत अगाडि आएको देखिन्छ।
- विपद्का समयमा परिचालित हुन सक्ने महिला समूह, सहकारी तथा वित्तीय संस्था, कृषि तथा पशुपालन समूह, शिक्षक, पत्रकार तथा सामाजिक समूहहरूका साथै नीजिक्षेत्र समेत यस वडामा रहेका छन्। यस नगरपालिकाका सबै वडाहरूमा भूकम्प प्रतिरोधी घर वनाउन सक्ने दक्षमिस्त्री, प्राथमिक उपचार तालिम प्राप्त व्यक्तिहरू, ग्रामिण महिला स्वास्थ्य कार्यकर्ता, तारजाली वुन्न सक्ने ब्यक्तिहरू, अस्थायी आवास निर्माण तालिम प्राप्त जनशक्ति, प्राथमिक उपचार सम्वन्धि तालिम प्राप्त दक्ष व्यक्ति र तालिम प्राप्त पशु चिकित्सकहरू समेत रहेका छन्।

माथि उल्लेख गरिएको पालिकाको विपद तथा जलवायु उत्थानशील क्षमतालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।
यस पालिकामा प्राविधिक तथा स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने निम्न जनशक्ति रहेको छ ।

### ३.१.९ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति

**तालिका ३८: विभिन्न स्तरमा रहेको विपद् व्यवस्थापन क्षमता सम्वन्धी विवरण**

| क्षमताको विवरण | पालिका स्तर | वडा स्तर | समुदाय स्तर | जिल्ला स्तर |
|---|---|---|---|---|
| आर्थिक क्षमता | विपद् व्यवस्थापन कोष स्थापना | कमजोर | कमजोर | विपद् व्यवस्थापन कोष स्थापना |
| सामाजिक तथा संस्थागत क्षमता | विपद् व्यवस्थापन समिति गठन भएको, दक्ष स्वयम सेवकहरू र विपद् व्यवस्थापन कार्यदल रहेको | वडा स्तरिय विपद ब्यवस्थापन समिति गठन | टोल विकास संस्थाहरू गठन र परिचालित छन् | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू तथा जिल्ला आपतकालीन सन्चालन केन्द्र रहेको |
| भौतिक क्षमता | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरूमा अस्थायी आश्रय स्थल र गैरखाद्य सामग्री भण्डारण रहेको, केही विद्यालय र वडा कार्यालयहरूमा खोज उद्धार सामग्री रहेको | कमजोर | कमजोर | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखामा २५० परिवारका लागि अस्थायी आश्रय स्थल र गैरखाद्य सामग्री भण्डारण रहेको साथै खोज उद्धार सामग्री रहेको । सरुवारोग नियन्त्रण, औषधीको भण्डारण, प्राथमिक उपचार, सामग्रीगत सहयोग |
| मानवीय क्षमता | कमजोर रहेको | छैन | छैन | |
| प्राकृतिक स्रोत | | नदिनाला ,खुल्ला स्थान तथा अन्य स्रोतहरू रहेका छन् । | नदिनाला ,खुल्ला स्थान तथा अन्य स्रोतहरू रहेका छन् । | |

### ३.१.१०. कमी कमजोरीहरु/सुधार गर्नु पर्ने क्षेत्रहरु

**तालिका ३९: विपद् व्यवस्थापन क्षेत्रमा सुधार गर्नुपर्ने कुरा**

| सुधार गर्नुपर्ने क्षेत्र | पालिका स्तर | वडा स्तर | समुदाय स्तर | जिल्ला विपद व्यवस्थापन समिति स्तर |
|---|---|---|---|---|
| नीतिगत व्यवस्था कानुन, योजना तथा मापदण्ड निर्माण | तर्जुमाको चरणमा | छैन | छैन | आवश्यकता अनुसार तर्जुमा भइरहेको |
| संस्थागत संरचना | संरचना रहेको छ, क्षमता अभिबृद्धि गर्नुपर्ने | छ | छ | संरचना रहेको छ, क्षमता बढाउनुपर्ने |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सेवा प्रदान गर्ने कार्यालय, संघ संस्थाहरू | नगरपालिका वाहेक अन्य संस्था नरहेको | छैन | छैन | जिल्ला स्तरमा रहेको |
| खोज, उद्धार र प्राथमिक उपचारक | अपुग संख्यामा रहेको | छैन | छैन | अपुग संख्यामा रहेको |
| सुरक्षित आश्रयस्थल | ब्यवस्थित गर्नुपर्ने | छैन | छैन | ब्यवस्थित गर्नुपर्ने |
| सूचना तथा सञ्चार सेवा | आपतकालीन कार्यसन्चालन केन्द्र नरहेको | छैन | छैन | आपतकालीन कार्य सन्चालन केन्द्र नरहेको |
| बन्दोबस्ती, भण्डारण गृह | स्थापना भएको छैन | छैन | छैन | छैन |
| अग्नी नियन्त्रण | एउटा दमकल र एउटा मिनी दमकल रहेको | छैन | छैन | छ |
| खोज तथा उद्धार सामग्रीहरू | रेडक्रसको उपशाखाहरूमा रहेको छ | छैन | छैन | छ |
| एम्बुलेन्स् र शव वाहन | एम्वुलेन्स रहेको छ | छैन | छैन | छ |

## ३.२ स्थानीय तहको क्षमता

**तालिका ४०: स्थानीय तहमा रहेको विपद् व्यवस्थापन सम्वन्धी क्षमताको विवरण**

| क्र.सं | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | वडा अथवा सामुदायिक तहमा जोखिम न्यूनीकरण र व्यवस्थापन समितिहरुलाई सो सम्बन्धी तालिम दिइएको छ ? | | छैन |
| २. | वडा अथवा नगर तहमा जोखिम व्यवस्थापन कोष बढाउने योजना बनाइएको छ ? | छ | |
| ३. | यस नगरपालिकामा स्थानीय आपत्कालीन कार्यसचांलन केन्द्र (local emergency operations center) छ? | | छैन |
| ४. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन कार्यका लागि छनोट भएका मध्ये कुनै व्यक्तिले जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायु परिवर्तन सम्बन्धी तालिम लिएका छन् ? | छ | |
| ५. | कुनै कर्मचारीहरुले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति र ऐन सम्बन्धी तालिम लिएका छन् ? | छ | |
| ६. | कुनै कर्मचारीहरुले विपद् जोखिम मूल्याङ्कन सम्बन्धी तालिम लिएका छन् ? | | छैन |
| ७. | कुनै कर्मचारीहरुले विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम लिएका छन् ? | छ | |
| ८. | कर्मचारीहरुले विपद् पश्चातको क्षति तथा आवश्यकता आँकलन (Post disaster needs assessment) सम्बन्धी तालिम लिएका छन् ? | | छैन |
| ९. | स्थानीय युवा स्वयमसेवीहरुलाई आपत्कालीन प्रतिकार्यका लागि तालिम प्रदान गरिएको छ ? | | छैन |
| १०. | स्थानीय तहको कर्मचारीहरुले अरु कुनै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिम लिएका छन् ? | | छैन |

नोट : नगरपालिकाको विपद फोकल पर्सन वाहेकको कर्मचारी तथा जनप्रतिनिधिहरुको विपद व्यवस्थापन सम्वन्धी तालीमको विद्यमान अवस्थाको आधारमा सूचना राखिएको छ ।

### ३.२.१ नगरपालिकाले पहिचान गरेर प्राथमिकतामा राखेका क्षमता अभिबृद्धिका तालिमहरु

- नगरपालिकाका निर्वाचित प्रतिनिधिहरू, कार्यरत कर्मचारीहरू र विषयगत क्षेत्र (क्लष्टर) का पदाधिकारीहरूलाइ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभुत मानवीय मापदण्डको विषयमा क्षमता विकास तालीम सन्चालन गर्ने।
- वडा स्तरका विपद व्यवस्थापन समितिहरूलाइ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभुत मानवीय मापदण्डको विषयमा क्षमता विकास तालीम सन्चालन गर्ने ।
- वडाको जनप्रतिनिधि, कर्मचारीहरू, टोल विकास संस्थाका अगुवाहरूलाइ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभुत मानवीय मापदणडहरूको वारेमा तालीम दिने ।
- वडामा दोहोरिरहने विपदहरूको प्रतिकार्यको लागि अति प्रभावित वडाहरूमा र नगरको केन्द्रमा समुदायको सहभागितामा बाढी, भूकम्प र आगलगीको नियमित रूपमा नमुना अभ्यासहरू गर्ने।
- खोलालाइ प्राकृतिक रूपमा वग्न दिनु पर्दछ भन्ने सचेतनालाइ अगाडि वढाउँदै कम्तीमा नगरपालिकाले जारी गरेको मापदणड (नदी, खोला, पैनीको किनारबाट छोड्नु पर्ने मापदण्ड) लाइ कार्यन्वयन गर्ने।
- आपतकालीन अवस्थामा तत्काल परिचालन गर्ने गरी वडामा एक स्वयम सेवक समुह गठन गरी क्षमता विकास तालीम दिएर तयारी हालतमा राख्ने। जसलाइ नजिकको प्रहरी र सेनासंग समन्वय गराउने।
- वडा क्षेत्रमा घटिरहने विपदहरूको तथ्यांक संकलन गर्ने र अध्यावधिक गर्नको लागि स्वयम सेवकहरू परिचालन गर्न योजनावद्ध कार्यक्रमहरू राख्ने। सूचना समन्वय र सर्वेक्षण, खोज तथा उद्धार, प्राथमिक उपचार र राहत वितरण कार्यदल गठन गरी स्वयमसेवकहरूलाइ सकृय परिचालन गर्ने गरी क्षमता विकास तथा विपद व्यवस्थापन सम्वन्धी कार्यहरूमा संलग्न गराउने।
- प्रत्येक टोल विकास संस्थाका पदाधिकारीहरूलाइ विपद व्यवस्थापन सम्वन्धी क्षमता विकासको तालीमहरू उपलब्ध गराउने ।
- वाली विमा, पशु विमा तथा भवन निर्माण मापदण्डको विषयमा नियमित रूपमा टोलसंस्थाहरूसंव अन्तरकृया सन्चालन गर्ने।
- वडा भित्र सन्चालनमा रहेका ब्यावसायिक संस्थाहरूलाइ सामाजिक दायित्वको रूपमा विपद व्यवस्थापन कोषमा निर्माण गर्न लगाएर समुदायमा विपद् व्यवस्थापनको कृयाकलापहरू सञ्चालन गर्नको लागि पहल गर्ने।
- वित्तीय संस्थाहरू (सहकारी तथा वैंक) संग रहेको सामाजिक उत्तरदायित्वको कोषलाइ विपद व्यवस्थापनमा परिचालन गर्न वित्तीय संस्थाहरूलाइ सहजिकरण गर्ने र उनीहरसंग सहकार्य गर्ने।
- वडामा कम्तीमा एक स्थानमा आधारभुत संरचना सहितको सुरक्षित स्थान निर्माण गर्ने।
- नगरपालिका भित्र रहेका मुख्य नदीहरूमा जोखिम अध्ययन गरी प्राथमिकताका आधारमा रक्तेनी नदीमा जस्तै तटबन्ध गरी संरक्षणका लागि वृक्षारोपण र संरक्षणको नमुना प्रदर्शन गर्ने।
- आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचार दिन सक्ने गरी वडामा अवस्थित स्वास्थ्य चौकीको भौतिक संरचना र मानव स्रोतहरूको स्तरोन्नती गर्ने। र वडा स्तरको विपद व्यवस्थापन समितिहरू, स्वास्थ्यका CRT र RRT लाइ सकृय गराउने।
- खोला ब्यवस्थापनको योजना समुदायबाट निर्माण गर्ने सो अनुसार कार्यन्वयन गर्ने। समुदायको सहभागितामा कार्यक्रम कार्यन्वयन गर्ने।
- वडा स्तरमा विपद ब्यवस्थापन कोष निर्णा गर्ने र सो कोषबाट क्षमता विकास तथा पूर्वतयारीको लागि सामग्री भण्डारणमा खर्च गर्न सक्ने गरी निर्देशीका निर्माण गरी परिचालन गर्ने।
- वडा स्तरमा वारम्वार दोहोरीरहने आगलागी, वाढी जन्य विपद्रको प्रतिकार्यको लागि आवश्यक सामग्रीहरू सहित स्वयमसेक दलको संरक्षणमा रहने गरी वडामा सुचिकृत गरी राख्ने।

### ३.२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नगरपालिकाले कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि योजना

- वडा आफैले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कुनै क्षमता अभिवृद्धिका कार्यक्रम सन्चालन गरेको छैन तथापि तालुक कार्यालय र अन्य दातृ निकायहरूबाट सन्चालन भएका तालीमहरूमा केही कर्मचारी सहभागि भएका छन्।

- विपद व्यवस्थापन र मानवीय सहायताको मापदण्डको विषयमा वडाको कर्मचारीहरूलाइ तालीम सन्चालन गर्ने।
- विपद जोखिम न्यूनीकरणा तथा पुर्वतयारी र प्रतिकार्यको विषमा नियमित टोलसंस्थाहरूसंग अन्तरकृयाको नेतृत्व वडाले गर्ने। यसबाट प्राप्त सुचनालाइ वडा स्तरमा नियमित समिक्षा गर्ने।
- विद्यालयहरूमा वृहत विद्यालय सुरक्षा कार्यक्रम लागु गरी कम्तीमा विद्यालय सुधार योजना तर्जुमा निर्देशिकाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्ने। विद्यालय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न विद्यालय शिक्षक, विद्यार्थी, विद्यालय ब्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ र सरोकारवालाहरूलाइ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि क्षमता विकासको तालीम सञ्चालन गर्ने र नियमित कृत्रिम अभ्यास गर्ने। यसका अतिरिक्त विपद् उत्थानशीलताका लागि स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने र सबै विद्यालहरूमा विपद् फोकल शिक्षकको व्यवस्था गरेर क्षमता अभिवृद्धि गर्ने।
- नगरपालिकाको वार्षिक योजनामा संलग्न हुने निर्वाचित प्रतिनिधिहरू र कर्मचारी तथा समुदायका अगुवाहरूलाइ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाइ योजना निर्माण प्रक्रियामा मुलप्रवाहीकरण गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ सम्बन्धि अभिमुखिकरण गर्ने।

# खण्ड : चार प्राथमिकता प्राप्त क्षेत्र र कार्यहरू

## ४.१ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु

यो योजना फुङलिङ नगरपालिकाको विकास निर्माणको योजना निर्माणमा सहयोगी वन्न हुने उद्धेश्य राखिएको छ। त्यसैले माथि उल्लेखित समस्याहरूको सम्बोधनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना र यस नगरपालिकाको बहुप्रकोप जोखिम विश्लेषणका आधारमा फुङलिङ नगरपालिकाले निम्नानुसार प्राथमिकता प्राप्त क्षेत्र र प्राथमिकता प्राप्त कार्यहरुको निर्धारण गरेको छ।

**तालीका नम्वर ४१: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु**

| नगरपालिकाको योजना निर्माणका लागि विषयगत क्षेत्रहरू | | प्राथमिकता प्राप्त क्षेत्र | प्राथिमकता प्राप्त कार्यहरू |
|---|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन | विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | • बहुविपद् जोखिम पहिचान, नक्शाङ्कन र सम्प्रेषण<br>• विपद् जोखिम सूचनाप्रणाली र ज्ञान व्यवस्थापन |
| २ | सुशासन तथा संस्थागत विकास | विपद् जोखिम शासकीय पद्धतिको विकास | • संस्थागत र समन्वय संयन्त्र विकास एवं सुदृढीकरण<br>• वडा तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संयन्त्र र कोष स्थापना<br>• समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |
| ३ | सामाजिक विकास | विपद् जोखिम संवेदनशील लगानी प्रवर्द्धन | • विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रवर्द्धन<br>• समुदायमा आधारित विपद् व्यवस्थापनमा लगानी प्रवर्द्धन |
| ४ | पूर्वाधार विकास | प्रभावकारी विपद् पूर्वतयारी | • प्रभावकारी प्रतिकार्यका लागि सुदृढ विपद् पूर्वतयारी<br>• विपद् प्रतिकार्य क्षमता विकास<br>• “अझ राम्रो र बलीयो निर्माण” अवधारण अनुरुप पुनर्निर्माण र पुनःस्थापना |
| ५ | आर्थिक विकास | | • विपद् जोखिम वित्तीयकरण<br>• विपद् जोखिम हस्तान्तरणका क्रियाकलापहरू |

# खण्ड पाँचः समस्या, प्राथमिकता र योजना

## ५.१ विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले प्रमुख रूपमा आफ्ना विकास निर्माणका कार्यहरूलाइ ५ वटा विषयगत समितिहरू निर्माण गरेर अगाडि वढाइरहको छ। समग्र नगरपालिकाको विकास निर्माणका योजनाहरू यिनै समितिहरूको नेतृत्वमा तर्जुमा हुने भएकोले यी विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाइ मुलप्रवाहीकरण गर्न समुदायस्तरमा हुने योजना छलफल प्रक्रियाबाट नै प्राथमिकता दिनुपर्ने हुन्छ। यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाका लागि गरिएका वडा स्तरीय भेला तथा छलफलबाट प्राप्त समस्याहरूलाइ विषयगत रूपमा यस खण्डमा राखिएको छ। जसले विषयगत क्षेत्रका योजनाहरूलाइ विपद् उत्थानशील बनाइ विकासलाइ दिगो वनाउन सघाउ पुर्याउछ।

## ५.१ विपद् तथा जलवायु उत्थानशीलताका क्षेत्रमा देखिएका क्षेत्रगत समस्याहरू

### ५.१.१ आर्थिक विकास :

**कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र**

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दीर्घ रोगीहरूमा विपद् जोखिम बारे ज्ञान र क्षमताको अभाव हुनुका साथै यी समुहको विपद क्षमता अभिवृद्धिका अवसरमा सहभागिता कम,
- योजना तर्जुमा, कार्यान्वयन र निर्णय प्रक्रियामा लक्षित समूहको सहभागिता कमी,
- विपद्का समयमा विपद् प्रतिकार्यका कार्यहरूमा लक्षित समूहहरू प्राथमिकतामा नपर्नु साथै भिन्न समुहका भिन्न आवश्यकता हुने हुँदा उक्त कुरामा आवश्यक ध्यान जान नसक्नु,
- समुदायको आँखामा सडक, कल्भर्ट, पुल, भवन जस्ता संरचना निर्माण र तटवन्धन मात्र विकास र विपद् ब्यवस्थापनको योजना हो भन्ने वुझाइ रहनु,
- वडास्तरको योजनामा कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र र विपद ब्यवस्थापनको योजना पर्न सक्दैन भनेर नराखिएको भन्ने समुदायको बुझाइ रहनु,
- सुरक्षित पर्यटनको क्षेत्रमा स्थानीय तहको ध्यान जान नसक्नु,
- वन्यजन्तुको प्रकोप बढेको,
- वालीनालीमा रोगकिराको प्रकोप र विषादीको वढदो प्रयोगका कारण माटोमा उत्पादन क्षमता घटेर खाद्यान्न र अन्य बाली उत्पादनमा ह्रास आएको।

### ५.१.२ सामाजिक विकास :

**शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृती प्रवर्द्धन, लैंगिक समानता तथा समामाजिक समावेशीकरण**

- समुदाय स्तरमा बढी क्रियाशील रहने टोल विकास संस्थाहरूलाइ विपद् ब्यवस्थापनमा प्रमुख भुमिका खेल्न सक्छन् भन्ने सोचको कमी,
- महामारी नियन्त्रणका लागि पूर्वाधार, संरचना, दक्ष जनशक्ति तथा उपकरणको कमी,
- आपत्कालीन स्वास्थ्य सेवा कमजोर,
- आपत्कालीन स्वास्थ्य कार्यदल नभएको र भएको कार्यदल निस्कृय देखिएको,
- विद्यालयहरूमा आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध नरहेको,
- फोहोर व्यवस्थापनको कमीका कारण महामारी पैलिने सम्भावना रहेको,
- सुरक्षित विद्यालय सम्बन्धी अवधारणाको कमी,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक, बालबालिका र अभिभावकमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी बुझाइको कमी,
- विपद् तथा जलवायु परिवर्तन र यसले निम्त्याएका समस्या र समाधानका उपाय सहितको स्थानीय पाठ्यक्रमको अभाव,
- विद्यालय विपद् व्यवस्थापन समिति गठन भएको तर निस्कृय रहेको,
- विपद् व्यवस्थापन फोकल शिक्षकको व्यवस्था नभएको,
- विद्यालयको संकटासन्नता पहिचान र विश्लेषण नभएको, विद्यालय विपद् जोखिम व्यवस्थापन योजना नरहेको,

- विपद्‌बाट सुरक्षित हुनका लागि पारिवारिक तहको कार्ययोजनाको अभाव,
- सबै विद्यालय भवनहरू भुकम्प प्रतिरोधी नभएको,
- वडाको पदाधिकारी तथा टोल संस्थाहरूमा विपद् व्यवस्थापन सम्वन्धी वुझाइमा कमी,
- महिला ,बालबालिका ,अपाङ्गता भएका व्यक्ति ,जेष्ठ नागरिक ,दीर्घ रोगीहरूमा विपद् बारे ज्ञान र क्षमताको अभाव,
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निर्णय प्रक्रियामा लक्षित समूहको सहभागिता कमी,
- लक्षित समूहलाई विपद् प्रतिकार्यमा प्राथमिकतामा नराखु,

**५.१.३ पूर्वाधार विकास :**

**सडक तथा पुल (झोलुङ्गे पुल समेत), सिंचाइ, भवन तथा सहरी विकास, उर्जा तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत), संचार**

- समथर क्षेत्रमा भूमिगत पानीको प्रयोग भइरहेको भए पनि सिँचाइका लागि पर्याप्त नभएको,
- भवन आचार संहिताको पूर्ण पालना नभएको,
- भूकम्पीय सचेतनामा कमी,
- बस्ती तथा निजी भवन, सडक, विद्युत वितरण प्रणाली, खानेपानीका संरचना, विद्यालय लगायतका पूर्वाधार जोखिमयुक्त रहेको,
- केही वडामा सुरक्षति आश्रयस्थलको अभाव,
- अपाङ्गतामैत्री तथा बालमैत्री सडक पेटीको अभावका साथै भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री नहुनु,
- सडकमा व्यवस्थित ढलको अभावले समुदायमा डुवानको समस्या,
- हरियाली सडकको अभावमा प्रया—पर्यटन विकासमा कमी,
- सडक सुरक्षा र प्रयोग बारे ज्ञान चेतना र सन्देशको अभावमा सडक अनुसार सवारी गति निर्धारण नभइ सडक दुर्घटना बढेको,
- वन्यजन्तुको आक्रमण अत्यधिक बढेको,
- नगरपालिकामा विपद् सूचना प्रणालिलाइ व्यवस्थित गर्न आपतकालिन कार्यसञ्चालन केन्द्रको अवधारणा नभएको।

**५.१.४ वातावरण तथा विपद ब्यवस्थापन :**

**वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला ब्ववस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद ब्यवस्थापन, वारूणयन्त्र सन्चालन**

- फोहोर व्यवस्थापनको कमीका कारण महामारी फैलिने सम्भावना रहेको,
- पानीका मुहान सुक्दै गएको,
- जलाधार क्षेत्र सुख्खा हुने क्रम बढेको,
- जैविक विविधतामा ह्रास,
- नदि कटान र पटानको समस्या बढ्दै गएको,
- भूमिगत जलस्रोतको अधिक उपयोगका कारण भूमिगत पानीको सतह गहिरिएको,
- खोलाको वहाव सभ्यतालाइ संरक्षण गर्ने संस्कृतीलाइ समुदायले विर्सने क्रम वढेकोले खोला वस्तीमा पस्ने क्रम वढेको,
- समुदाय स्तरमा टोलसंस्थाहरूलाइ विपद् व्यवस्थापनमा प्रमुख भुमिका खेल्न सक्छन् भन्ने सोचको कमि,
- प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको अभाव,
- खोज उद्धार तथा राहत र आपतकालीन प्रवन्धका सामग्रीहरूको अभाव,
- आपतकालीन अवस्थामा सूचना संकलनका लागि (IRA र MIRA) गर्नसक्ने जनशक्तिको अभाव,
- नगरपालीकासंग भएको दमकल सञ्चालनका लागि सुरक्षा निकाय र स्वास्थ्य संस्थाहरूसंग समन्वयको अभाव,
- दमकल सञ्चालन निर्देशिकाको अभाव।

### ५.१.५ सुशासन र संस्थागत विकास :

**मानव संसाधान विकास, संस्थागत क्षमता विकास, संस्थागत पुर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विघुतीय सुचना प्रविधिको प्रयोग तथा संचार ब्यवस्थापन**

- नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीति, रणनीतिक योजना, राहत वितरण मापदण्ड, विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका जस्ता नीतिगत व्यवस्थाको अभाव
- वडाहरूमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति निर्माण भएको तर समितिहरू निस्कृय देखिएको,
- वडामा विपद् व्यवस्थापन कोषको स्थापना भएको तर कोष परिचालन निर्देशीका नभएको,
- वडा स्तरीय विपद् ब्यवस्थापन समितिका पदाधिकारीहरूलाइ आफ्नो कार्य विवरण प्रष्ट नभएको,
- वडाको पदाधिकारी तथा टोल संस्थाहरूमा विपद् ब्यवस्थापन सम्वन्धी वुझाइमा कमी,
- संघ, प्रदेश, जिल्ला, पालिका र वडा तहसम्मको प्रभावकारी समन्वयको अभाव,
- वडा र टोल संस्थाहरू वीच समन्वयको कमी,
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका क्रियाकलापहरूको लागि सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रको समन्वयात्मक लगानीको अभाव,
- जलवायु परिवर्तन र विपद् सम्बन्धी एकिकृत सूचना व्यवस्थापनमा कमी,
- तालुक संस्थाहरूले विपद् तथा आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि गरिएको सुचना प्रभावकारी प्रवाह नहुनु,
- विपद् सम्बन्धी सूचना प्रचार प्रसारण गर्ने सामुदायिक संरचनाको अभाव,
- वडाको योजना प्रकृयामा टोल स्तरको विपद ब्यवस्थापनको विषयले प्राथमिकता नपाउनु,
- विपद ब्यस्थापन सम्बन्धि रैथाने ज्ञान र प्रविधिलाइ प्रोत्साहन नगरिनु,
- समुदायमा स्वयंसेवकहरू तयार गरी फष्ट रेस्पोन्डरको रूपमा विकास गर्न नसकिएको,
- विपद ब्यवस्थापनको क्षेत्रमा तालीम प्राप्त दक्ष जनशक्तीहरूको पहिचान गरेर पालीकामा सुचिककृत गरी रोष्टर निर्माण नभएको।

## ५.२ देखिएका क्षेत्रगत समस्याहरू समाधानका लागि कृयाकलापहरू

### ५.२.१ आर्थिक विकास

- पशु तथा कृषि विमालाइ प्रभावकारी बनाउन नगरपालिकाले आवस्यक समन्वय गरी अनुदानको ब्यवस्था गर्ने,
- कृषिवालीमा लाग्ने रोग किरा नियन्त्रणको लागि कृषि शाखाबाट आवस्यक परामर्स र कृषि समुहमा प्रशिक्षण सन्चालन,
- वित्तीय क्षेत्रलाइ विपद् ब्यवस्थापनको क्षेत्रमा लगानी गर्न समन्वय र सहकार्य
- प्रांगारिक विषादी बनाउने कार्यक्रमलाइ प्रोत्साहन गरी कृषकहरूलाइ तालीम
- प्राकृतिक चिस्यानकेन्द्र निर्माणका लागि साना कृषकहरूलाइ अनुदान कार्यक्रम
- नगरपालिकामा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी विपदबाट क्षतिको विवरण वडा स्तरबाट नियमित रूपमा अध्यावधिक गरी अभिलेख राख्ने,
- विपद् प्रभावित र लक्षित वर्ग केन्द्रित आय आर्जनका कार्यक्रमहरु बनाइ लागु गर्ने।

### ५.२.२ सामाजिक विकास

- विपद ब्यवस्थापनको विषयमा टोलसंस्थाहरूलाइ नियमित क्षमता विकासको तालीम दिने,
- विद्यालय सुरक्षा योजना निर्माण गरेर विद्यालय सुधार योजनामा समावेश गरी कार्यन्वयन गर्ने,
- विद्यालयमा कार्ययोजना सहितको विपद् ब्यवस्थापन सम्पर्क ब्यक्ति तोक्ने,
- विद्यालयमा विपद् ब्यवस्थापन सम्वन्धी नियमित रूपमा अतिरिक्त कक्षाहरू सन्चालन गर्ने,

- विद्यालयमा विपद् ब्यवस्थापन समिति निर्माण गरी परिचालन गर्ने,
- विद्यालय भवन तथा विद्यालय वाहिरका भौतिक संरचनाहरूलाइ भुकम्प लगायतका विपद् ब्यवस्थापनमैत्री वनाउन निजिक्षेत्रसंग सहकार्य गर्ने,
- विद्यालयका कक्षाकोठाहरूमा सरूवारोग ब्यवस्थापनमैत्री (physical distancing) वसाइ ब्यवस्थापन प्रवर्द्धन गर्ने,
- हरेक विद्यालयमा आपतकालीन स्वास्थ्य सेवाका लागि प्राथमिक उपचार वाकस र उद्धार सामग्री ब्यवस्थापन गर्ने,
- वडा भित्रका अपांगता भएका मानिसहरू, वृद्धवृद्धा सुत्केरी, गर्भवती तथ्यांक नियमित अध्यावधिक गर्ने,
- युवा समूह, आमा समूह, टोल विकास समितिहरुको विपद जोखिम व्यवस्थापन क्षमता बढाई विपद पुर्व र विपदको समयमा सक्रिय रूपमा परिचालन गर्ने,
- आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचार पाउन सक्ने गरी वडामा रहेका स्वास्थ्य चौकीको भोतिक संरचना र मानव स्रोतहरूको स्तरउन्नती गर्ने र वडा स्तरको विपद ब्यवस्थापन समितिहरू, CRT र RRT लाइ तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने

### ५.२.३ पूर्वाधार विकास

- भवन निर्माण संहिता लागु गरी पुर्ण पालनाका लागि समुदाय स्तरमा सचेतनाका कार्यक्रम गर्ने,
- पालीका क्षेत्रभित्रको भवन निर्माण मापदण्ड निर्माण गरी लागु गर्ने,
- दुर्घटनाग्रस्त क्षेत्रहरूमा सडकसुरक्षा र प्रयोग वारेमा वोर्ड राख्ने,
- भौतिक पुर्वाधार तथा संरचनाहरू निर्माणको काममा विपद् प्रभाव मुल्यांकन कार्यविधि निर्माण गर्ने,
- खोला, खोल्सी, पैनीको वहाव क्षेत्रको मापदण्ड निर्माण गरी कार्यान्वियन गर्ने,
- खानेपानी, सिंचाइ, दुर सञ्चार, सडक तथा विद्युत प्राधिकरणबीच समन्वय गरेर काम गर्ने व्यवस्था मिलाउने,
- सडकको क्षमता अनुसार सवारी सन्चालनको मापदण्ड तयार गरी लागु गर्ने,
- ब्यस्त चोक तथा वजारमा सडकपेटी निर्माण गर्ने,
- सार्वजानीक शैचालय तथा सार्वजनिक भवनहरू अपांगमैत्री, महिलामैत्री र जेष्ठ नागरिकहरूलाइ सहज हुने गरी वनाउने,
- वडा स्तरमा जोखिम न्यूनीकरणको योजना निर्माण गरी कार्यान्वयनका लागि नीजीक्षेत्रसं समन्वय र सहकार्य गर्ने,
- पूर्वाधार निर्माणमा सवैको पहुँच भन्ने अवधारणा राख्ने,
- वडास्तरमा तयार भएका नदी नियन्त्रणका लागि तटबन्धका योजनाहरूलाइ प्राथमिकताका साथ कार्ययोजना बनाइ कार्यान्वयन गर्ने।
- समग्र पालिकाको भुगोल नै कम्जोर तथा पहिरो जाने खालको भएको, तल तिर सरिरहेकोले भुगर्भविधहरूद्धारा अन्ययन गर्न जरूरी छ । र सो अनुसार वस्ती विकासको नीति लिन जरूरी छ ।
-

### ५.२.४ वन वातावरण तथा विपद ब्यवस्थापन

- समुदायका जोखिम क्षेत्रहरूको नक्शांकन प्रतिवेदनलाइ अध्यावधिक गर्ने,
- नगरपालिकाका निर्वाचित प्रतिनिधिहरू, कार्यरत कर्मचारीहरू र विषयगत क्षेत्र (क्लष्टर) का पदाधिकारीहरूलाइ विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन र आधारभुत मानवीय मापदण्डको विषयमा क्षमता विकास तालीम सन्चालन गर्ने,
- वडा स्तरका विपद ब्यवस्थापन समितिहरूलाइ विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन र आधारभुत मानवीय मापदण्डको विषयमा क्षमता विकास तालीम सन्चालन गर्ने,
- वडाको जनप्रतिनिधि, कर्मचारीहरू, टोल विकास संस्थाका अगुवाहरूलाइ विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन र आधारभुत मानवीय मापदणडहरूको वारेमा तालीम दिने,
- वडामा दोहोरिरहने विपदहरूको प्रतिकार्यको लागि अति प्रभावित वडाहरूमा र नगरको केन्द्रमा समुदायको सहभागितामा बाढी, भूकम्प र आगलगीको नियमित रूपमा नमुना अभ्यासहरू गर्ने,

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीति पत्र तयार गर्ने,
- विपद् प्रभावितहरूका लागि राहत वितरण मापदण्ड तयार गर्ने,
- आपतकालीन अवस्थामा तत्काल परिचालन गर्नका लागि वडास्तरमा स्वयम सेवक समुह गठन तथा क्षमता विकास गरेर तयारी हालतमा राख्ने र नजिकको प्रहरी र सेनासंग समन्वय गराउने,
- पानीको स्रोत नक्शांकन गर्ने र संरक्षणको लागि सामुदायिक सचेतनाको कार्यक्रम सच्नलन गर्ने र सिमसार क्षेत्र संरक्षण गर्ने,
- नगरपालिका भित्र रहेका मुख्य नदीहरूमा जोखिम अध्ययन गरी प्राथमिकताका आधारमा रत्तेनी नदीमा जस्तै तटबन्ध गरी संरक्षणका लागि वृक्षारोपण र संरक्षणको नमुना प्रदर्शन गर्ने,
- सबै वडामा कम्तीमा एक स्थानमा आधारभुत संरचना सहितको सुरक्षित स्थान निर्माण गर्ने,
- वडामा विपदको समयमा तत्काल सुचना संकलन गरी सम्प्रेसण गर्नका लागि द्रुत सर्वेक्षण टोली निर्माण र तालीम सञ्चालन गरी तयारी हालतमा राख्ने,
- समावेशी विपद् प्रतिकार्य प्रवर्द्धनका लागि सुत्केरी, गर्भवती, अपांगता भएका व्यक्ति, वाललालिका, दिर्घ रोगी तथा जेष्ठ नागरिकहरूको लागि आवश्यक खाद्यान्न तथा गैरखाद्य सामग्रि भण्डारण गर्ने,
- सबै वडाहरूमा खोज, उद्धार तथा प्राथमिक उपचारका सामग्री भण्डारण गर्ने।

### ५.१.५ सुशासन र संस्थागत विकास

- नगरपालिका स्तरमा स्थानीय विपद् व्यवस्थापन समितिको नियमित बैठक तथा आवस्यक निर्णयहरू गर्ने,
- वन वातावरण तथा विपद् व्यवस्थापन समितिसंग समन्वय गरी विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू विकास योजनामा समावेश भएको सुनिश्चत गर्ने,
- विपद् व्यवस्थापन शाखाका लागि आवस्यक सामग्री, दक्ष जनशक्ति र बजेटको व्यवस्थापन गर्ने,
- सबै वडाहरूमा विपद् पुर्वतयारी तथा प्रतिकार्य समिति निर्माण भएको सुनिश्चित गर्ने,
- युवा, आमा समूहहरुको विपद जोखिम व्यवस्थापन क्षमता अभिवृद्धि गरि क्रियाशील बनाउने र परिचालन गर्ने।
- वडा स्तरमा स्थापना गरिएको विपद ब्यवस्थापन कोषको सन्चालन कार्यविधि तयार गरी कार्यन्वयन गर्ने,
- विपद ब्यवस्थापनको क्षेत्रमा अन्तर वडा, अन्तरपालिका समन्वय वैठकहरूबाट साझा जोखिम पहिचान गरी साझा योजना निर्माण गरी कार्यन्वयन गर्ने,
- वडा विपद जोखिम वस्तुगत विवरणलाइ स्थानीय तहको योजना निर्माण प्रकृयाको एक आधारको रूपमा लिने ।
- संघ, प्रदेश तथा जल तथा मौसम विज्ञान विभागबाट जारी गरीएका पूर्वसुचनाहरूलाइ समुदाय सम्म नियमित प्रशारण गर्ने आधिकारिक संरचना तयार गर्ने ।

# खण्ड ६: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

## ६.१ विपद् तथा जलवायु उत्थानशीलका लागि एकीकृत क्रियाकलाप

फुङलिङ नगरपालिकाको उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यलाई प्राथमिकतामा राखी निम्नअनुसार क्रियाकलाप सञ्चालन गरिएको छ।

**तालीका नम्वर ४२: विपद् तथा जलवायु उत्थानशीलताका क्रियाकलापहरू**

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| १ | **वन वातावरण तथा विपद व्यवस्थापन** | | | | | |
| क | • विपद जोखिम ब्यवस्थापन वारेमा सचेतना अभिबृद्धि<br>• समुदायका जोखिम क्षेत्रहरूको नक्शांकन प्रतिवेदनलाइ नियमित अध्यावधिक गर्ने।<br>• नगर तथा वडा स्तरका विपद ब्यवस्थापन समिति तथा टोल विकास संस्था गठन गरी अगुवाहरूलाइ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभुत मानवीय मापदण्ड सम्बन्धि क्षमता विकासको तालीम प्रदान गर्ने।<br>• विपद् व्यवस्थापन समिति र स्वयंसेवकहरूलाइ २ दिने प्रारम्भिक द्रुत लेखाजोखा तालीम<br>• स्थानीय आपतकालीन कार्यसन्चालन सम्वन्धी स्थानीय विपद ब्यवस्थापन समितिलाइ ३ दिने तालीम।<br>• विपद ब्यवस्थापन समितिका पदाधिकारहरूलाइ मानवीय मापदण्ड सम्वन्धी ३ दिने तालीम। | नविब्यस, कार्यपालिका | १० | ५ | ५ | २०७९/०८० निरन्तर |
| ख | **विपद जोखिम ब्यवस्थापनका लागि साशकीय सुधार तथा आधारभुत संस्थागत संरचना निर्माण र परिचालन**<br>• नगर स्तरीय विपद ब्यवस्थापन समिति गठन तथा परिचालन<br>• वडा स्तरमा विपद ब्यवस्थापन समिति गठन तथा परिचालन<br>• टोल स्तरमा विपद ब्यवस्थापन समिति गठन तथा परिचालन (उच्च जोखिम क्षेत्रमा)<br>• नगर स्तरमा सुचना, समन्वय र सर्वेक्षण कार्यदल, खोज उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल र राहत वितरण कार्यदल गठन गर्ने (कम्तीमा २५ जना)<br>• वडा स्तरमा द्रुत लेखाजोखा समिति गठन | नगर सभा, कार्यपालिका तथा विपद ब्यवस्थापन समिति | २० | १५ | ५ | २०७९/०८० |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • स्थानीय आपतकालीन कार्यसन्चालन केन्द्र स्थापना र सञ्चालनका लागि स्थानीय आपतकालीन कार्यसन्चालन केन्द्र सञ्चालन कार्यविधि निर्माण।<br>• आपतकालीन अवस्थामा तत्काल परिचालनका लागि वडामा एक स्वयम सेवक समुह गठन र क्षमता विकास तालीम र नजिकको प्रहरी र सेनासंग समन्वय गर्ने।<br>**नीतिगत सुधार**<br>• पानीको मुहानहरुका नक्शांकन गर्ने र संरक्षणको लागि सामुदायिक सचेतनाको कार्यक्रम सच्नलन गर्ने।<br>• सिमसार क्षेत्र संरक्षण गर्ने।<br>• स्थानीय विपद न्यूनीकरण तथा ब्यवस्थापन ऐनलाइ लैंगिकमैत्री वनाउन परिमार्जन गर्ने।<br>• स्थानीय विपद न्यूनीकरण रणानीतिक योजना निर्माण गर्ने।<br>• जोखिम ब्यवस्थापनका लागि नगर स्तरीय दुर संवेदनशील भुउपयोग योजना निर्माण गर्ने।<br>• विपद् व्यवस्थापन कोष परिचालन निर्देशिकालाइ ७० प्रतिशत जोखिम न्यूनीकरणमा खर्च गर्न पाउँने गरी परिमार्जन गर्ने ।<br>• विपद् प्रभावितहरूका लागि लैंगिकमैत्री राहत मापदण्ड तयार गर्ने । | | | | | |
| **ग** | **विपद जोखिम ब्यवस्थापनको क्षेत्रमा नीजि क्षेत्रको लगानी प्रवर्द्धन**<br>• नगरपालिकाको विकास र भौतिक पूर्वाधार समेतलाई दृष्टिगत गरी सम्भावित आगलागीको सामना गर्न मौजुदा वारुणयन्त्रको प्रणाली र क्षमतालाई सुदृढ बनाउने ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा नीजि क्षेत्रको परिचालन गर्ने। | कार्यपालिका, विपद ब्यवस्थापन समिति | १० | १० | ० | २०७९ देखि निरन्तर |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • नदि क्षेत्र संरक्षण, तटबन्ध र वहाव नियन्त्रणका लागि नीजि क्षेत्रसंग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने। | | | | | |
| घ | **प्रभावकारी पूर्वतयारी**<br>• स्थानीय आपतकालीन कार्यसन्चालन केन्द्र सन्चालन कार्यविधि निर्माण<br>• नगरपालिकाको आफ्नै विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रदेश र संघीय सरकारबाट सञ्चालित सूचना प्रणालीसँग सञ्जालीकरण गर्ने। (विपद पोर्टल र राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र)<br>• वडामा कम्तीमा एक स्थानमा आधारभुत संरचना सहितको सुरक्षित स्थान निर्माण गर्ने ।<br>• वडामा खोज तथा उद्धारका सामग्री भण्डारण गर्ने।<br>• विपद् प्रतिकार्यलाइ लैगीकमैत्री वनाउन सुत्केरी, गर्भवती, अपांगता भएका व्यक्ति, वाललालिका तथा जेष्ठ नागरिकको लागि आवश्यक खाद्य तथा गैरखाद्य सामग्रि भण्डारण गर्ने।<br>• वडामा बारम्बार बाढी, आगलागी, पहिरो लगायतका विपदहरूको प्रतिकार्यको लागि उच्च जोखिममा रहेका टोलहरूलाइ केन्द्रित समुदायको सहभागितामा गरेर बाढी, आगलागी, भूकम्पको नमुना अभ्यासहरू नियमित गर्ने । | नविब्यस, कार्यपालिका, नगरसभा | १५ | १० | ५ | २०८० |
| २ | **आर्थिक विकास** | | | | | |
| क | **आर्थिक विकासमा विपद जोखिमका प्रभाव वारेमा वुझाइमा विकास**<br>• नगर भित्र रहेका कृषक समूहहरू र अगुवा कृषकहरूलाइ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि आधारभुत तालिम<br>• स्थानीय स्तरमा उन्नत विउ संरक्षण र उत्पाद र भण्डारका लागि कृषकहरूलाइ जागरूक बनाउने। | कार्यपालिका, नगरसभा, नगर विपद व्यवस्थापन समिति | २० | १५ | ५ | दीर्घकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • किसानहरूको जलवायु अनुकुलन कृषि प्रणालि सुधारका लागि छलफल सञ्चालन र प्रकोप पात्रो र बाली पात्रोको सामाञ्जस्यता कायम हुने गरी खेतिपाती गर्ने।<br>• संघ, प्रदेश तथा जल तथा मौसम विज्ञान विभागबाट जारी गरीएका पूर्वसुचनाहरूलाइ समुदायसम्म नियमित प्रशारण गर्ने आधिकारिक संरचना तयार गर्ने ।<br>• कृषकलाइ ब्यवस्थित र योजनावद्ध ब्यावसायिक खेती सम्वन्धी क्षमता विकास तालीम।<br>• नियमित रूपमा किसानहरूको सहज पहुँच हुने गरी बुझ्ने भाषामा मौसम सम्बन्धी जानकारी प्रदान गर्ने<br>• विपदबाट क्षति भएको धन मालको वडा स्तरमा तत्थांकको नियमित अभिलेखीकरण र नगरपालिका मार्फत विपद् पोर्टलमा नियमित अध्यावधिक गर्ने।<br>• प्राकृतिक चिस्यान केन्द्र निर्माणका लागि साना कृषकहरूलाइ अनुदान कार्यक्रम<br>• आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचार पाउन सक्ने गरी वडामा अवस्थित स्वास्थ्य चौकीको भोतिक संरचना र मानव स्रोतहरूको स्तरउन्नती गर्ने ।<br>• कृषिवालीमा लाग्ने रोग किरा नियन्त्रणको लागि कृषि समुहमा प्रशिक्षण सन्चालन<br>• कृषकहरूलाइ प्रांगारिक विषादी वनाउने तालीम | | | | | |
| ख | **आर्थिक विकासका लागि विपद ब्यवस्थापनमैत्री शासकीय पद्धतीमा सुधार**<br>• पशु तथा कृषि विमालाइ नगरमा व्यवस्थित रूपमा लागु गर्न अगुवा कृषकहरू सहितको नगर स्तरीय संयन्त्र निर्माण गरी व्यवस्थित र योजनावद्ध अनुदानको ब्यवस्थापन गर्ने।<br>• वडा स्तरको विपद ब्यवस्थापन समितिहरू, CRT, RRT लाइ सकृय गराउने। | कार्यपालिका, नगरसभा, नगर विपद ब्यवस्थापन समिति | १० | १० | ० | दीर्घकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • कृषि ज्ञान केन्द्रहरूको स्तरोन्नती र कृषकको सरल पहुँचको व्यवस्थापन गर्ने।<br>• महिला, अपाङ्गता भएका व्यक्ति लगायत पछाडि पारिएका समुदायको आर्थिक उपार्जनका लागि सिप र आयमुलक कार्यक्रम सञ्चालन।<br>• बालीनाली, तरकारी, पशुपंक्षी, फलफुल खेतीको पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन<br>• पर्या-पर्यटन विकासका लागि वृहत अध्ययन गरी अध्ययनको सिफारिस अनुसार योजना तर्जुमा | | | | | |
| ग | **निजि क्षेत्रलाइ विपद ब्यवस्थापनमा लगानी प्रवर्द्धनमा प्रोत्साहन**<br>• नगरको उत्थानशील आर्थिक विकासका लागि बैंक तथा वित्तीय क्षेत्रलाइ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा लगानी गर्न समन्वय र सहकार्य।<br>• सुलभ तरिकाबाट ऋण प्रवाह र प्राकृतिक विपद् वा आपतकालीन अवस्थामा जोखिम बहन प्रणालि लागु गर्ने।<br>• कृषकहरूका लागि कृषिमा रोगकिरा नियन्त्रण सम्पन्धी परामर्स सेवा केन्द्र सन्चालन गर्ने<br>• विपद ब्यवस्थापनको स्थानीय संरचनाहरूमा नीजिक्षेत्रको संलग्नता र सहभागिता। | | | | | |
| **घ** | **विपद पछिको सुदृढ आर्थिक विकासका लागि क्षमता विकास कार्यक्रम**<br>• विपदबाट क्षति भएको बालीनाली, जग्गा जमिनको तथ्यांकको नियमित अभिलेखीकरण र विपद् पोर्टलमा नियमित अध्यावधिक गर्ने।<br>• कृषि, फलफुल तथा पशुपंक्षी, माछापालन क्षेत्रमा हुने सम्भावित क्षतिका लागि राहत तथा पुनर्लाभका कार्यक्रमहरू नगर कृषि तथा पशु विकास शाखाको अगुवाइमा योजना निर्माण गरी लागु गर्ने।<br>• आर्थिक क्षेत्रमा हुनसक्ने जोखिम न्यूनिकरणका लागि जोखिम बहन योजना निर्माण। | कार्यपालिका, नगरसभा, नगर विपद ब्यवस्थापन समिति | ५ | ५ | ० | दीर्घकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| ३ | **सामाजिक विकास** | | | | | |
| क | **दिगो विकासका लागि सामाजिक समुहहरूलाइ विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका वारेमा वुझाइ प्रवर्द्धन कार्यक्रम**<br>• विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका विषयमा टोल विकास संस्थाहरूलाइ नियमित क्षमता विकासको तालीम।<br>• विपद् पूर्व सूचना प्रणालि स्थापना, संयन्त्र निर्माण र सन्देश निर्माण तथा सम्प्रेषण।<br>• विद्यालयहरूमा वृहत विद्यालय सुरक्षा कार्यक्रम कार्यान्वयन मार्फत विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन र जलवायु परिवर्तन सम्वन्धी सचेतना।<br>• स्थानीय पाठ्यक्रम र अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यालयहरूमा नियमित रूपमा उत्थानशील शिक्षा प्रवर्द्धन गरी सुरक्षित संस्कृतीको विकास।<br>• हरेक विद्यालयमा आपतकालीन स्वास्थ्य सेवाका लागि प्राथमिक उपचार वाकस र उद्धार सामग्री ब्यवस्थापन गर्ने।<br>• नगरभित्र रहेका विभिन्न समुहहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अवधारणाको विस्तार।<br>• महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, दिर्घ रोगी, जेष्ठ नागरिक र लक्षित समुह पहिचान गरी तथ्याङ्क अध्यावधिक गर्ने र उनिहरूको सहभागितामा विपद् जोखिम न्यूनीकरणका क्रियाकलाप सञ्चालन गर्ने। | कार्यपालिका, विपद ब्यवस्थापन समिति | १५ | १० | ५ | दीर्घकालीन |
| ख | **सामाजिक विकास र विपद जोखिम ब्यवस्थ्पनमा सुशासन**<br>• विद्यालयहरूमा विद्यालय क्षेत्र सुधार कार्यक्रमले निर्दिष्ट गरे अनुरूप वृहत विद्यालय सुरक्षा कार्यक्रम लागु गर्ने, | विपद ब्यवस्थापन समिति | १० | ५ | ५ | दीर्घकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • विद्यालय विपद् व्यवस्थापन समिति गठन गर्ने, विद्यालय क्षेत्रको जोखिम पहिचान गर्ने, विपद् फोकल शिक्षकको व्यवस्था गर्ने, सहभागितात्मक रूपमा पहिचान भएका जोखिम न्यूनीकरणका लागि विद्यालय सुरक्षा योजना निर्माण गरी विद्यालय सुधार योजनामा समावेश गर्ने, कार्यन्वयन गर्ने र नियमित रूपमा अध्यावधिक गर्ने।<br>• स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाहरूमा CRT, RRT लाइ व्यवस्थित रूपमा क्षमता अभिवृद्धि गरी सम्भावित विपद्का समयमा परिचालनका लागि तयार राख्ने।<br>• नगर क्षेत्रभित्र रहेका महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, दिर्घ रोगी, जेष्ठ नागरिक र लक्षित समुहहरूको सहभागितामा संरक्षणका योजना बनाउने। | | | | | |
| ग | **सामाजिक विकासमा नीजिक्षेत्रको जोखिम ब्यवस्थापनमा लगानी प्रवर्द्धन**<br>• प्रत्येक वडाहरूले वडा विपद जोखिम वस्तुगत विवरणको नियमित अध्यावधिक गर्ने।<br>• नगर क्षेत्रभित्र रहेका मिडियाहरूसंग समन्वय गरी संघ, प्रदेश तथा जल तथा मौसम विज्ञान विभागबाट जारी गरीएका पूर्वसुचनाहरूलाइ समुदायसम्म नियमित प्रशारण गर्ने आधिकारिक संरचना तयार गर्ने।<br>• विद्यालयमा भौतिक तथा शैक्षिक सुधार र विपद् सुरक्षा प्रवर्द्धन कार्यक्रममा निजिक्षेत्रसंग सहकार्य गर्ने<br>• वृद्धाश्रम, वाल सुधार गृह, आश्रयस्थल, सामुदायिक भवन जस्ता संरक्षण तथा सुरक्षाका क्रियाकलापमा नीजि क्षेत्रको संलग्नता बढाउने। | ब्यवस्थापन समिति | १५ | १० | ५ | दीर्घकालीन |
| घ | **विपद पछिको सुदृढ विपद ब्यवस्थापनमैत्री सामाजिक विकास प्रवर्द्धन** | कार्यपालिका, विपद ब्यवस्थापन समिति | २० | १५ | ५ | दीर्घकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • नगर शिक्षा शाखाको अगुवाइमा शिक्षा क्लष्टरको योजना निर्माण,<br>• विद्यालयहरूमा विपद् व्यवस्थापन समिति निर्माण गरी परिचालन गर्ने ।<br>• विद्यालयका कक्षाकोठाहरूमा सरूवारोग ब्यवस्थापनमैत्री (physical distancing) वसाइ व्यवस्थापन प्रवर्द्धन गर्ने ।<br>• महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको अगुवाइमा वडा भित्रका अपांगता भएका मानिसहरू, वृद्धबृद्धा सुत्केरी, गर्भवती तथ्यांक नियमित अध्यावधिक गर्ने र संरक्षण तथा सुरक्षाको योजना निर्माण।<br>• स्वास्थ्य शाखाको अगुवाइमा स्वास्थ्य सम्बन्धि तथ्यांक तथा सूचना अध्यावधिक गरी CRT, RRT, लाइ आवस्यक सामग्री व्यवस्थापन गर्ने र स्वास्थ्य क्लष्टरको योजना निर्माण गर्ने। | | | | | |
| ४ | **भौतिक पूर्वाधार विकास** | | | | | |
| क | **पूर्वाधार विकास र विपद जोखिम ब्यवस्थापनका वारेमा वुझाइ अभिबृद्धि**<br>• भवन निर्माण संहिता र भवन मापदण्डको समुदाय स्तरमा सचेतनाका कार्यक्रम गर्ने ।<br>• दुर्घटनाग्रस्त क्षेत्रहरूमा सडकसुरक्षा र प्रयोग वारेमा वोर्ड राख्ने।<br>• जंगली जनावरबाट सचेत बनाउन पुर्व सूचना प्रणालिको विकास गर्ने | कार्यपालिका, विपद ब्यवस्थापन समिति, नगरसभा | ५ | ५ | ० | अल्पकालीन र निरन्तर |
| ख | **दीगो पूर्वाधार विकासका लागि विपद जोखिम ब्यवस्थापन मैत्री शासकीय सुधार**<br>• पालीका क्षेत्रभित्रको भवन निर्माण मापदण्ड र अन्य संरचनाहरू निर्माण मापदण्ड तर्जुमा गरी लागु गर्ने।<br>• निर्माणको काममा विपद् प्रभाव मुल्यांकन कार्यविधि तर्जुमा गरी लागु गर्ने।<br>• खोला, नदी, खोल्सी, खहरे र कुलोको वहाव क्षेत्रको मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने। | कार्यपालिका, विपद ब्यवस्थापन समिति, नगरसभा | ५ | ५ | ० | अल्पकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • सडकको क्षमता अनुसार सवारी सन्चालनको मापदण्ड तयार गरी लागु गर्ने ।<br>• खोला, खोल्सीहरूको वहाव सभ्यताको नियमितताको निम्ती बार्षिक रूपमा सफा गर्ने चलन स्थानीय स्तरमा वसाल्ने ।<br>• सुकेटार विमानस्थलसंग जोडीएका खोला खोल्सीसंग सम्वन्धित वडा तथा वस्तीहरू वीचमा सवन्वय गराइ जोखिम न्यूनीकरणको एकिक्रीत योजना वनाइ कार्यान्वयन गर्ने ।<br>• | | | | | |
| ग | **पुर्वाधार विकासमा जोखिम ब्यवस्थापनका लागि निजि क्षेत्रको लगानी अभिबृद्धि**<br>• खानेपानी, सिंचाइ, सडक तथा विद्युत कार्यालय बीचको काममा समन्वय गरेर काम गर्ने वातावरण सिर्जना गर्ने।<br>• वडा स्तरमा जोखिम न्यूनीकरणको योजना निर्माण गरी नीजीक्षेत्रसं समन्वय र सहकार्य गर्ने<br>• ब्यस्त चोक र वजारमा सडकपेटी निर्माण गर्ने ।<br>• सार्वजानिक शैचालय तथा भवनहरू अपांगमैत्री र महिलामैत्री वनाउने।<br>• आगलागीको सम्भावित क्षति न्यून गर्नका लागि भान्सा कोठा सुरक्षा व्यवस्थापनका लागि प्रत्येक टोलका महिलाहरूलाइ तालिम दिने ।जस्तै ग्यासको आगो निभाउने तरीका र सामग्रीहरू, विजुलीको आगो निभाउने तरीका र सामग्रीहरूको वारेमा महिलाहरूलाइ प्रशिक्षण ।<br>• आगलागीको जोखिम कम गर्न नगरपालिकाले खरको छाना विष्थापनका लागि क्रमागत कार्यक्रम सन्चालन गर्ने ।<br>• नगरपालिका भित्र रहेका सबै खोला नदी तथा खहरेहरूको नक्सांकन र अध्ययन गरी प्राथमिकताका आधारमा वडा विपद् व्यवस्थापन योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरू सञ्चालन | कार्यपालिका, विपद ब्यवस्थापन समिति | ८ | ५ | ३ | दीर्घकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| घ | **विपद पछिको सुदृढ विपद ब्यवस्थापनमैत्री पूर्वाधार विकास प्रवर्द्धन**<br>• पुनस्थापना, पुननिर्माणका लागि अझ राम्रो र झन वलियो अवधारणा विकास गर्ने,<br>• भौतिक संरचना तथा पूर्वाधारहरूको क्षति लेखाजोखाका लागि संयन्त्र र नीति, विधि, तथा आवस्यक फर्मेटहरू (IRA, MIRA) विकास गर्ने दक्ष जनशक्ति तयार गरी राख्ने।<br>• विपद् पश्चात गरिने प्रारम्भिक द्रुत लेखाजोखा र विषयगत क्षेत्र द्रुत लेखाजोखा (IRA, MIRA) आवस्यकता लेखाजोखाका लागि आवस्यक तयारी गर्ने।<br>• भवन, संरचना र पूर्वाधारको तत्काल पुनस्थापना र पुननिर्माणका लागि आवस्यक सिकर्मी, डकर्मी लगायतका दक्ष जनशक्ति तयार गरी राख्ने।<br>• विपद्को अत्यन्तै नाजुक अवस्थाको परिकल्पना गरी तत्काल उद्धार, आश्रयस्थल आदिका लागि योजना निर्माण गर्ने।<br>• नगरक्षेत्र भित्रका सम्भावित पहिरोको उच्च जोखिममा रहेका परवारहरूको पहिचान गरी स्थानान्नतरणका लागि प्रदेश तथा संघीय सरकार लगाएत सम्वन्धित निकायहरूसंग तत्काल समन्वय गर्ने ।<br>• वजार क्षेत्रमा ढल निकास जस्ता विकासको कामहरू गर्दा तल्लो तटीय क्षेत्रलाइ असर नगर्ने विधि तथा संरचनाहरू निर्माण गर्ने ।<br>• जंगल फडानी (गोलीया) को कारण पहिरो वढेकोले जंगल फडानी पछि तत्काल माटो समाउँने जातका घाँस, झार तथा वृक्षारोपण गर्ने कुरामा समुदायलाइ सचेत गराउने । | कार्यपालिका, विपद ब्यवस्थापन समिति | ३० | १५ | १५ | दीर्घकालीन |
| ४ | **संस्थागत सुदृढिकरण** | | | | | |
| क | **विपद जोखिम वुझाइ बढाउँन मौसम पूर्वानुमान सम्प्रेषण गर्ने:** | विपद् व्यवस्थापन शाखा | १ | १ | ० | अल्पकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | • मानवजीवन, खेतीपाती, पर्या-पपर्यटन र अन्य व्यवसायलाई समेत लक्षित गरी सबै प्रकारका मौसमी गतिविधिको पूर्वसूचना प्रणालीलाई सरल र सबैले बुझ्ने भाषामा सम्प्रेषण गर्ने।<br>• खोला नदीको Right of way पहिचानका लागि नापी नक्सा तयार गर्ने र नदी किनारका उकास वा पर्ती जग्गाको लगत तयार गर्ने।<br>• जलवायु परिवर्तन र यसले पारेको प्रभाव अध्ययन, अनुसन्धान गरी जोखिम सूचना प्रणालि तयार गर्ने | | | | | |
| ख | **संस्थागत विकासका लागि विपद् जोखिम शासकीय पद्धतिको विकास**<br>• नगरपालिका अन्तर्गत विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण सम्बन्धी नियमित जानकारी र ज्ञान प्रवाहका लागि सिकाईका गतिविधिलाइ आपतकालिन कार्यसञ्चालन केन्द्रमार्फत ब्यवस्थित गर्ने।<br>• नगरपालिकामा स्थापित गरिने आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई स्रोत, साधनयुक्त र क्रियाशील बनाएर प्रदेश र केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालीकरण गर्ने। | विपद् व्यवस्थापन शाखा | ५ | ५ | ० | अल्पकालीन |
| ग | **विपद जोखिम ब्यवस्थापनको संस्थागत विकासका लागि नीजिक्षेत्रको लगानी प्रवर्द्धन गर्ने**<br>• विपद् जोखिम व्यवस्थापनका लागि नगरपालिका विषयगत शाखा र वडाहरू, उद्योग, व्यापार, सञ्चार र नागरिकको भूमिका र जिम्मेवारी निर्धारण गर्ने | कार्यपालिका | ० | ० | ० | पैसा नलाग्ने |
| घ | **जोखिम ब्यवस्थापनको संस्थागत विकासका लिग प्रभावकारी पूर्वतयारी**<br>• विपदमा परेर घाइते भएका व्यक्तिको तत्कालीन उपचारका लागि दक्ष उपचारकर्मी, उपचार सामग्री सहित उपचार स्थलको उपलब्धता सुनिश्चित गर्ने।<br>• नगरपालिकाको विकास र भौतिक पूर्वाधार समेतलाई दृष्टिगत गरी सम्भावित आगलागीको | विपद ब्यवस्थापन समिति, कार्यपालिका | ५ | ५ | ० | अल्पकालीन |

| क्रसं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट (रु.लाख) | | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कूल बजेट | आन्तरिक | बाह्य | |
| | सामना गर्न मौजुदा वारुणयन्त्रको प्रणाली र क्षमतालाई सुदृढ बनाउने ।<br>• नगरपालिकाको आफ्नै विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी केन्द्र र प्रदेश सरकारबाट तयार सूचना प्रणालीसँग सञ्जालीकरण गर्ने। (विपद पोर्टल, आपतकालिन कार्य सञ्चालन केन्द्र)<br>• संघीय सरकार, प्रदेश सरकार, अन्तरस्थानीय तह, शाखा, सरोकारवाला निकायबीच विपद् जोखिम व्यवस्थापन, पूर्वतयारी एवं आपत्कालीन समयमा खोज, उद्धार र मानवीय सहायतालाई प्रभावकारी बनाउन विशेष समन्वय संयन्त्रको स्थापना गर्ने।<br>• विपद व्यवस्थापनको क्षेत्रमा अन्तर वडा, अन्तर पालिका समन्वय बैठकहरूबाट साझा जोखिम पहिचान गरी साझा योजना निर्माण गरी कार्यन्वयन गर्ने । | | | | | |

# खण्ड सातः विपद् व्यवस्थापन (विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना) का क्रियाकलापहरु

## ७.१ विषयगत क्षेत्र (Cluster) परिचय

विपद् प्रभावित व्यक्ति, परिवार र समुदायहरुलाई आधारभुत मानवीय सेवा उपलब्ध गराउनका लागि विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्य जिम्मेवारीको बाँडफाँट नै विषयगत क्षेत्र हो। मानवीय सेवाहरुलाई ब्यवस्थित गर्न विषयगत क्षेत्र सन् २००५ देखि शुरु भएको हो। संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८ मा स्थानीय तहहरुको लागि जारी गरेको निर्देशिका अनुसार स्थानीय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको लागि ८ वटा विषयगत समितिहरुको परिकल्पना गरेको छ। विशेषज्ञता हासिल गरेका समूहले आ-आफनो क्षेत्रको जिम्मेवारी लिदा मानवीय सहयोगको कार्य व्यवस्थापन र प्रभावकारी वन्छ। क्षेत्रगत अवधारणाको प्रमुख विषेशज्ञता देहाय अनुसार रहेका छन् ।

१. विपद्को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ।
२. विपद् प्रतिकार्य, खोज, उद्धार र राहत व्यवस्थापन प्रकृयामा विशेषज्ञताको प्रयोग हुन्छ।
३. मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी वनाउँने कार्यलाई सुनिश्चित गर्छ।
४. मानवीय सहयोगको क्षेत्रको पहिचान गरी त्यस अनुरुप सहयोगको खाका तयार गर्छ।
५. प्रतिकार्यमा देखिएको कमि कम्जोरीहरुमा सुधार गरी कार्ययोजनाको समिक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ।

## ७.२ विषयगत क्षेत्रको उद्देश्य

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहाय अनुसार रहेका छन्

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
२. आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,
३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,
४. समन्वय र समझदारी अभिवृद्धि गर्नु,
५. क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु।

## ७.३ विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू

यस योजनामा निम्नअनुसार ८ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन् ।

१. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र
२. खाद्य तथा कृषि क्षेत्र
३. स्वास्थ्य तथा पोषण क्षेत्र
४. खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र
५. आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र
६. संरक्षण तथा सुरक्षा क्षेत्र
७. आपतकालीन शिक्षा क्षेत्र
८. शीघ्रपुनर्रलाभ क्षेत्र

## ७.४ विषयगत समितिहरुको विपद् व्यवस्थापनको लागि पुर्वतयारीका कृयाकलापहरु

### ७.४.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

| सि नं | निकाय वा संस्था | नामथर | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | नगरपालिका (नगर प्रमुख) | अमिर मादेन | संयोजक | ९८४२६६०४८० |
| २ | प्रमुख प्रशासकीय अधिकृत (फुङलिङ नपा) | तिलोचन रिमाल | सदस्य | ९८५२६२२१११ |
| ३ | नगरपालिका विपद व्यवस्थापन संयोजक | मोहन न्यौपाने | सदस्य | ९८५२६८१६०९ |
| ४ | नगरपालिका सूचना शाखा प्रमुख | महेश मिश्र | सदस्य | ९८४२६४२४८२ |
| ५ | तोकिएका महिला जनप्रतिनिधि | सीता नेपाल | सदस्य | ९८४२६४२९६४ |
| ७ | प्रहरी प्रमुख, नेपाल प्रहरी चौकी | जिल्ला कार्यालय ताप्लेजुङ | सदस्य | ०२४४६०१९९ |
| ८ | ससस्त्र प्रहरी वल प्रतिनिधि | कंचनजघा गुल्म ताप्लेजुङ | सदस्य | ०२४४६०५७० |
| ९ | विद्यालय प्रतिनिधि प्रअ/विपद् सम्पर्क व्यक्ति | किशोर राई | सदस्य | ९८४२६६०६५० |
| १० | रेडक्रस प्रतिनिधि | विकास गौतम | सदस्य | ९८५२६६००६० |
| ११ | स्थानीय गैसस प्रतिनिधि | खडगविक्रम सुवेदी | सदस्य | ९८४२६६०३६४ |

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको क्षेत्रगत उद्देश्य**

१. विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय गर्ने

२. निर्धारित समयभित्र तथ्य तथ्यांकहरुको विवरण तयार गर्ने र आवश्यकताको पहिचान र सूचना आदान प्रदान गर्ने ।

३. सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई चुस्त वनाउने ।

४. नियमित रूपमा अनुगमन गरी विषयगत समितिहरुलाई पृष्ठपोषण दिनु ।

५. प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार जिल्ला, प्रदेश र संघीय स्तरमा सम्पर्क र समन्वय गर्नु ।

६. आपत्कालीन खोज तथा उद्धार गरी मानवीय क्षति न्यून गर्ने ।

७. प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्नु ।

**तालीका नम्वर ४३ः समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वतयारी योजना**

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| १ | • स्थानीय सरोकारवालाहरुको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजनाः मनसुन प्रारम्भ हुनुअघि पूर्वतयारी बैठक गर्ने। नगरपालिकाको जोखिमपूर्ण वस्तीहरुको पहिचान, घरधुरी, जनसंख्याको तथ्यांकहरु अध्यावधिक गर्ने गर्न लगाउँने।<br>• कम्तीमा द्रुत सर्वेक्षण टोली गठन गर्ने र द्रुत सर्वेक्षण सम्वन्धी २ दिने तालीम दिइ तयारी हालतमा राख्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र | सवै क्षेत्रका प्रमुख, सरोकारवाला निकायहरु, सुरक्षा निकाय, गैसस | पहिलो वैठक असारको दोश्रो हप्ता भित्र क्षेत्रगत समिक्षा र अन्तिम कार्यशाला असार मसान्त भित्र | १० (चिया नास्ताको लागि (यसमा अन्य विकास साझेदारहरुलाई पनि समन्वय गरी साझेदारी गर्नसकिन्छ।) |
| २ | वडा स्तरमा प्रकोपको जोखिम नक्शा तयार गरी आवश्यकता अनुसारको क्षेत्रहरुमा होर्डिङ वोर्ड राख्ने । | ,, ,, | सरोकारवाला निकायहरु, वडा कार्यालय, गैसस | मनसुन पूर्व | ५० |

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| ३ | विपद पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विकास साझेदार तथा निकायहरुको सुचि तयार गरी अध्यावधिक राख्ने । | ,, ,, | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | प्रभावितहरूको विस्तृत विवरण संकलन गर्दा सुत्केरी , ,गर्भवती बालबालिका, अपांगता भएका व्यक्ति , जेष्ठ नागरिकहरूको विवरण अनिवार्य ,एकल महिला समावेश गर्ने गरी फारमहरू विकास गर्ने । | ,, ,, | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल |
| ५ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) र बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने र यसका लागि फाराम र प्रकृयागत कार्यविधिहरू तयार गर्ने | ,, ,, | नगरपालिका, विषयगत क्षेत्र प्रमुहहरु, गैसस, पत्रकार | मनसुन पूर्व | आवश्यकता हेरेर विकास साझेदारसंग साझेदारी गर्ने |
| ६ | मनसुन पूर्वतयारीको लागि आश्यक (बाढी, हुरीवतास, आगलागी, भुकम्प, महामारी) चेतनामुलक रेडियो जिंगल तथा पम्प्लेटहरु तयार गरी स्थानीय भाषामा प्रसारण गर्ने । | ,, ,, | नगरपालिका, अन्य सरोकारवाला निकाय तथा गैसस, टेलिकम, एनसेल | मनसुनको अवस्था अनुसार | १०० |
| ७ | नगरपालिकामा आपतकालिन कार्यसन्चालन केन्द्र स्थापना गर्ने । | ,, ,, | नगरसभा, कार्यपालिका | मनसुन पूर्व | संस्थागत पहल |
| ८ | विस्थापितहरुको पहिचानका लागि आवश्यक संख्यामा परिचयपत्र छपाई गरी तयारी अवस्थामा राख्ने | ,, ,, | नगरपालिका, वडा समिति, गैसस | मनसुन पूर्व | १० |
| ९ | विपद् व्यवस्थापन समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई विपद् तथा आधारभुत मानवीय सहायताका मापदण्ड सम्वन्धी तालीम दिने । | ,, ,, | नगरपालिका, गैससहरु | मनसुन पूर्व | ५० |
| १० | प्रत्येक घर तथा सार्वजनिक स्थानहरुमा हातधुने अभ्यासलाई संस्थागत गर्न हेण्डवास स्टेसनहरु राख्नको लागि सचेतनाको कार्यक्रम सहित अभियान सञ्चालन गर्ने । | ,, ,, | नगरपालिका, गैससहरु विद्यालयहरु | निरन्तर | वडा कार्यलय तथा विकास साझेदारहरुसंग समन्वय गर्ने |
| ११ | बाढी, भूकम्प, आगालागी, शीतलहर, महामारी, हावाहुरी आदिको विषयमा समुदायमा पूर्वसूचना तथा चेतावनी प्रणालीको प्रसारण सामग्री तयार गर्ने। मोवाइल म्यासेजमा र भ्वाइस म्यासेजमा खवर गर्ने प्रणाली विकास गर्ने । | ,, ,, | नगरपालिका, गैससहरु विद्यालयहरु | मनसुन पूर्व | १०० |
| १२ | तपसिल वमोजिमको मानव समंसाधन विकास तथा व्यवस्थापन गर्ने ।<br>• प्रत्येक वडा र सङ्कटासन्न समुदायमा उद्धारकर्मी तथा प्राथमिक उपचारक टोली तयार गर्ने ।<br>• प्रारम्भिक द्रुत लेखाजोखा टोली | ,, ,, | वडा समिति, सुरक्षा निकाय, गैससहरु | मनसुन पूर्व | २०० क्षमता विकासको लागि अन्य विकास साझेदारहरुसंग समन्वय गर्ने |

<table>
<tr><th>क्रस</th><th>पूर्वतयारीको कृयाकलापहरु</th><th>नेतृत्व</th><th>सहयोगी निकाय तथा संस्था</th><th>समय</th><th>अवश्यक वजेट रु हजारमा</th></tr>
<tr><td></td><td>• गठन भएका सबै कार्यदलको द्वैमासिक बैठक गरी मनसुन प्रकोपको पूर्वतयारी योजना तयार गर्न लगाउने ।</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td>बाढी, आगलागी तथा भूकम्पको समयमा आवश्यक खोज तथा उद्धारको सामग्रीहरु पहिचान गर्ने र स्थानीय सुरक्षा निकायमा भण्डारण गर्ने ।<br>सन्दर्भः बाढी, आगलागी, भूकम्प
<table>
<tr><td>हातेमाइक</td><td>Fire globs</td><td>कम्वल</td></tr>
<tr><td>टर्च</td><td>स्टेचर २ पिस</td><td>त्रिपाल २ पिस</td></tr>
<tr><td>हेलमेट</td><td>टेण्ट, (उद्धार टोलीको लागि )</td><td>रजिष्टर १</td></tr>
<tr><td>घन</td><td>चस्मा</td><td>डटपेन १</td></tr>
<tr><td>पिक, वन्चरो</td><td>रवर म्याटेस १० पिस</td><td>Fire blanket</td></tr>
<tr><td>नाइलन डोरी मिटर</td><td>फायर रोप ल्याडर</td><td>Fire boot</td></tr>
<tr><td>गमवुट</td><td>गल</td><td>Fire shoot</td></tr>
<tr><td>अग्नी सामन यन्त्र</td><td>बोल्ट कटर</td><td>रेस्क्यु भेस्ट</td></tr>
</table></td><td>" "</td><td>नगरपालिका, विकास साझेदार</td><td>२०७८ चैत्र मसान्त भित्रमा</td><td>५००</td></tr>
<tr><td>१४</td><td>स्थानीय सामग्रीहरुको प्रयोगबाट खोज उद्धारको लागि आवश्यक सामग्री तयार गर्ने प्रशिक्षणहरु सन्चालन गर्ने। जस्तै आगलागीको लागि (फायर बिटर र पानी पम्प तथा पोखरीबाट पानीको व्यवस्था आदी)</td><td>,, ,,</td><td>नगरपालिका, विकास साझेदार, सुरक्षा निकाय</td><td>मनसुन पूर्व</td><td>१००</td></tr>
<tr><td>१५</td><td>खोज तथा उद्धारको लागि समुदाय स्तरमा नमूना अभ्यास नियमिति गर्ने। (बाढी, आगलागी र भूकम्प) समुदायको सहभागितामा</td><td>,, ,,</td><td>सवै विषयगत प्रमुख, सुरक्षा निकाय र विकास साझेदार</td><td>मनसुन पूर्व</td><td>१०</td></tr>
<tr><td>१६</td><td>कम्तीमा नगरपालिकोको सार्वजनिक भवनहरुमा अग्नी समन यन्त्र (Fire extinguishers) अनिवार्य स्थापना गर्ने।</td><td>,, ,,</td><td>सवै विषयगत प्रमुखहरु, वडा कार्यलय, विकास साझेदार</td><td>मनसुन पूर्व</td><td>१००</td></tr>
<tr><td>१७</td><td>बाढी, पहिरो, अगलागी तथा भुकम्पको समयमा तत्कालीन आवासको लागि सुरक्षित स्थानहरूको अग्रिम पहिचान गरी राख्ने ।</td><td>,, ,,</td><td>सवै विषयगत प्रमुखहरु, वडा कार्यलय, विकास साझेदार</td><td>मनसुन पूर्व</td><td>संस्थागत पहल (खर्च नलाग्ने)</td></tr>
</table>

### ७.२.४ खाद्य तथा कृषि क्षेत्र विषयगत क्षेत्र

| सि नं | निकाय वा संस्था | नाम थर | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १. | फुङलिङ नगरपालिका आर्थिक समिति संयोजक | रुद्रकुमार मादेन | संयोजक | ९८४२६६०९६२ |
| २. | फुङलिङ नगरपालिका आर्थिक शाखा प्रमुख | दिपेन्द्र भटराई | सदस्य | ९८५२६८०८८४ |

| | | | | |
|---|---|---|---|---|
| ३. | नगरपालिका कृषि शाखा प्रमुख | विवेक पौडेल | प.सदस्य | ९८४३२८५५१६ |
| ४ | महिला विकास शाखा प्रमुख | सीता गुरुङ | सदस्य | ९८६२६६०३०० |
| ५ | उद्योग बाणिज्य संघ प्रतिनिधि | नारायण थापा | सदस्य | ९८५२६६००४५ |
| ६ | महिला जनप्रतिनिधि मध्ये मनोनित एकजना | भिमकला दर्जी | सदस्य | ९८२४०५०१७४ |
| ७ | कृषक सञ्जाल प्रतिनिधि | | सदस्य | |
| ८ | जिल्ला सहकारी संघ | टामन सिग्देल | सदस्य | ९८५२६८१४१६ |
| ९ | यातायात व्यवसायी संघ प्रतिनिधि | शरण लिम्बु | सदस्य | ९८५२६६०५६७ |

**खाद्य तथा कृषि विषयगत क्षेत्रगत उद्देश्य**

- यो विषयगत क्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्न जिम्मेवारी निर्वाह गर्ने ।
- विपदमा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गर्ने वातावरण वनाउने ।
- सुत्केरी महिला, दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला जस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध भएको सुनिश्चितता गर्ने ।

## खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्यको लागि पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू, वितरक कम्पनीहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यलय, उद्योग बाणिज्य संघ, कृषक सञ्जाल | आवश्यकता अनुसार वर्षमा २ पटक मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | विपद्बाट प्रभावित हुनसक्ने ३२८४ घरपरिवारको लागि खाद्यान्न १५ दिनका लागि (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने), जोखिममा पर्न सक्ने लक्षित वर्गको लागि आवश्यक खाद्यान्न तयार गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यलय, उद्योग वाणिज्य संघ, कृषक सञ्जाल | वर्षमा २ पटक मनसुन पूर्व | ६,१५७ जोडकोष |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यलय, | वर्षमा २ पटक मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यलय, उद्योग वाणिज्य संघ, कृषक सञ्जाल | वर्षमा १ पटक मनसुन पूर्व | ५० |
| ५ | ३२८४ घरधुरीको लागि एक हप्ताको खाद्यान्न सामग्री भण्डारण गर्ने। खाद्यान्नको मापदण्ड तयार गरि सोहि अनुसार कार्यन्वयन गराउने | खाद्य तथा कृषि क्षेत्र | व्यापार संघ रेडक्रस, गैसस | मनसुन पूर्व | ४७८ |
| ६ | विपद् भएको दिनको पहिलो दिन देखि नै क्याम्प निर्माण गरी विस्थापीतहरुलाई खाना खुवाउनको लागि उद्योग वाणिज्य संघसंग समन्वय गर्ने। | खाद्य तथा कृषि क्षेत्र | उद्योग बाणिज्य संघ | विपदको बेलामा | संस्थागत पहल (खर्च नलाग्ने) |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट |
|---|---|---|---|---|---|
| | संरक्षण प्रदान गर्नुपर्ने जस्तै किशोरी, महिला, बालबालिकाका निम्ति सुरक्षा निकायसंग आवश्यक समन्वय गर्ने। | | | | |
| ७. | कृषिक्षेत्रमा भएको क्षतिको विवरण लिनको लागि प्राविधिक टोलीलाइ आवश्यक फर्मेट सहित तयारी हालतमा राख्ने । | खाद्य तथा कृषि क्षेत्र | समग्र ब्यवस्थापन, खोज तथा उद्दार | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

### ७.४.३ स्वास्थ्य तथा पोषण क्षेत्र

| सि नं | निकाय वा सस्था | नामथर | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १. | नगरपालिका सामाजिक विकास समिति संयोजक | क्षितिज सुनुवार | संयोजक | ९८४३८९९७७० |
| २. | स्वास्थ्य शाखा - शाखा प्रमुख | मञ्जु गुरुङ | प.सदस्य | ९८४४७८२२२९ |
| ३. | द्रुत लेखाजोखा टोली (RRT) प्रतिनिधि | | सदस्य | |
| ४. | मनोनित स्वंयसेविका | कमलादेवी बस्नेत | सदस्य | ९८४२६६३९६९ |
| ५. | महिला जनप्रतिनिधि मनोनित | कमला खत्री | सदस्य | ९८६३८८९३८१ |
| ६. | नीजि फार्मेसी तथा अस्पतालका प्रतिनिधि | जिल्ला अस्पताल ताप्लेजुङ | सदस्य | ०२४४६०१८८ |
| ७. | पशु विकास शाखा | हर्कमति लिम्बु | सदस्य | ९८४२६४२१९६ |

## स्वास्थ्य तथा पोषण क्षेत्र विषयगत क्षेत्रगत उद्देश्य

- यस विषयगत क्षेत्रले विपद्का कारण घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने,
- महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने,
- महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषयक्षेत्रले कोभिड-१९, डेंगु, लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिबिर सञ्चालन, मानवस्रोत परिचालन जस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र विरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

**तालीका नम्वर ४४: स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने ४००० जनाको लागि, (बालबालिका, दीर्घ रोगी आदिको तथ्याङ्क अनुरुप आवश्यक खाद्यान्न तयारी गरि राख्ने। नियमित औषधि सेवन गर्ने रोगीहरुको समेत तथ्याङ्क अनुरुप औषधिको निरन्तरताका निम्ति आवश्यक औषधि भण्डारण पूर्वतयारी।) | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यलय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व बर्षा १ पटक | १०० |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team–RRT) लाई पूनर्ताजगी तालीम तथा सामग्री व्यवस्थापन । | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यलय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व बर्षा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यलय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व बर्षा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
